# *राजव्यूह* उपन्यासको समाजभाषिक अध्ययन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली
भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह,
एम.एड., द्वितीय वर्षको नेपा.शि. ५९८
पाठ्यांशको प्रयोजनका
लागि प्रस्तुत

**शोधपत्र**

मिनाक्षी गदाल
९-२-३८६-१७१-२०१०
२४०००६४/२०७५

नेपाली भाषा शिक्षा विभाग,
सप्तगण्डकी बहुमुखी क्याम्पस,
भरतपुर, चितवन
२०८०/२०२३

## प्रतिबद्धतापत्र

*‘राजव्यूह* उपन्यासको समाजभाषिक अध्ययन’ शीर्षकको यस शोधपत्रमा उपयोग र प्रयोग गरिएका सन्दर्भ सामग्रीहरू जेजसरी सम्पादन गरिएको भए पनि ती सबैलाई गर्भे टिप्पणीका आधारमा पुष्टि गरिएको छ । मैले प्रस्तुत गरेका सबै विषयवस्तुहरू मौलिक छन् र यस शोधपत्रमा कुनै पनि अंश प्रतिलिपिगत, प्रकाशित र शोधप्रयोजन स्वरूप उपाधि लिन कुनै पनि विश्वविद्यालयमा प्रस्तुत गरिएको छैन भनी उद्घोष गर्दछु ।

मिति : २०८०।०४।१५

सन् :  ३१ जुलाई, २०२३

............................

मिनाक्षी गदाल

शोधार्थी

## शोधनिर्देशकको सिफारिसपत्र

'*राजव्यूह* उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकमा शोधार्थी मिनाक्षी गदालले गरेको शोधले म सन्तुष्ट छु । यस शोधकार्यले सम्बन्धित पक्ष सबैलाई प्रत्यक्ष फाइदा पुग्नेमा म विश्वस्त छु र आवश्यक मूल्याङ्कनका लागि सप्तगण्डकी क्याम्पस, नेपाली विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०८०।०४।२१

सन् : ०६ अगस्ट, २०२३

..........................

सरोज दवाडी

शोधनिर्देशक

सहायक प्राध्यापक

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

## कृतज्ञताज्ञापन

प्रस्तुत '*राजव्यूह* उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत दोस्रो वर्षको नेपा.शि. ५९८ अध्ययनपत्र पाठ्याशको प्रयोजनार्थ तयार पारिएको हो । सर्वप्रथमतः प्रस्तुत उपन्यासका लेखक अर्थात् शोधनायक राधा पौडेलप्रति हार्दिक कृतज्ञताज्ञापन गर्न चाहन्छु, जसको उपन्यासका कारण मैले आफ्नो शोधकार्यमा प्रस्तुत पुस्तकको माध्यमबाट अनुसन्धान कार्य गर्ने अवसर प्राप्त गरेकी छु ।

प्रस्तुत शोधको उपर्युक्त शोधशीर्षक छनोट तथा शोधप्रस्ताव स्वीकृत गरी शोधकार्य गर्ने अवसर प्रदान गर्नुहुने सप्तगण्डकी बहुमुखी क्याम्पसको नेपाली भाषा शिक्षा विभागाध्यक्ष गुरुआमा विन्दु पौडेल (वस्ती) प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । यस शोधकार्यलाई पूर्ण गराउन हरतरहले प्रत्यक्ष रूपमा सहयोग गर्नुहुने शोधनिर्देशक गुरु सरोज दवाडीज्यूको प्रत्यक्ष निर्देशन र आफ्नो व्यस्तताका बाबजुद पनि शोधलेखनको सम्बन्धमा आफ्नो अमूल्य समय र सुझाउहरू दिनुभएकोमा उहाँप्रति हार्दिक आभार प्रकट गर्दछु ।

शोधपत्र तयार गर्ने क्रममा सैद्धान्तिक पुनरावलोकनका निम्ति सामग्री प्रयोग गरिएका सामग्रीका लेखकहरू हेमाङ्गराज अधिकारी, रामचन्द्र लम्साल, पारसमणि भण्डारी, शान्तिप्रसाद ढकाल र माधवप्रसाद पौडेलका कृतिहरूको सहयोग लिइएको छ । प्रायोगिक पुनरावलोकनका सामग्रीका रूपमा पार्वती न्यौपाने, बालकुमारी काफ्ले, कविता पाल, सकुन रिजाल, पार्वती रिजाल, कोमल धामी, कविता अधिकारी, प्रतिमा पौडेल र सपना शर्माका शोधपत्रहरूको सहयोग लिइएकोले उहाँहरूप्रति कृतज्ञ छु ।

मलाई जन्म दिएर उचित शिक्षादीक्षाका साथ सङ्घर्षका लागि प्रथप्रदर्शन गरी उज्ज्वल भविष्यको कामना गर्दै हरेक परिस्थितिमा साथ र सहयोग दिनुहुने मेरी ममतामयी आमा देव कुमारी गदाल र पुजनीय पिता राज बहादुर गदालप्रति म सधैँ कृतज्ञ छु । हरेक कोणबाट हौसला र सहयोग प्रदान गरी अगाडि बढ्न प्रेरित गर्नुहुने मेरा श्रीमान् महेन्द्र पोखेललाई पनि सम्झन चाहन्छु । परिवारबाट अध्ययनका लागि सदैव हौसला र प्रोत्साहित गर्नुहुने आदरणीय सासूआमा, ससुराबा, दिदी, दाइ, भाउजूहरूलाई पनि सम्झन चाहन्छु । शोधकार्यमा प्रत्यक्ष र परोक्षरूपमा सहयोग गर्ने साथीहरू सावित्रा, कुमारी, आशा, अनिता, कविता र प्रतिमा तथा टङ्कनमा सहयोग गर्नुहुने दाजु जीवन ढुङ्गानाप्रति पनि कृतज्ञ छु ।

अन्त्यमा, प्रस्तुत शोधपत्रको उचित मूल्याङ्कनका लागि सप्तगण्डकी क्याम्पस, नेपाली भाषा शिक्षा विभागसमक्ष पेस गर्दछु ।

..............................................

मिति : २०८०।०४।१५ — मिनाक्षी गदाल

सन् : ३१ जुलाई, २०२३ — शोधार्थी

## शोधसार

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय सप्तगण्डकी बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको नेपाली शिक्षा ५९८ पाठयांशको प्रयोजनका लागि तयार गरिएको छ । यस शोधपत्रको शीर्षक '*राजव्यूह* उपन्यासको समाजभाषिक अध्ययन' रहेको छ । *राजव्यूह* उपन्यासमा प्रयुक्त कथानकका आधारमा उपन्यासको विश्लेषण, उपन्यासका पात्रहरूलाई समाजभाषिक आधारमा वर्गीकरण, चयन, विचलन र समानान्तरताका आधारमा उपन्यासको भाषिक विश्लेषण गर्नु यस शोधपत्रको उद्देश्य रहेको छ ।

प्रस्तुत शोधकार्यको शीर्षक '*राजव्यूह* उपन्यासको समाजभाषिक अध्ययन' रहेको छ । *राजव्यूह* (२०८०) उपन्यास कैलाश कोइराला (२०२६) द्वारा लेखिएको हो । नेपाली साहित्यको क्षेत्रमा एक नवोदित व्यक्तित्व हुन् कैलाश कोइराला । कोइराला साहित्यका माध्यमबाट समाज र राष्ट्रमा व्याप्त विकृति, विसङ्गति र विभेदलाई उजागर गरी सुसंस्कृत, सभ्य र विभेदरहित समाजको परिकल्पना गर्दै अगाडि बढिरहेका एक अथक योद्धा हुन् । उनको एकै वर्ष अर्थात् २०८० सालमा *राजव्यूह* (उपन्यास) र *म* (कवितासङ्ग्रह) प्रकाशित भएका छन् । यसरी एकै वर्ष दुईवटा पुस्तकाकार कृति प्रकाशित गरी कोइराला नेपाली साहित्याकाशमा उदाएका छन् । अहिलेसम्म कविता र उपन्यासको क्षेत्रमा कलम चलाएका कोइरालाले कविताविधाबाट साहित्यिकयात्रा प्रारम्भ गरेका हुन् । उनले आफूलाई निखार्दै फुटकर रूपमा कथा र निबन्ध विभिन्न पत्रपत्रकामा प्रकाशित गराउँदै आएका उनका एक कविता र एक उपन्यास गरी दुई पुस्तकाकार कृति प्रकाशित गराएका छन् ।

*राजव्यूह* उपन्यासको विषयवस्तुको गुण भने अत्यन्त बोझिलो अर्थात् घुमाउरो रहेको छ । उपन्यासमा म पात्रका माध्यमबाट समाजमा व्याप्त विकृति, विसङ्गति, प्रेमप्रणय र राजनीतिक खिचातानीलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् । राजनीतिककर्मीले गर्ने विविध प्रकारका अशिष्ट, अशोभनीय र निन्दनीय कार्यलाई सरल भाषाशैलीको माध्यमबाट मार्मिक रूपमा प्रस्तुत गरिएको छ । सरल भाषाशैली भए तापनि दार्शनिक चेतले भरिएका वाक्य तथा शब्दहरूका साथै प्रस्तुतिमा स्पष्टता पनि उपन्यासकारको साहित्यिक चेत हो ।

भाषा समाजको प्रतिबिम्ब हो । समाजको भाषापरक अध्ययन नै समाजभाषिक अध्ययन हो । समाज र भाषाविज्ञान, भाषा र समाजबीचका विभिन्न सम्बन्धको अध्ययन भएकाले यसको अध्ययन क्षेत्र व्यापक हुन्छ । समाजबिना भाषाको कुनै पनि किसिमको अध्ययन पूर्ण नहुने भएकाले भाषाको महत्त्व सामाजिक धरातलसम्म रहन्छ । भाषा मानव समुदायको अत्यन्त आवश्यक एवम् महत्त्वपूर्ण वस्तु भएकाले यसकै माध्यमबाट मानिसले आफ्ना सम्पूर्ण कार्यव्यवहारहरू गरेका हुन्छन् । भाषाको सामाजिक संस्कृति, मूल्य र

मान्यताको खोजी गर्ने तथा अन्तर्सम्बन्धको विश्लेषण, भाषिक स्तर, सामाजिक भाषाप्रतिको धारणा र समाजको स्तरअनुकूल भाषाको प्रयोग समाजभाषिक अध्ययन गरिन्छ । यसैले प्रस्तुत शोधकार्यमा *राजव्यूह* उपन्यासको समाजभाषिक अध्ययन विश्लेषण गरिएको छ ।

प्रस्तुत अध्ययनको अध्याय एकमा शोधपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, अध्ययनको औचित्य र सीमाङ्कन र सारांश राखिएको छ । अध्याय दुईमा सम्बन्धित कार्यको पुनरावलोकन र सैद्धान्तिक पुनरावलोकनको समीक्षा गरिएको छ । सैद्धान्तिक अवधारणाअन्तर्गत सैद्धान्तिक पृष्ठभूमि, समाज भाषाविज्ञानको परिचय, समाज भाषाविज्ञानको क्षेत्र र भाषिक भेदलाई समावेश गरिएको छ । यस्तै भाषाको सामाजिक भेदअन्तर्गत लैङ्गिक भेद, वर्गीय भेद, शैक्षिक भेद र राजनैतिक भेदको चर्चा गरिएको छ । एउटै समाजभित्र आआफ्ना परम्परा र मान्यतामा आधारित रहेर बस्दा तिनको बोलीमा पृथकीकरण रहन्छ । यही नै भाषिक विविधता हो । समाजमा भाषिका पैदा हुने प्रमुख कारणहरूमा समुदायका वर्गगत, लिङ्गगत, शैक्षिक र राजनैतिक आदि विभिन्न भेदहरू रहेका हुन्छन् । यिनकै चर्चा यस अध्यायमा गरिएको छ । अध्याय तीनमा अनुसन्धानका सिलसिलामा प्रयोग गरिएका शोधविधि तथा अध्ययन प्रक्रियालाई प्रस्तुत गरिएको छ जसमा अनुसन्धानको ढाँचा, नमुना छनोट प्रक्रिया, सामग्री सङ्कलनको स्रोत रहेका छन् । अध्याय चारमा सामग्री सङ्कलनबाट प्राप्त तथ्यहरूको व्याख्या तथा विश्लेषण गरिएको छ । भौगोलिक बनोटका आधारले भाषालाई प्रत्यक्ष र अप्रत्यक्ष रूपमा प्रभाव पार्ने कुराको चर्चा पनि गरिएको छ । अध्याय पाँचमा यस उपन्यासका पात्रहरूले प्रयोग गर्ने लैङ्गिक, वर्गीय, उमेरगत आधारमा भाषिक विश्लेषणको चर्चा गरिएको छ । पात्रहरूको भाषिक प्रयोगमा विविधता रहेको पाइन्छ । लैङ्गिक आधारमा यस उपन्यासका पुरुष पात्र र महिला पात्रले प्रयोग गरेको भाषामा पनि भिन्नता पाउन सकिन्छ । यस्तै वर्गीय आधारमा उच्च, मध्यम र निम्न वर्गका पात्रहरूले प्रयोग गर्ने भाषामा पनि भिन्नता रहेको पाइन्छ भनै शैक्षिक आधारमा पनि शिक्षित र अशिक्षित पात्रको भाषा प्रयोगमा भिन्नता रहेको पाइन्छ साथै राजनैतिक आधारमा पनि भाषिक प्रयोगमा भिन्नता रहेको स्पष्ट रूपमा देखिन्छ । अध्याय छ शोधकार्यको अन्तिम अध्याय हो । यस अध्यायमा अघिल्ला पाँच अध्यायको सारांश, निष्कर्षका साथै उपादेयता प्रस्तुत गरिएको छ । अन्त्यमा सन्दर्भ ग्रन्थसूचीका साथै व्यक्तिवृत्त प्रस्तुत गरी शोधकार्य समाप्त गरिएको छ ।

# सङ्क्षिप्त रूपसूची

| | | |
|---|---|---|
| उ.मा.वि. | : | उच्च माध्यमिक विद्यालय |
| एम.एड. | : | मास्टर्स अफ एजुकेसन |
| एस.एल.सी. | : | स्कुल लिभिङ सर्टिफिकेट |
| क्र.सं. | : | क्रम सङ्ख्या |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | : | दोस्रो संस्करण |
| नेपा.शि. | : | नेपाली शिक्षा |
| नं. | : | नम्बर |
| प्रा.लि. | : | प्राइभेट लिमिटेड |
| पृ. | : | पृष्ठ |
| पृपृ. | : | पृष्ठदेखि पृष्ठसम्म |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| सि.ए. | : | चार्टर्ड एकाउन्टेन्ट |
| संस्क. | : | संस्करण |
| स्व.वि.यु. | : | स्वतन्त्र विद्यार्थी युनियन |
| वी.पी. | : | विश्वेश्वरप्रसाद |

# विषयसूची

*आवरण*
*प्रतिबद्धतापत्र*
*शोधनिर्देशकको सिफारिसपत्र*
*स्वीकृतिपत्र*
*कृतज्ञताज्ञापन*
*शोधसार* क
*सङ्क्षिप्त रूपसूची* ग
*विषयसूची* घ
*तालिकासूची* ज
*चित्रसूची* झ
*चिन्हसूची* ञ

**अध्याय एक : शोधपरिचय** पृष्ठ
पृष्ठभूमि १
समस्याकथन २
शोधकार्यको उद्देश्य २
अध्ययनको औचित्य ३
सीमाङ्कन ३
पारिभाषिक शब्दावली ३
सारांश ४

**अध्याय दुई : सम्बन्धित कार्यको पुनरावलोकन**
सैद्धान्तिक पुनरावलोकन ५
प्रायोगिक पुनरावलोकन ७
अनुसन्धानमा सम्बन्धित कार्यको पुनरावलोकनको अनुप्रयोग ११
समाज भाषाविज्ञानको सैद्धान्तिक अवधारणा १२
समाज भाषाविज्ञानको परिचय १४
    समाज भाषाविज्ञानको क्षेत्र १६

सामाजिक भेद १७

प्रयोजनपरक/विषयगत भेद २१

प्रसङ्गगत भेद २२

क्षेत्रीय भेद २२

माध्यमगत भेद २२

सारांश २३


**अध्याय तीन : अनुसन्धान विधि**


अनुसन्धानको ढाँचा २५

नमुना छनोट प्रक्रिया २५

सामग्री सङ्कलन प्रक्रिया २५

सामग्री सङ्कलनका साधन २६

सामग्री सङ्कलन २६

अवधारणात्मक ढाँचा २६

नतिजा र छलफल २७

शोधपत्रको रूपरेखा २७

सारांश २८


**अध्याय चार : *राजब्यूह* उपन्यासका पात्रहरूको परिचयात्मक वर्गीकरण**


पृष्ठभूमि २९

वर्गका आधारमा उपन्यासका पात्रहरू २९

उच्च वर्गका पात्रहरू २९

मध्यम वर्गका पात्रहरू ३०

निम्न वर्गका पात्रहरू ३०

उमेरका आधारमा पात्र ३१

बाल पात्रहरू ३१

युवा पात्रहरू ३१

प्रौढ पात्रहरू ३२

वृद्ध पात्र ३२

लैङ्गिक आधारमा भाषिक स्थितिको विश्लेषण ३३

पुरुष पात्र ३३

स्त्री पात्रहरू ३४

शैक्षिक आधारमा भाषिक स्थितिको विश्लेषण ३५

शिक्षित पात्र ३६

अशिक्षित पात्र ३६

राजनैतिक आधारमा भाषिक स्थितिको विश्लेषण ३७

सारांश ३८

**अध्याय पाँच : *राजब्यूह* उपन्यासका पात्रहरूको भाषिक प्रयोग**

पृष्ठभूमि ३९

वर्गका आधारमा भाषिक प्रयोग ३९

उच्च वर्गका पात्रहरू ३९

मध्यम वर्गका पात्रहरू ४२

निम्न वर्गका पात्रहरू ४३

उमेरगत आधारमा भाषिक प्रयोग ४५

बाल पात्रहरू ४५

युवा पात्रहरू ४५

प्रौढ तथा वृद्ध पात्रहरू ४६

लैङ्गिक आधारमा भाषिक प्रयोग ४७

पुरुष पात्रहरू ४७

स्त्री पात्रहरू ४८

शैक्षिक आधारमा भाषिक स्थितिको विश्लेषण ४९

शिक्षित पात्र ५०

अशिक्षित पात्र ५०

राजनैतिक आधारमा भाषिक प्रयोग ५१

सारांश ५२

**अध्याय छ : सारांश, निष्कर्ष र उपादेयता**

सारांश ५४

निष्कर्ष ५६

उपादेयता ५७

नीतिगत तह ५८

प्रयोगगत तह ५८

सन्दर्भ सामग्रीसूची

व्यक्तिवृत्त

# तालिकासूची


| तालिका सङ्ख्या | | पृष्ठ |
|---|---|---|
| १ | पात्रहरूको वर्गगत वर्गीकरण | ३१ |
| २ | पात्रहरूको उमेरगत वर्गीकरण | ३३ |
| ३ | पात्रहरूको लिङ्गगत वर्गीकरण | ३५ |
| ४ | शैक्षिक आधारमा पात्रहरूको वर्गीकरण | ३७ |

# चित्रसूची


| रेखाचित्र सङ्ख्या | | पृष्ठ |
|---|---|---|
| १ : | शोधपत्रको ढाँचा | २६ |

# चिन्हसूची

| चिन्ह | अर्थ |
|---|---|
| ; | अर्धविराम |
| , | अल्पविराम |
| “ ” | कसैको प्रत्यक्ष उक्तिको उद्धरण गर्दा |
| ... | केही अंश छोडिएको |
| । | पूर्णविराम |
| ? | प्रश्नवाचक |
| - | योजक |
| / | विकल्प, पर्याय |
| ‘ ’ | विशेष जोड दिँदा |
| : | व्याख्या/सापेक्ष |
| – | बाट |
| ( ) | पेटे टिप्पणी |

# अध्याय एक

# शोधपरिचय

## पृष्ठभूमि

प्रस्तुत शोधकार्यको शीर्षक '*राजव्यूह* उपन्यासको समाजभाषिक अध्ययन' रहेको छ । *राजव्यूह* (२०८०) उपन्यास कैलाश कोइराला (२०२६) द्वारा लेखिएको हो । नेपाली साहित्यको क्षेत्रमा एक उदाउँदै गरेका व्यक्तित्व हुन् कैलाश कोइराला । कोइराला साहित्यका माध्यमबाट समाज र राष्ट्रमा व्याप्त विकृति, विसङ्गति र विभेदलाई उजागर गरी सुसंस्कृत, सभ्य र विभेदरहित समाजको परिकल्पना गर्दै अगाडि बढिरहेका एक साहित्यिक अथक योद्धा हुन् । उनको २०८० सालमा *राजव्यूह* (उपन्यास) र *म* (कवितासङ्ग्रह) प्रकाशित भएका छन् । यसरी एकै वर्ष दुईवटा पुस्तकाकार कृति प्रकाशित गरी कोइराला नेपाली साहित्याकाशमा उदाएका छन् । कोइरालाले आफूलाई असल व्यक्तिको रूपमा चिनाउन प्रयास गर्दै समाजको धुलो, मैलो पखाल्ने उद्देश्य लिई विद्यार्थीकालदेखि नै लोकतान्त्रिक विचार अँगालेर राजनीतिमा होमिएका छन् । युवा राजनीतिकर्मी, कवि, सामाजिक व्यक्तित्वका रूपमा आफूलाई चिनाउँदै आएका छन् । कोइरालाको जन्म एक साधारण परिवारमा भएकाले जहिले पनि अभाव, पीडा र दुःखमा नै बितेको कुरा कोइराला बताउँछन् । उनी सामाजिक अभियन्ताका साथै आफ्ना सिर्जनामा नयाँपन दिने हुटहुटी बोकेका सामाजिक व्यक्तित्वसमेत हुन् । कोइराला अहिलेको समय, परिस्थिति, परिवेश वा समसामयिक विषयवस्तुमा कलम चलाउने यथार्थवादी साहित्यकार हुन् । अहिलेसम्म कविता र उपन्यासको क्षेत्रमा कलम चलाएका कोइरालाले कविता विधाबाट साहित्यिकयात्रा प्रारम्भ गरेका हुन् । उनले आफूलाई निखार्दै फुटकर रूपमा कथा र निबन्ध विभिन्न पत्रपत्रिकामा प्रकाशित गराउँदै आएका उनका एक कविता र एक उपन्यास गरी दुई पुस्तकाकार कृति प्रकाशित गराएका छन् ।

*राजव्यूह* शीर्षकको औपन्यासिक कृति कैलाश कोइरालाद्वारा लिखित यसै वर्ष अर्थात् २०८० सालमा प्रकाशित भएको हो । यस उपन्यासको विषयवस्तुको गुण भने अत्यन्त कठिन अर्थात् घुमाउरो रहेको छ । उपन्यासमा म पात्रका माध्यमबाट समाजमा व्याप्त विकृति, विसङ्गति, प्रेमप्रणय र राजनीतिक खिचातानीलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत

गरेका छन् । राजनीतिककर्मीले गर्ने विविध प्रकारका अशिष्ट, अशोभनीय र निन्दनीय कार्यलाई सरल भाषाशैलीको माध्यमबाट मार्मिक रूपमा प्रस्तुत गरिएको छ । सरल भाषाशैली भए तापनि दार्शनिक चेतले भरिएका वाक्य तथा शब्दहरूका साथै प्रस्तुतिमा प्रस्टता पनि उपन्यासकारको साहित्यिक चेत हो ।

भाषा समाजको प्रतिबिम्ब हो । समाजको भाषापरक अध्ययन नै समाजभाषिक अध्ययन हो । समाज र भाषाविज्ञान, भाषा र समाजबीचका विभिन्न सम्बन्धको अध्ययन भएकाले यसको अध्ययन क्षेत्र व्यापक हुन्छ । समाजबिना भाषाको कुनै पनि किसिमको अध्ययन पूर्ण नहुने भएकाले भाषाको महत्त्व सामाजिक धरातलसम्म रहन्छ । भाषा मानव समुदायको अत्यन्त आवश्यक एवम् महत्त्वपूर्ण वस्तु भएकाले यसकै माध्यमबाट मानिसले आफ्ना सम्पूर्ण कार्यव्यवहारहरू गरेका हुन्छन् । भाषाको सामाजिक संस्कृति, मूल्य र मान्यताको खोजी गर्ने तथा अन्तर्सम्बन्धको विश्लेषण, भाषिक स्तर, सामाजिक भाषाप्रतिको धारणा र समाजको स्तरअनुकूल भाषाको प्रयोग समाजभाषिक अध्ययन गरिन्छ । यसैले प्रस्तुत शोधकार्यमा *राजव्यूह* उपन्यासको समाजभाषिक अध्ययन विश्लेषण गरिएको छ ।

## समस्याकथन

कुनै पनि नेपाली साहित्यिक कृतिलाई समाजवादी पद्धतिबाट विश्लेषण गर्ने क्रममा प्रस्तुत शोधपत्र '*राजव्यूह* उपन्यासको समाजभाषिक अध्ययन' शीर्षक नै समस्याको रूपमा रहेको छ र यसै शोधशीर्षकसँग सम्बद्ध शोधसमस्यामा आधारित भएर अध्ययन र विश्लेषण गरिएको छ । नेपाली साहित्यिक क्षेत्रमा देखापरेका उपन्यासमध्ये *राजव्यूह* उपन्यासमा नेपाली समाजको राजनैतिक, भौगोलिक, शैक्षिक, आर्थिक, क्रान्तिकारी, मनोवैज्ञानिक आदिको चित्र वास्तविक रूपमा प्रस्तुत भएको देख्न सकिन्छ । समाजमा विविध कारणबाट नारीले भोग्नुपरेका पीडालाई उपन्यासमा प्रस्तुत गरिएकाले यो प्रमुख शोधसमस्याको रूपमा रहेको छ ।

## शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्य निम्नलिखित उद्देश्यहरूमा केन्द्रित रहेका छन् :

(क) समाजभाषिक दृष्टिले *राजव्यूह* उपन्यासको भाषिक स्थितिको अध्ययन र विश्लेषण गर्नु,

(ख) *राजव्यूह* उपन्यासका पात्रहरूको राजनैतिक अवस्था र शैक्षिक अवस्थाका आधारमा भाषिक स्वरूपको अध्ययन र विश्लेषण गर्नु ।

## अध्ययनको औचित्य

प्रस्तुत शोधकार्यको मूल उद्देश्य समाजभाषिक आधारमा *राजव्यूह* उपन्यासका पात्रहरूले प्रयोग गरेका राजनीतिक भाषाशैलीको अध्ययनका साथै वर्गगत तथा शैक्षिक अवस्थाका आधारमा भाषिक स्वरूपको अध्ययन र विश्लेषण गरिएको छ । समाज सुधारका लागि उपन्यासमा प्रयुक्त पात्रहरूले के कस्ता भाषाको प्रयोग गरेका छन् भनी अध्ययन र विश्लेषण गरिएको छ । समाजको राजनीतिक, भौगोलिक, आर्थिक, मनोवैज्ञानिक, सामाजिक, शैक्षिक आदि विविध क्षेत्रको अध्ययन गर्नु यस शोधकार्यले विशेष भूमिका खेल्ने छ । यस अनुसन्धानबाट शोधशीर्षकसँग सम्बन्धित शोधकार्य तथा अध्ययनकार्य गर्न चाहने भावी शोधार्थी तथा अध्येतालाई अनुसन्धान गर्न, शिक्षकहरूलाई शिक्षण गर्नका लागि सहयोग गर्न, समाजभाषिक अध्ययनमा चासो राख्ने विद्यार्थी, समालोचक जुनसुकैका लागि पनि यो शोधकार्य महत्त्वपूर्ण हुने भएकाले यसको औचित्य र सान्दर्भिकता रहेको छ । त्यसैले '*राजव्यूह* उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकको प्रस्तुत अनुसन्धानको महत्त्व र औचित्य स्वतः पुष्टि भएको छ ।

## सीमाङ्कन

प्रस्तुत शोधकार्य कैलाश कोइरालाद्वारा लिखित *राजव्यूह* (२०८०) उपन्यासको समाजभाषिक अध्ययन विश्लेषणमा केन्द्रित रहेको छ । यस उपन्यासको भाषाशैली सरल र सहज रहेको छ । यस उपन्यासमा समाजभाषिक दृष्टिकोणले पात्रहरूको राजनीतिक अवस्था र शैक्षिक आधारमा पात्रहरूले प्रयोग गर्ने भाषाको आधारमा भाषिक स्थिति पत्ता लगाउनु प्रस्तुत शोधकार्यको मुख्य सीमा रहेको छ ।

## पारिभाषिक शब्दावली

प्रस्तुत शोधकार्यमा विशिष्ट अर्थमा केही शब्दहरूको प्रयोग हुने छन् । ती शब्दहरू र तिनीहरूका अर्थ निम्नानुसार रहेको छन् :

भाषा : सामाजिक सम्पर्कको प्रमुख माध्यम

भाषाशैली : कुनै पनि विषयवस्तुलाई प्रस्तुत गर्ने माध्यम वा तरिका

भाषिका : एउटै भाषामा देखिने भिन्नभिन्न रूप

व्यूह : युद्धका समयमा रचिने चक्राकार मोर्चा; बाटुलो आकारको सैन्यदलको मोर्चा । जाल; षड्यन्त्र

समाजभाषिक : समाजको आधारमा भाषाको अध्ययन गर्ने

वर्ग : कुनै जाति, पेसा, वर्ण, श्रेणी, स्तर, आकारप्रकार आदिको समूह ।

## सारांश

कैलाश कोइरालाद्वारा लिखित *राजव्यूह* (२०८०) उपन्यासको समाजभाषिक अध्ययन विश्लेषणमा केन्द्रित रहेको प्रस्तुत शोधपत्रको पहिलो अध्याय अध्ययनको पृष्ठभूमिमा लेखकको सङ्क्षिप्त परिचय, उनका कृतिहरूको सामान्य विवरण र सङ्क्षिप्त रूपमा समाज भाषाविज्ञानको परिचय पनि उल्लेख गरिएको छ । समस्याकथनमा *राजव्यूह* उपन्यासलाई समाजभाषिक पद्दतिका विभिन्न उपकरण र प्रक्रिया अवलम्बन गरी विश्लेषण गर्ने भन्ने कुरालाई खुलाइएको छ । यसैगरी यस अध्यायमा अध्ययनको औचित्यअन्तर्गत यस कृतिको भाषाशैलीका साथै लिङ्गगत, वर्गगत, शैक्षिक तथा राजनीतिक आधारमा प्रयोग गरिएका भाषिक स्वरूपको विश्लेषण गरिएको छ । नेपाली साहित्य तथा लोकपरम्पराको ऐतिहासिक महत्त्व रहेको यस उपन्यासको समाजभाषिक अध्ययनका दृष्टिले गरिने यो अध्ययन नितान्त नवीन र मौलिक हुने भएकाले शोधको औचित्य पुष्टि गरिएको छ । यस कृतिलाई अन्य पक्षबाट विश्लेषण नगरी समाजभाषिक आधारमा भाषाशैलीको अध्ययनका साथै लिङ्गगत, उमेरगत, वर्गगत, शैक्षिक र राजनैतिक आधारमा प्रयोग गरिएको भाषिक स्वरूपको आधारमा सीमित रही कृतिको विश्लेषण गरी सीमाङ्कनमा प्रस्तुत गरिएको छ । यसरी प्रस्तुत शोधपत्रको उपयोगिताअनुसार शोधकार्यको औचित्य र शोधले समेटेका कुराहरू उल्लेख गर्दै अन्त्यमा अध्यायको सङ्क्षिप्त सारांश समावेश गरी पहिलो अध्याय सम्पन्न गरिएको छ ।

## अध्याय दुई

## सम्बन्धित कार्यको पुनरावलोकन

सम्बन्धित कार्यको पुनरावलोकन भन्नाले कुनै पनि सम्बन्धित विषयमा केन्द्रित रहेर त्यसभन्दा पहिले के कस्ता कार्यहरू अनुसन्धान भएका छन् भनी अध्ययन गर्नु हो भन्ने बुझिन्छ । साहित्यकार कैलाश कोइरालाद्वारा लिखित *राजव्यूह* उपन्यासको समाजभाषिक अध्ययन र विश्लेषण गर्ने क्रममा समाजभाषासँग सम्बन्धित विभिन्न लेख, रचना, शोधपत्र, तथा पुस्तकहरू प्रकाशित भएका छन् तर यस उपन्यासको समाजभाषिक आधारमा गहन अध्ययन र विश्लेषण भने भएको देखिँदैन । प्रस्तुत शोधकार्य *'राजव्यूह* उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकसँग सम्बन्धित यस अघि गरिएका विभिन्न प्रकारका शोधकार्य तथा समाजभाषासँग सम्बन्धित लेख, रचना तथा पुस्तकहरूलाई आधार लिई प्रायोगिक र सैद्धान्तिक पूर्वकार्यलाई दुई भागमा विभाजन गरी समीक्षा गरिएको छ । ती सैद्धान्तिक र प्रायोगिक पुनरावलोकहरूको कालक्रमिक विवरण तल प्रस्तुत गरिएको छ ।

### सैद्धान्तिक पुनरावलोकन

प्रस्तुत अध्ययन कैलाश कोइरालाद्वारा लिखित *राजव्यूह* उपन्यासको समाजभाषिक अध्ययन गर्ने समस्यामा केन्द्रित रहेको छ । समाजभाषासँग सम्बन्धित विभिन्न विद्वान्हरूद्वारा लिखित विभिन्न कृतिहरूको समीक्षालाई सैद्धान्तिक पुनरावलोकनको रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

अधिकारी (२०५६) द्वारा लिखित *सामाजिक र प्रायोगिक भाषाविज्ञान* नामक पुस्तकमा सामाजिक भाषाविज्ञानको परिचय, भाषिक समुदाय, भाषा र सामाजिक सम्पर्क, भाषिक भेद, भाषाद्वैत, द्वैभाषिकता तथा बहुभाषिकता, भाषा योजना, भाषा योजनाका समस्या, भाषा योजना प्रक्रिया, नेपाली भाषाको मानकीकरण र आधुनिकीकरण, नेपालको भाषानीतिको बारेमा चर्चा गरिएको छ । यस पुस्तकमा भाषाको प्रयोग पक्षमा जोड दिनु, भाषा सामाजिक सम्प्रेषण एवम् व्यवहार महत्त्वपूर्ण मानिने, भाषाको वर्ण, रूप शब्द, वाक्यजस्ता भाषातत्त्वमा जोड दिनु, भाषालाई समाजसापेक्ष एवम् प्रयोग सन्दर्भ बनाउने कुरा निष्कर्षमा निकालिएको छ । उक्त पूर्वकार्यको अध्ययनले सम्पन्न गर्न लागिएको शोधकार्यमा सामाजिक भाषाविज्ञानको परिचय दिन र समाजभाषिक आधारमा उपन्यासको भाषाको बारेमा विश्लेषण गर्न सहयोग पुगेको छ ।

लम्साल र अन्य (२०६३) द्वारा लिखित *प्रायोगिक भाषाविज्ञान* नामक पुस्तकमा सामाजिक भाषाविज्ञानको परिचय र परिभाषा, भाषिक समुदाय, भाषा र समाजको सम्बन्ध, भाषिक भेद, भाषायोजना र नेपालका सन्दर्भमा भाषानीतिको बारेमा उल्लेख गरिएको छ। प्रस्तुत पुस्तकमा भाषाविज्ञानलाई भाषाको प्रमुख शाखाको रूपमा लिइएको पाइन्छ। उक्त पुस्तकको अध्ययनबाट कुनै पनि भाषाको सैद्धान्तिक पक्षको आधार तयार पार्न सहयोग पुगेको छ।

भण्डारी (२०६५) द्वारा लिखित *सामाजिक भाषाविज्ञान र मनोभाषाविज्ञान* नामक पुस्तकमा सामाजिक भाषाविज्ञान, भाषिक भेद, भाषिक समुदाय, भाषिक सर्वेक्षण, भाषानीति र योजना, नेपालको भाषिक स्थिति, सामाजिक भाषाविज्ञान र भाषाशिक्षणको बारेमा व्यापक चर्चा गरिएको पाइन्छ। समाजबिना भाषाको कुनै पनि किसिमको अध्ययन पूर्ण नहुने भएकाले भाषाको महत्त्व सामाजिक धरातलसम्म रहेको कुराको विश्लेषण गरिएको छ। यसका साथै यस पुस्तकमा भाषाको प्रयोगलाई जोड दिएको छ। प्रस्तुत पुस्तकमा पुरातनवादी सामाजिक र सांस्कृतिक संस्कारहरूलाई परिवर्तन गर्ने कुरा सामाजिक भाषाविज्ञानसँग सम्बन्धित रहने कुरा उल्लेख गरिएको छ। उक्त पुस्तकको अध्ययनबाट भाषा र समाजको सम्बन्ध पहिचान गर्न र समाजभाषिक अध्ययन गर्न सहयोग पुगेको छ।

ढकाल (२०७४) द्वारा लिखित *प्रायोगिक भाषाविज्ञान* नामक पुस्तकमा सामाजिक भाषाविज्ञानको परिचय र परिभाषा, भाषा र समाजको सम्बन्ध, भाषिक समुदाय, भाषिक भेदको बारेमा चर्चा गरिएको छ। प्रस्तुत पुस्तकमा भाषालाई सामाजिक, सांस्कृतिक र धार्मिक रीतिरिवाजको रूपमा हेर्ने भाषाविज्ञान हो भनिएको छ। भाषा सामाजिक वस्तु भएकाले वाक्प्रतीकका रूपमा चिनिने छ। भाषा विषय, स्थान, समय, कार्य र सन्दर्भका आधारमा फरकफरक हुन्छ भनेर पुस्तकमा परिभाषित गरिएको छ। उक्त पुस्तकको अध्ययनबाट भाषिक समस्या समाधानका उपाय तथा भाषा र समाजको सम्बन्धको विश्लेषण गर्न सहयोग पुगेको छ।

पौडेल (२०७५) द्वारा लिखित *सामाजिक र मनोभाषाविज्ञान* नामक पुस्तकमा सामाजिक भाषाविज्ञानको परिचय, भाषा र समाज, भाषिक भेद, भाषिक समुदाय, भाषानीति र योजना तथा नेपालको भाषिक स्थिति, सामाजिक भाषाविज्ञान र भाषा शिक्षण र भाषाको समाजपरक अध्ययनको बारेमा चर्चा गरिएको छ। प्रस्तुत पुस्तकमा भाषा सामाजिक वस्तु

भएकाले समाजबिना भाषाको कुनै पनि किसिमको अध्ययन पूर्ण नहुने भएकोले भाषाको महत्त्व सामाजिक धरातलसम्म रहन्छ । भाषा र संस्कृति त्यस भाषिक समुदायको सांस्कृतिक परम्परामा आधारित हुन्छ । भाषाको मानकीकरण तथा आधुनिकीकरण, सामाजिक मिश्रणसँगै भाषाको मिश्रित रूपको अध्ययन र विश्लेषण सामाजिक भाषाविज्ञानले गर्दछ भनिएको छ । उक्त पुस्तकको अध्ययनले प्रस्तुत शोधकार्यमा भाषाको परिचय र परिभाषाका साथै भाषा र समाजको बारेमा सैद्धान्तिक धारणा तयार पार्न सहयोग पुगेको छ ।

## प्रायोगिक पुनरावलोकन

कैलाश कोइरालाद्वारा लिखित *राजव्यूह* उपन्यासको समाजिक अध्ययन गर्नमा अध्ययन केन्द्रित रहेको छ । प्रस्तुत शोधको शीर्षक एवम् उद्देश्यसँग सम्बन्धित यसअघि भएगरेका विभिन्न शोधार्थीहरूको शोधपत्रलाई प्रायोगिक पुनरावलोकनको रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

न्यौपाने (२०७४) द्वारा *दुर्भिक्ष उपन्यासको समाजभाषिक विश्लेषण* शीर्षकमा शोधकार्य तयार गरिएको पाइन्छ । उक्त शोधकार्यमा वर्गीय आधारमा पात्रहरूको वर्गीकरण गर्नु, भाषाशैलीका दृष्टिले *दुर्भिक्ष* उपन्यासको समाजभाषिक अध्ययन गर्नु, लिङ्गगत, वर्गगत र शिक्षाका दृष्टिले विभेद भएको; प्रगतिवादी, सामाजिक यथार्थवादी उपन्यासमा निर्दलीय पञ्चायती समाजको चित्रण गरिएको उक्त उपन्यासको भाषाशैली सरल, सहज र स्पष्ट गद्यभाषाको प्रयोग गरिएको, महिलाहरूको भाषा लचिलो र मायालु भाषिक अभिव्यक्ति भएको र पुरुषको भाषामा आदर्श, दर्शन, आक्रोश, राजनीतिक चिन्तन बढी पाइने तथा युवा, पौढ र वृद्ध पात्रको प्रयोग गरी भाषा, भाषिका, भाषिक समुदाय, भाषिक भेद, भाषा योजना, भाषानीति, भाषाद्वैत, कोड मिश्रण, आगमन, लोपजस्ता कुरालाई अध्ययनको विषय बनाइएको कुरा निष्कर्षमा प्रस्तुत गरिएको छ । उक्त शोधकार्यको पुनरावलोकनले गर्न लागिएको शोधकार्यमा महिला र पुरुषको भाषा प्रयोग र भाषाको सैद्धान्तिक प्रारूप तयार पार्न सहयोग पुगेको छ ।

रोसेरा (२०७४) द्वारा *नम्रता उपन्यासको समाजभाषिक विश्लेषण* शीर्षकमा शोधकार्य तयार गरिएको छ । उक्त शोधकार्यमा भाषा, भाषिका, समुदाय, भाषिक भेद, द्विभाषिकता, बहुभाषिकता, भाषाद्वैत, भाषायोजना, भाषानीति, कोडमिश्रणको विश्लेषण गर्नु,

वर्गगत, लिङ्गगत उमेरगत र शैक्षिक अवस्थाका आधारमा व्यक्तिहरूको समाजमा छुट्टाछुट्टै भूमिका रहनु, उपन्यासका पात्रहरूले प्रयोग गर्ने भाषाका वर्गगत स्वरूपको विश्लेषण गरिएको छ । यस उपन्यासमा नारीले भोग्नुपरेका दुःख, पीडा, बाध्यता र विवशताको चित्रण गर्नु, भाषिक प्रयागका दृष्टिले मानक, स्तरीय, व्याकरणसम्मत भाषाको प्रयोग गर्नु, गरिब नेपाली जनमानसले भोग्नुपरेका दुःख, कष्ट र सामन्ती सोचले मौलाएका कुराको चित्रण गर्नु, उमेरका आधारमा शिक्षित र अशिक्षित पात्रहरूको भाषामा विभेद रहेको निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधकार्यको अध्ययनले प्रस्तुत शोकार्यमा उपन्यासको भाषाशैलीको अध्ययन गर्न अत्यन्त ठुलो सहयोग पुगेको छ ।

काफ्ले (२०७५) द्वारा *हारजित कथाको समाजभाषिक अध्ययन* शीर्षकमा शोधकार्य तयार गरिएको छ । उक्त शोधकार्यमा भाषिक सिद्धान्तका आधारमा *हारजित* कथाको समाजभाषिक अध्ययन गर्नु, कथामा पात्रहरूले प्रयोग गर्ने भाषाको उमेरगत, लिङ्गगत, वर्गगत, धार्मिक, शैक्षिक र पेसागत अवस्थाका आधारमा भाषिक प्रयोगको स्थिति पत्ता लगाउनु, ग्रामीण परिवेशको बोलीचाली, रहनसहन बढी रहेको, धार्मिक र सांस्कृतिक कुरामा जोड दिएको पाइन्छ । कथामा उच्च वर्ग र निम्न वर्गका पात्रहरूले प्रयोग गर्ने भाषिक व्यवहारको विश्लेषण गरिएको कुरा निष्कर्षमा निकालिएको छ । उक्त शोधकार्यको अध्ययनबाट समाजभाषाको सैद्धान्तिक प्रारूप तयार पार्न सहयोग पुगेको छ ।

धामी (२०७५) द्वारा *निर्वाण उपन्यासको समाजभाषिक अध्ययन* शीर्षकमा शोधकार्य तयार गरिएको छ । उक्त शोधकार्यमा उच्च, मध्यम र निम्न वर्गीय नेपालको पहाडी जिल्लादेखि विदेशसम्मको क्षेत्र ओगटेको पाइन्छ । उक्त उपन्यासमा ज्ञानको अभावले सही समयमा निर्णय लिन नसक्नु,  लैंगिक आधार, वर्गगत, उमेरगत र शैक्षिक अवस्थाका आधारमा भाषिक प्रयोगको स्थिति पत्ता लगाउनुजस्ता उद्देश्य रहेको पाइन्छ । सरल र सहज भाषाशैलीको प्रयोग हुनु, स्थान र परिवेश पात्रअनुकूल हुनु, वर्गीय आधारमा भाषिक विभेद हुनु, नेपाली भाषाको मानक स्वरूपको प्रयोग गरिएको र यसमा पुस्तकालयीय विधि, वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको निष्कर्ष शोधकार्यमा निकालिएको छ । उक्त शोधकार्यको अध्ययनले प्रस्तुत शोधकार्यमा पात्रहरूले प्रयोग गर्ने भाषाको वर्गगत, लिङ्गगत, उमेरगत र शैक्षिक स्तरका आधारमा भाषिक प्रयोगको स्थिति पत्ता लगाउन सहयोग पुऱ्याएको छ ।

पाल (२०७५) द्वारा *मयूर टाइम्स उपन्यासको समाजभाषिक अध्ययन* शीर्षकमा शोधकार्य तयार गरिएको छ । उक्त शोधकार्यमा समाजभाषिक सिद्धान्तका आधारमा *मयूर टाइम्स* उपन्यासको भाषाशैलीको अध्ययन गर्नु, उपन्यासका पात्रहरूको वर्गीय आधारमा वर्गगत, लिङ्गगत, उमेरगत र शैक्षिक अवस्थाको आधारमा भाषिक स्वरूप पत्ता लगाउनुका साथै पात्रहरूको परिचयात्मक वर्गीकरण गर्नुजस्ता उद्देश्य राखेर उक्त शोधकार्य तयार पारिएको छ । उक्त अध्ययनमा पुस्तकालयीय अध्ययन कार्यका साथै वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । उक्त उपन्यासमा मानक, स्तरीय र व्याकरणसम्मत भाषाको प्रयोग गरिएको, वर्गीय आधारमा मध्यम वर्गीय पात्रको बढी उपस्थिति रहेको, पुरुष पात्रले कठोर र महिला पात्रले कोमल र सरल भाषा प्रयोग गरेको निष्कर्ष निकालिएको छ । उक्त शोधकार्यको अध्ययनले गर्न लागिएको शोधकार्यमा पात्रहरूको भाषा, सामाजिक अवस्था र प्रसङ्गअनुरूपका विषयवस्तुको अध्ययन गर्न सहयोग पुऱ्याएको छ ।

रिजाल (२०७५) द्वारा *इन्साफ उपन्यासको समाजभाषिक अध्ययन* शीर्षकमा शोधकार्य तयार गरिएको छ । उक्त शोधकार्यमा वर्ग, उमेर, लिङ्ग र शैक्षिक अवस्थाका आधारमा वर्गीकरण गर्नु, उच्च वर्गले निम्न वर्गप्रति पशुतुल्य व्यवहार गर्नु, वर्णनात्मक र संवादात्मक शैलीको प्रयोग गर्नु, पात्रहरूले प्रयोग गर्ने भाषाको वर्गीय, लिङ्गगत, उमेरगत र शैक्षिक स्तरका आधारमा भाषिक प्रयोगको स्थिति पत्ता लगाउनुजस्ता उद्देश्यमा केन्द्रित रहेर अध्ययन गरिएको छ । उक्त उपन्यासको स्थानगत परिवेश मध्यमाञ्चल विकास क्षेत्र रहेको छ । सरल, सहज र स्थानीय भाषाशैलीको प्रयोग, निम्न वर्गीय परिवारको इमान्दारिता, आत्मीयता र मानवीयता तथा उच्च वर्गले प्रयोग गरेको भाषा स्तरीय, शुद्ध र मानक रहेको कुरा निष्कर्षमा प्रस्तुत गरिएको छ । उक्त शोधकार्यको अध्ययनबाट प्रस्तुत शोधकार्यमा  पात्रगत भेद र भाषाको सैद्धान्तिक विश्लेषण गर्न सहयोग पुऱ्याएको छ ।

शर्मा (२०७५) द्वारा *तादी किनारको गीत उपन्यासको समाजभाषिक अध्ययन* शीर्षकमा शोधकार्य तयार गरिएको छ । उक्त शोधकार्यमा समाजभाषिक सिद्धान्तका आधारमा *तादी किनारको गीत* उपन्यासको भाषाशैलीको अध्ययन गर्नु, उपन्यासमा पात्रलाई वर्गीय आधारमा उच्च र निम्न वर्गको भाषाको प्रयोग भएको, शिक्षित र अशिक्षितहरूको भाषिक प्रयोगमा शिक्षित वर्गले प्रयोग गरेको भाषाको वाक्यगठन मिलेको, आदरार्थी भाषाको

प्रयोग भएको तथा अशिक्षित वर्गमा रूढीवादी विचार भएको, रुखो तथा गालीगलौचपूर्ण एवम् ग्रामीण थेगोयुक्त भाषाको प्रयोग हुनुका साथै लैङ्गिक रूपमा महिला र पुरुषको भाषिक प्रयोगमा धेरै भिन्नता नरहे तापनि क्रियाको प्रयोगमा भिन्नता रहेको निष्कर्ष निकालिएको छ । उक्त शोधकार्यको पुनरावलोकनले प्रस्तुत शोधकार्यमा भाषाको सैद्धान्तिक प्रारूप तयार गर्न तथा भाषिक प्रयोगको बारेमा व्याख्या र विश्लेषण गर्न प्रशस्त मात्रामा सहयोग पुगेको छ ।

अधिकारी (२०७८) द्वारा *कर्णाली ब्लुज उपन्यासको समाजभाषिक विश्लेषण* शीर्षकमा शोधकार्य तयार पारिएको छ । उक्त शोधकार्यमा ग्रामीण परिवेशको बोलीचाली, रहनसहन, वर्गीय असमानतालाई यथार्थपरक रूपमा प्रस्तुत गर्नु, भौगोलिक तिक्तताको कारणले भोग्नुपरेको दुःख, कष्ट र जीविकोपार्जनका लागि साहूको भारी बोक्नुपर्ने बाध्यता प्रस्तुत गरिएको छ । उपन्यासमा सुदूर पहाड कालीकोट, सुर्खेत वरपरका क्षेत्र र सुदूर तराईको मटेरा, कटासे हुँदै नेपालगञ्जसम्मको भाषिक परिवेश रहेको छ । उपन्यासका पात्रहरू लैङ्गिक र वर्गीय आधारमा भाषिक प्रयोग गरिएको, पात्रहरूले आयआर्जनका लागि कृषिकर्म, व्यापार, कर्मचारी, भरिया तथा दैनिक मजदुरीका काम गर्ने तथा स्थानीय भाषा प्रयोग भएको निष्कर्ष निकालिएको छ । यस शोधकार्यको अध्ययनबाट सैद्धान्तिक प्रारूप तयार गर्न तथा भाषिक प्रयोगको बारेमा व्याख्या तथा विश्लेषण गर्न सहयोग पुगेको छ ।

पौडेल (२०७८) द्वारा *महारानी उपन्यासको समाजभाषिक विश्लेषण* शीर्षकमा शोधकार्य तयार पारिएको छ । उक्त शोधकार्यमा यस उपन्यासमा उच्च, मध्यम र निम्न वर्गीय पात्रहरूले प्रयोग गर्ने भाषा फरकफरक रहेको, छलकपट, षड्यन्त्र र प्रेमप्रसङ्गलाई विषयवस्तु बनाएको, उच्च, मध्यम र निम्न वर्गीय पारिवारिक पृष्ठभूमिका पात्रहरूको चित्रण हुनु, उच्च वर्गका पात्रहरूको भाषा स्तरीय, शुद्ध, आदरार्थी र मानक रहेको, मध्यम वर्गको भाषा मानक, शुद्ध र सामान्य आदरको प्रयोग भएको तथा निम्न वर्गको भाषामा सरलपन भए तापनि रुखो तथा गालीगलौचपूर्ण एवम् ग्रामीण थेगोयुक्त भएको; उपन्यासमा लेख्य चिन्हहरूको प्रयोग उपयुक्त स्थानमा भएको छ भन्ने निष्कर्ष निकालिएको छ । यस शोधकार्यको अध्ययनले भाषाको वर्गगत र लिङ्गत आधारमा भाषिक प्रयोगको स्थिति पत्ता लगाउन र भाषाको सैद्धान्तिक प्रारूप प्रस्तुत गर्न सहयोग पुगेको छ ।

शर्मा (२०७८) द्वारा *सइन उपन्यासको समाजभाषिक विश्लेषण* शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधकार्यमा उपन्यासमा रहेका पात्रहरूलाई वर्गीय रूपमा उच्च, मध्यम र निम्न वर्गका रहेका देखाइएको छ । उनीहरूको भाषिक स्थिति वर्गअनुसार उच्चस्तर र निम्नस्तरको रहेको, भाषा प्रयोगका आधारमा लैङ्गिक भिन्नता देखाइएको छ । उपन्यासमा द्वन्द्वग्रस्त नेपाली समाजको चित्रण, निराशावादी दृष्टिकोणयुक्त जनजीवन रहेको निष्कर्ष निकालिएको छ । उक्त शोधकार्यको अध्ययनबाट गर्न लागिएको प्रस्तुत अध्ययन कार्यको शोधविधिको छनोट गर्न, सैद्धान्तिक र प्रायोगिक पुनरावलोकन गर्न सहयोग पुऱ्याएको छ ।

विभिन्न शोधार्थी तथा लेखकहरूले पहिले गरिएका अध्ययन तथा कृतिहरूमा समाजका विभिन्न पक्षहरूलाई समेटेर समाजभाषिक अध्ययन गरिएको पाइन्छ । गर्न लागिएको शोधकार्यलाई पूर्ण गर्नका लागि सामाजिक भाषासँग सम्बन्धित समीक्षाहरूको अध्ययन गरिएको छ । हालसम्म *राजव्यूह* उपन्यासको समाजभाषिक अध्ययन नगरिएकाले यसै शीर्षकसँग आबद्ध रही अनुसन्धान गर्न आवश्यक ठानी माथि प्रस्तुत गरिएका सैद्धान्तिक तथा प्रायोगिक पुनरावलोकनहरूको सहयोग लिई '*राजव्यूह* उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकमा यस उपन्यासको समाजभाषिक अध्ययन गरिएको छ ।

## अनुसन्धानमा सम्बन्धित कार्यको पुनरावलोकनको अनुप्रयोग

कुनै पनि अध्ययन तथा अनुसन्धान गर्नुभन्दा पहिले गर्न लागिएको शीर्षक तथा अध्ययनको उद्देश्य तथा विषयसँग सम्बन्धित शोधअनुसन्धान, विभिन्न ग्रन्थ, पत्रिका पढेर तथा अध्ययन गरेर टिप्पणीमूलक समीक्षा गर्नु नै सम्बन्धित कार्यको पुनरावलोकनको अनुप्रयोग हो । सम्बन्धित कार्यको पुनरावलोकनले अध्ययन, अनुसन्धानलाई उपलब्धिमूलक बनाउनुका साथै सम्बन्धित विषयलाई जान्न र बुझ्न सहयोग पुगेको छ । समाजभाषासँग सम्बन्धित धेरै अध्ययन, अनुसन्धान र शोधकार्यहरू भएको पाइन्छ भने यसै विषयसँग सम्बन्धित लेख, रचनाहरू विभिन्न पत्रपत्रिका, बुकलेट तथा विद्युतीय माध्यम (इमेल, इन्टरनेट) मा प्रकाशित भएको पाइन्छ । पूर्वकार्यको अनप्रयोगबाट समस्यालाई विशिष्टीकरण गर्ने, समस्याको सैद्धान्तिक पृष्ठभूमि तयार पार्न, अवधारणा स्पष्ट पार्न, समस्यालाई परिभाषित गर्ने कुराहरू केकति महत्त्वपूर्ण छन् भन्ने पत्ता लगाउन सहयोग पुऱ्याएको छ

त्यसैले शोधार्थीलाई आफूले गर्न लागेका शोधमा गर्नुपर्ने कामको निर्देशन गरी निश्चित गन्तव्यमा पुऱ्याउन सहयोग गरेको छ ।

## समाज भाषाविज्ञानको सैद्धान्तिक अवधारणा

भाषा र समाज एक सिक्काका दुई अभिन्न पाटा हुन् । भाषा र सामाजिक अन्तर्सम्बन्धलाई अध्ययन गर्ने प्रायोगिक भाषाविज्ञानको शाखा नै सामाजिक भाषाविज्ञान हो । यसले भाषाको सम्पूर्ण पक्षको अध्ययन गर्दछ । समाजका विभिन्न जातजाति, भाषाभाषी, धर्म, संस्कृति, रीतिरिवाज, वर्ग, लिङ्ग, उमेर, शिक्षा, सम्प्रदायजस्ता पक्षहरूको प्रयोग भाषामा गरेको छ । भाषाको समाजसँगको सम्बन्ध तथा सामाजिक कार्यको अध्ययन सामाजिक भाषाविज्ञानले गर्दछ । अधिकारी (२०६२) भन्छन् - "भाषाको प्रयोग समाजमै हुन्छ । सामाजिक समूहको भाषिक परिचय, तिनको भाषाप्रति अभिवृत्ति, भाषाको सामाजिक भेद, द्विभाषिकता, बहुभाषिकता आदि भाषासँग सम्बन्धित सामाजिक पक्षहरू हुन्" (पृ. ३) । यस भनाइलाई हेर्दा अधिकारीले भाषाको प्रयोगपरक अध्ययनमा जोड दिएको पाइन्छ । यसले भाषालाई सन्दर्भनिरपेक्ष रूपमा अध्ययन गर्न खोज्दछ भन्ने बुझिन्छ । भाषाको अध्ययनलाई समाजसापेक्ष एवम् प्रयोग सन्दर्भगत बनाउँछ भनेर पनि बुझ्न सकिन्छ । *इन्साइक्लोपेडिक डिक्सनरी अफ अप्लाइड लिङ्ग्विस्टिक्स*ले सम्बन्धित भाषा र त्यसका क्षेत्रीय भेद, उपभेदको अध्ययन गर्ने भाषाविज्ञान सामाजिक भाषाविज्ञान हो । यसले समाजको आर्थिक स्तर, लिङ्ग र उमेरगत भेदलाई विश्लेषण गर्दछ । सामाजिक व्यवस्था, रीतिरिवाज, विश्वास, धर्म, संस्कृति आदिको पहिचान भाषाले गराउँछ । व्यक्तिले भाषा समाजबाटै सिक्छ र भाषाको प्रयोग उसले समाजबाट नै गर्छ । भाषाले सामाजिक संरचनालाई सङ्केत गर्छ अर्थात् समाजमा देखिने वर्ग, लिङ्ग, जातजाति, पेसा, धर्म, शिक्षा, सम्प्रदायजस्ता विभिन्न पक्षका आधारमा भाषाको प्रयोग भएको पाइन्छ । यसैगरी समाज भाषाविज्ञानको सैद्धान्तिक अवधारणाका सम्बन्धमा आफ्नो धारणा व्यक्त गर्दै फिसम्यान (सन् १९७२) भन्छन् - "सामाजिक भाषाविज्ञानलाई 'भाषाको समाजशास्त्र' नाम दिएका छन् । उनका अनुसार भाषाको समाजशास्त्रले कसले, कोसँग, कतिबेला, कस्तो प्रकारको भाषिका प्रयोग गरिरहेको छ भन्ने कुरासँग सम्बन्धित भएर भाषाको अध्ययन गर्दछ" (पृपृ. ४५-४६) । यसरी नै थापा (२०६९) भन्दछन् - "समाज भाषाविज्ञान र भाषाको समाजशास्त्रमा केही भिन्नता हुँदा हुँदै पनि दुवैलाई एउटै अर्थमा लिन सकिन्छ । आज समाज भाषाविज्ञानले नै

विश्वव्यापी मान्यता पाइसकेको छ" (पृ. ५) । सामाजिक भाषाविज्ञानले भाषालाई सार्वभौम रूपमा नहेरी समाजसापेक्ष रूपमा हेर्छ । यसले भाषिक तत्त्व (वक्ता, स्रोता, विषय, परिवेश, संस्कृति, सन्दर्भ, भूगोल, उद्देश्य) को अध्ययन एकीकृत रूपमा गर्छ । यसैक्रममा सामाजिक भाषाविज्ञानको बारेमा प्रष्ट्याउँदै अधिकारी (२०६२) भन्दछन् :

भण्डारी (२०६५) भन्छन् - "भाषाको सामाजिक कार्य, समाजमा भाषा प्रयोगको स्थिति, भाषिक सम्प्रेषण, भाषिक भेद, भाषिक समुदायको पहिचान, भाषासँग समाज र संस्कृतिको सम्बन्धलगायतको अध्ययन सामाजिक भाषाविज्ञानमा गरिन्छ" (पृ. ५) । यसमा समाजमा भाषाले अन्तर्क्रिया गर्ने प्रवृत्तिको अध्ययन गरिन्छ । हड्सन (सन् २००७) भन्छन् - "समाज भाषाविज्ञानलाई सामाजिक सम्बन्धमा गरिने भाषाको समाजसापेक्ष अध्ययन हो" (पृ. ४) । हड्सनेले भाषा र समाजको सम्बन्धमा जोड दिन्छन् । यसैगरी समाज भाषाविज्ञानको सैद्धान्तिक अवधारणाका सम्बन्धमा आफ्नो धारणा व्यक्त गर्दै फिसम्यान (सन् १९७२) भन्छन् - "सामाजिक भाषाविज्ञानलाई 'भाषाको समाजशास्त्र' नाम दिएका छन् । उनका अनुसार भाषाको समाजशास्त्रले कसले, कोसँग, कतिबेला, कस्तो प्रकारको भाषिका प्रयोग गरिरहेको छ भन्ने कुरासँग सम्बन्धित भएर भाषाको अध्ययन गर्दछ" (पृपृ. ४५-४६) । यसरी नै थापा (२०६९) भन्दछन् - "समाज भाषाविज्ञान र भाषाको समाजशास्त्रमा केही भिन्नता हुँदा हुँदै पनि दुवैलाई एउटै अर्थमा लिन सकिन्छ । आज समाज भाषाविज्ञानले नै विश्वव्यापी मान्यता पाइसकेको छ" (पृ. ५) । सामाजिक भाषाविज्ञानले भाषालाई सार्वभौम रूपमा नहेरी समाजसापेक्ष रूपमा हेर्छ । यसले भाषिक तत्त्व (वक्ता, स्रोता, विषय, परिवेश, संस्कृति, सन्दर्भ, भूगोल, उद्देश्य) को अध्ययन एकीकृत रूपमा गर्छ । सामाजिक भाषाविज्ञानको बारेमा प्रष्ट्याउँदै अधिकारी (२०६२) भन्दछन् :

> भाषा समाजसापेक्ष हुने भएकाले भाषालाई समाजपरक रूपमा हेरिनुपर्छ भन्ने अवधारणासँगै सामाजिक भाषाविज्ञानको जन्म भएको हो । सन् १९३० को दशकदेखि १५० को दशकसम्म प्रभावशाली बनेको संरचनावादी भाषाविज्ञान र सन् १९६० को दशकमा देखापरेको रूपान्तरणवादी व्याकरणले शैक्षिक पछौटेपन र भाषाको समाजपरक अध्ययनलाई बेवास्ता गरेका कारण सन् १९७० को दशकतिर भएको समाजपरक अध्ययनले महत्त्व पाउन थाल्यो । बेलायती भाषाविद् फर्थले आफ्नो सिद्धान्त 'स्थितिको प्रसङ्ग' मा भाषिक क्रियाकलापलाई समाजसापेक्ष रूपमा

> हेरिनुपर्ने धारण राखे भने भाषाविद् ह्यालिड र मिचेलको भाषालाई समाजसापेक्ष हेर्ने दृष्टिकोणलाई हाइम्सको 'सम्प्रेषणात्मक सामर्थ्य' (सन् १९७२) ले उचाइमा पुऱ्याएको पाइन्छ । (पृ. ४)

माथिका भनाहरूलाई अध्ययन गर्दा सामाजिक भाषाविज्ञानको आरम्भ भएको र सैद्धान्तिक आधार बनेको देखिन्छ । समाजको पहिचान र प्रगतिका लागि मात्र होइन समाज तथा संस्कृतिलाई बचाउन पनि भाषाको आवश्यकता पर्छ । समाजमा देखिने द्वैभाषिकता तथा बहुभाषिकताको स्थिति, भाषिक भेद, भाषिका र व्यक्तिभाषा, भाषाद्वैत, कोड, कोड परिवर्तन, कोड मिश्रण, भाषानीति, योजना, पिजिन, क्रेओलजस्ता समाज भाषाविज्ञानका अध्ययन क्षेत्रले समाज भाषाविज्ञानलाई समृद्ध बनाएको पाइन्छ । भाषाको सामाजिक, सांस्कृतिक मूल्य र मान्यताको खोजी गर्ने तथा अन्तर्सम्बन्ध केलाउने, विद्यार्थीको पारिवारिक पृष्ठभूमि, भाषिक स्तर, विद्यार्थीको समाजप्रतिको धारणा, समाजको स्तरअनुकूल भाषाको प्रयोग, सुझ वा दृष्टिकोण समाजभाषिक अध्ययनबाट प्राप्त हुन्छ ।

## समाज भाषाविज्ञानको परिचय

प्रायोगिक भाषाविज्ञानका विभिन्न शाखाहरूमध्ये समाज भाषाविज्ञान एउटा नवीन शाखा हो । सामाजिक भाषाविज्ञानले भाषाको सम्पूर्ण पक्षको अध्ययन सामाजिक रूपमा गर्दछ । सामाजिक व्यवहारका रूपमा भाषालाई अध्ययन गर्ने विज्ञानलाई नै विभिन्न विद्वान्हरूले सामाजिक भनेका छन् । भाषाका सैद्धान्तिक धारणाहरू समकालीन समयमा के कस्ता रूपमा प्रयोगमा आइरहेका छन् भन्ने बारेमा समाज भाषाविज्ञानको बारेमा भण्डारी र अन्य (२०६५) ले समाज भाषाविज्ञानको आफ्नो मत निम्नानुसार प्रस्तुत गरेका छन् :

> सामाजिक भाषाविज्ञान भाषाको समाजपरक अध्ययन हो । समाजबिना भाषाको कुनै पनि किसिमको अध्ययन पूर्ण नहुने भएकाले भाषाको महत्त्व सामाजिक धरातलसम्म रहन्छ । भाषा मानव समुदायको अत्यन्त आवश्यक वस्तु भएकाले यसकै माध्यमबाट मानिसले आफ्ना सम्पूर्ण कार्यव्यवहार सञ्चालन गरेको हुन्छ । त्यसैले भाषालाई सामाजिक वस्तु भनिएको हो । समाजबिना भाषाको अस्तित्व नै रहँदैन भने समाजको विकाससँगै भाषाको पनि विकास हुँदै जान्छ र समाजअनुसार भाषाको प्रयोग फरकफरक हुन्छ । यसरी सामाजिक दृष्टिले भाषाको अध्ययन गर्ने

> विधा नै सामाजिक भाषाविज्ञान हो । वस्तुतः भाषा सामाजिक सम्प्रेषण एवम् व्यवहारको महत्त्वपूर्ण र प्रभावकारी अध्ययन भएकाले यसले भाषाको प्रयोग पक्षलाई विशेष जोड दिन्छ । (पृ. २)

माथिको भनाइलाई हेर्दा सामाजिक भाषाविज्ञानले भाषा र समाजको सम्बन्धदेखि लिएर भाषाको समाजसापेक्ष अध्ययन गर्छ । यसले भाषाको सामाजिक व्यवहार र समाजमा भाषिक विविधताको अवस्थालाई पनि सूक्ष्म रूपमा केलाउँछ भन्ने कुरा स्पष्ट हुन्छ । यसर्थ भाषाविज्ञान यसले भाषातत्त्वहरूको अलगअलग वा सन्दर्भविहीन पक्षलाई महत्त्व नदिई भाषा प्रयोगको सन्दर्भ र भाषाले समाजमा गर्ने कार्यको अध्ययन गर्दछ । प्रायोगिक भाषाविज्ञान आधुनिक भाषाविज्ञानको एउटा पाटो हो भने प्रायोगिक भाषाविज्ञानको एक महत्त्वपूर्ण शाखा समाज भाषाविज्ञान हो । भाषाविज्ञानले संरचना पक्षमा जोड दिँदा समाजविज्ञानले तिनको अन्तर्सम्बन्ध तथा व्यवस्थाको वर्णनमा जोड दिन्छ भन्न सकिन्छ ।

सामाजिक भाषाविज्ञानले भाषिक अध्ययनलाई सामाजिक परिप्रेक्ष्यमा गतिशील र परिवर्तनशील हुन्छ भन्ने धारणा राख्दै भाषाको सामाजिक कोणबाट व्याख्या, विश्लेषण र निष्कर्ष निकाल्ने भाषिक अध्ययन नै सामाजिक भाषाविज्ञान हो । सामाजिक भाषाविज्ञानले समाज र भाषाको सम्बन्ध, भाषिक समाज, भाषा निरपेक्ष, भाषिक सम्पर्क, भाषाको मानवीकरण, आधुनिकीकरण, सामाजिक मिश्रणसँगै भाषाको मिश्रित रूपको अध्ययन, विश्लेषण र व्याख्या गरी भाषाको मूल्याङ्कन गर्दछ । समाज भाषाविज्ञानको सम्बन्धमा अधिकारी (२०६५) भन्छन् - “सामाजिक दृष्टिले भाषाको अध्ययन सामाजिक भाषाविज्ञानमा हुन्छ । तसर्थ यस्तो अध्ययनमा भाषाको प्रयोगपरक अध्ययनमा जोड दिइन्छ । भाषा सामाजिक सम्प्रेषण एवम् व्यवहारको महत्त्वपूर्ण र प्रभावकारी अध्ययन भएकाले पनि समाजमा यसको के-कस्ता सन्दर्भमा र कसरी प्रयोग हुन्छ भन्ने कुराको अध्ययन जरुरी हुन्छ” (पृ. ३) । माथिको भनाइलाई हेर्दा समाज भाषाविज्ञानको अध्ययन जरुरी हुन्छ । सामाजिक भाषाविज्ञानले भाषाको प्रयोगपक्षमा जोड दिइने हुँदा यसको एकीकृत अध्ययन हुन्छ । यसले भाषातत्त्वहरूको अलगअलग वा सन्दर्भविहीनलाई महत्त्व नदिई भाषाप्रयोगको सन्दर्भ र कार्यमा ती तत्त्वहरूले पारेको प्रभावको वर्णनमा आफ्नो ध्यान केन्द्रित गर्दछ । भाषाको सामाजिक कार्य, समाजमा भाषिक प्रयोगको स्थिति, भाषा र समाजको सम्बन्ध, भाषिक समुदायको पहिचान, भाषा र संस्कृतिको सम्बन्ध आदिका बारेमा अध्ययन गर्ने

भाषाविज्ञानको महत्त्वपूर्ण शाखा नै सामाजिक भाषाविज्ञान हो । यसैले सामजमा रहेका व्यक्तिको वर्गगत, लिङ्गगत, पेसागत, शैक्षिक, जातीय, आर्थिक, राजनैतिक आदि सामाजिक तत्त्वहरूसँग सम्बन्धित भाषाको अध्ययन समाज भाषाविज्ञान हुने गर्छ । समग्रमा भन्न सकिन्छ कि सामाजिक भाषाविज्ञानले समाज र भाषाबिचको अन्तर्सम्बन्धलाई केलाउनुका साथै भाषाको मानकीकरण, आधुनिकीकरण, भाषा प्रयोग, भाषाका प्रकार्यजस्ता विविध पक्षमा केन्द्रित भई भाषाको सामाजिक सन्दर्भमा अध्ययन गर्दछ । समाजमा रहेका व्यक्तिको वर्गगत, जातिगत, शैक्षिकगत, जातीय, आर्थिक, राजनैतिक आदि सामाजिक तत्त्वहरू सम्बन्धित भाषाको अध्ययन समाज भाषाविज्ञानमा हुन्छ । समाज भाषाविज्ञानलाई निम्नानुसार अध्ययन गर्न सकिन्छ :

**समाज भाषाविज्ञानको क्षेत्र**

समाज भाषाविज्ञानभित्र भाषा र समाजलाई अध्ययन गरिने भएकाले यसको क्षेत्र विस्तृत रहेको छ । विभिन्न विषय तथा विधाहरूसँग समाज भाषाविज्ञानको अन्तर्सम्बन्ध हुन्छ । भाषाविज्ञानका विविध शाखामध्ये समाज र भाषाबिचको विषय विभिन्न सम्बन्धको प्रयोगपरक अध्ययन गर्ने नवीन शाखा समाज भाषाविज्ञान हो । भाषा र समाजबिचको सम्बन्धको अध्ययन गर्ने शास्त्र भएकाले यसको क्षेत्र व्यापक रहेको छ । । यो भाषा र समाजको पारस्परिक सम्बन्धको अध्ययन गर्ने विद्या भएकाले अध्ययनको मूलस्रोत मानिन्छ । सामाजिक भाषाविज्ञानको अध्ययन क्षेत्रका बारेमा विद्वान्हरूका बिचमा मतमतान्तर पाइन्छ । भाषा र भाषिका निर्धारण अध्ययन गर्नुजस्ता क्षेत्र नै सामाजिक भाषाविज्ञानको सम्बन्ध विविध विषयसँग भएको देखिन्छ तापनि यो छुट्टै स्वतन्त्र शाखाको रूपमा विकसित भाषाको विज्ञान हो ।

समाज भाषाविज्ञानको अध्ययन क्षेत्रमा भाषाको वक्ता, बोद्धा, सन्देश, भाषिक समुदायका साथै भाषागत योजना, मानवीकरण, आधुनिकीकरणजस्ता पक्ष अन्तर्विष्ट रहेको पाइन्छ । समाज भाषाविज्ञानको क्षेत्रअन्तर्गत भाषाको सामाजिक पक्षको विश्लेषण गर्नु, भाषाको स्पष्टीकरण, राष्ट्रभाषा, सम्पर्कभाषा, शैली, भाषिक परिवर्तनको कारणबारे विश्लेषण गर्नु, भाषाका सामाजिक भेद, प्रयुक्तिगत भेद, भाषामा देखिने परिवर्तन, द्विभाषिकता, बहुभाषिकता, भाषाद्वैत, भाषिक विकास, भाषा र भाषिका निर्धारण आदिको अध्ययन गरिन्छ । भाषिक अन्तक्रियाको प्रवृत्ति (कथनकार्य, कथनघटना, कथन आलोपालो)

आदिको विकास अध्ययनीय विषय हुन्छ । सामाजिक भाषाविज्ञानले भाषाको सामाजिक व्यवहारको अध्ययन गर्ने भएकाले समाजमा प्रयोगमा आएका भाषासँग सम्बन्धित विविध पक्षहरूका बारेमा अध्यय गर्ने गरेको पाइन्छ ।

माथिको भनाइलाई हेर्दा भाषिक भेद भनेको भाषामा हुने भनेद हो । भाषा र समाज परिवर्तनशील हुन्छ । यसरी परिवर्तन हुनुमा कुनै न कुनै कारणहरू रहेका हुन्छन् । समयगत र स्थानगत कारणले भाषामा गतिशीलता आउँछ । जसले गर्दा विभिन्न भाषिक भेद ( सामाजिक, विषयगत, प्रसङ्गगत, माध्यमगत, क्षेत्रीय) आदि भेदको जन्म भएको हुन्छ । यी भेदहरूलाई निम्नानुसार देखाउन सकिन्छ :

**सामाजिक भेद :** समाजका विभिन्न जातजाति, धर्म, संस्कृति, लिङ्ग, उमेर, व्यवसाय, शिक्षाजस्ता विविध सामाजिक संरचनाअनुसार एउटै भाषामा अनेकौँ भेद देखापर्दछन् । यसरी जातजाति, धर्म, व्यवस्था, लिङ्ग, व्यवसाय, शिक्षा, उमेर, बसाइको स्थिति, पद, प्रतिष्ठा, औपचारिकता आदिका आधारमा सामाजिक भाषिकामा भेदहरू उत्पन्न हुन्छन् ।  नेपाली भाषामा पनि सामाजिक भेदहरू हुन्छ । उच्च वर्गका शाह, राणा, ठकुरी परिवारले दरबारीया बोली (आइस्योस्, गइस्यास्, राजासाब, सवारी होस्) लाई प्रयोग गर्दछन् । भाषा प्रयोगको खास भूमि वा क्षेत्रका आधारमा निर्धारण गरिने भेद सामाजिक भेद हो । भाषाको सामाजिक भेदका सन्दर्भमा केही भाषाविद्हरूले दिएका परिभाषा निम्नानुसार रहेका छन् :

ढकाल (२०७४) ले सामाजिक भेदका बारेमा आफ्नो धारणा यसरी प्रस्तुत गरेका छन् :

> “सामाजिक संरचनाअनुसार भाषामा देखिने भेद नै सामाजिक भेद हो । खास किसिमका भाषिक सङ्केतको प्रयोगबाट दैनिक र स्तरीय व्यवहार प्रयोग गर्ने व्यक्तिहरूको समुदाय अरूभन्दा विशिष्टता देखाउनु सामाजिक भेद हो । यसमा लिङ्ग, उमेर, शिक्षा, पेसा, व्यवसाय, शिक्षा, धर्म आदिका आधारमा भाषिक समुदाय विभक्त हुन पुगेको छ । यसले समाजको स्तरको भेदलाई देखाउँछ । भौगोलिक वातावरणले पनि भाषामा धेरै-थोरै प्रभाव परेको हुन्छ । (पृ. ३७)

यसैगरी अधिकारी (२०५६) ले "सामाजिक भाषिका समाजका विभिन्न वर्ग, जातजाति, व्यवसाय, लिङ्ग, उमेर, शिक्षा, बसोबासको स्थिति, शक्ति आदिका आधारमा विभेदित हुन्छ" (पृ. २०) भनेका छन् ।

यसैगरी लम्साल र अन्य (२०६८) ले भाषाको सामाजिक भेदका बारेमा आफ्नो धारणा निम्नानुसार प्रस्तुत गरेका छन् : "

> नेपाली समाजमा लिङ्गगत भेदहरू नेपाली विभेदका आधारमा वाक्यहरूको सङ्गतिमूलक असङ्गतिमूलक हुन्छ । प्रथम पुरुष, द्वितीय पुरुष, तृतीय पुरुषको एकवचन र बहुवचनको कर्ता समान भए पनि क्रियापद फरकफरक भएको छ । सामाजिक भाषिक भेदको व्याख्या गरिएको छ । सामाजिक, आर्थिक, शैक्षिक पृष्ठभूमिको आधारमा भाषिक सम्प्रेषण गर्दछ । उच्च वर्ग र निम्न वर्गमा विभक्त हुन सक्छ । नारी र पुरुषबिच समानता नभएको पुष्टि गरेको छ । (पृ. २५)

माथिका भनाइहरूलाई हेर्दा समाजमा भएका विभिन्न जातजाति, धर्म, संस्कृति, लिङ्ग, उमेर, व्यवसाय, शिक्षाजस्ता विविध सामाजिक संरचनाअनुसार एउटै भाषा, अनेकौँ भेद देखा पर्दछ । लिङ्गका आधारमा स्त्री र पुरुषको भाषिक भेद, वर्गका आधारमा वर्गीय (उच्च, मध्यम र निम्न) भाषिक भेद, शिक्षाका आधारमा शैक्षिक (शिक्षित र अशिक्षित) भाषिक भेद सिर्जित भएका हुन्छन् । जसलाई निम्नानुसार व्याख्या र विश्लेषण गर्न सकिन्छ :

***वर्गगत आधारमा :*** समाजमा विभिन्न जाति, धर्म र संस्कृतिलाई मान्ने व्यक्तिहरूको बसोबास रहेको हुन्छ । उनीहरूले आफ्नो शक्ति, सामर्थ्य र आर्थिक अवस्थाका कारण आआफ्नो अवस्था बनाएका हुनाले समाजमा पनि भाषिक प्रयोगमा वर्गीय भेद रहेको हुन्छ । समाजमा उच्च, मध्यम र निम्न वर्गका मानिसहरूले बसोबास गरेका हुनाले उनीहरूको आआफ्नै प्रकारको विचार, सोच र व्यवहार हुने हुनाले भाषिक प्रयोगमा विभेद देखापर्दछ । सामाजिक भेदअन्तर्गत वर्गीय विभेदका बारेमा भण्डारी र पौड्याल (२०६८) ले आफ्नो धारणा प्रस्तुत गर्दै "सामाजिक भेदको पहिचान विभिन्न कारणबाट पनि गर्न सकिन्छ । सामाजिक दूरी (आत्मीय र

अनात्मीय), प्रतिष्ठाको क्रम (उच्च र निम्न), शिक्षा, धर्म, संस्कृति, जाति, उमेर, लिङ्ग, पेसा ओहोदा आदिका आधारमा समेत सामाजिक भेद पहिचान गर्न सकिन्छ" (पृ. ३४) भनेका छन् । यो भनाइलाई दृष्टिगत गर्दा मानिसले आफ्नो शिक्षा, धर्म, संस्कृति, जाति, उमेर, लिङ्ग, पद र स्थानीय परिवेशअनुसार उनीहरूले प्रयोग गर्ने भाषामा पनि फरकपन रहेको हुन्छ भन्न सकिन्छ । भाषाको वर्गीय भेदलाई उच्च वर्गीय भाषा, मध्यम वर्गीय भाषा र निम्न वर्गीय भाषामा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ ।

***उमेरगत भेद :*** उमेरगत भिन्नताले पनि भाषामा भिन्नता ल्याउँछ । मानिसको उमेरगत विभिन्न अवस्था (बाल, युवा, प्रौढ र वृद्ध) ले बोल्ने भाषा पनि फरकफरक हुने गर्दछ । बालसमूहले चिचि, पापा, नाना, चाचा, बुबु, नुनु, पापा जस्ता शब्दको प्रयोग गर्दछन् । युवा वर्गले सिस्, यार, ब्रो, दामी, सुड्ढा, सुढ्डी, बङ्क, ञ्याप, डान्स, बिल्लाजस्ता शब्द तथा अङ्ग्रेजी भाषाको समेत प्रयोग गर्दछन् । यसै गरी प्रौढ र वृद्ध वर्गले धार्मिक तथा उपदेशात्मक भाषा तथा शब्दको प्रयोग गर्दछन् । यो वर्गको भाषा सरल, सबैले बुझ्ने तथा स्तरीय भाषाको प्रयोग गरेका हुन्छन् । उमेरगत आधारमा पनि पात्रहरूको शिक्षा, लिङ्ग, वर्ग, पेसा, व्यवसाय, आर्थिक अवस्था, सामाजिक परिवेश, भौगोलिक अवस्थिति, स्थानीय भाषाको प्रयोगले पनि विभेद सिर्जना गरेको हुन्छ । यसरी उमेरगत हिसाबले पनि भाषा प्रयोगमा विभिन्न प्रकारका सामाजिक भेद रहेको पाइन्छ ।

***लिङ्गगत आधारमा :*** लिङ्गका आधारमा पनि भाषा प्रयोगमा भिन्नता देखिन्छ । महिला र पुरुषले प्रयोग गर्ने भाषामा भिन्नता देखिन्छ । पुरुषको भाषा आदेशात्मक वा निर्देशनात्मक एवम् रुखो स्वभावको हुन्छ । उनीहरूको भाषामा तार्किकता र वैचारिकता पाइन्छ भने महिलाहरूले एक वचन, प्रथम पुरुष, पूर्ण र अज्ञातजस्ता क्रियामा लैंगिक पहिचान पाइन्छ । जसले गर्दा लैंगिक भेदलाई पनि भाषाको सामाजिक भेद निर्माण गर्ने कारण मानिन्छ । महिला वा स्त्रीमा मिठासपूर्ण बोली, मृदुभाषी, नरम व्यवहार, कोमल हृदय, स्नेह र ममता हुन्छ । उनीहरूमा संसारलाई ढाक्न सक्ने क्षमता हुन्छ । घर, परिवारमा पनि स्त्री वा महिलाको बोली वा भाषामा कोमलता पाउन सकिन्छ । यिनीहरूको भाषामा बाबु, नानी, राजा, आएकी थिइन्,

आउनुभयोजस्ता मिठासयुक्त, करुणायुक्त र सरल भाषाका शब्दहरूको प्रयोग हुन्छ भने पुरुष पात्रहरूले रुखो, निरस, आदेशात्मक खालका भाषाहरूको प्रयोग गर्दछन् । जस्तै : आइज, तँलाई, ओई, नाम तोकेर बोलाउने गर्दछन् ।

***शैक्षिक भेद :*** शैक्षिक चेतनाका कारणले समाजमा भाषिक भेद सिर्जना हुन्छ । कुनै पनि व्यक्ति शिक्षित र अशिक्षित हुन् प्रमुख कारण शिक्षा हो । शिक्षित व्यक्ति र समाजले प्रयोग गर्ने भाषा अशिक्षित व्यक्ति वा समाजको बोलीमा समय, प्रकाश, भ्रमण आदिको उच्चारणगत विभेद भेटिन्छ अर्थात् शिक्षित र अशिक्षित दुवै वर्गले प्रयोग गर्ने भाषामा धेरै अन्तर पाइन्छ । शिक्षित वर्गले बोल्ने भाषामा शिष्टता, आदरता, नरमपना, व्याकरणको ख्याल गर्ने हुनाले मानक तथा लेख्य भाषाको प्रयोग गर्ने गर्दछन् भने अशिक्षित वर्गका मानिसहरूले बोल्ने भाषामा व्याकरणको ज्ञान नहुनाले सही भाषाको प्रयोग गर्न सक्दैनन् । यिनीहरूको भाषा अमानक हुन्छ भने कथ्य भाषाको प्रयोग गर्दछन् ।

***राजनैतिक भेद :*** कुनै पनि समाजमा राजनीतिले कतै न कतैबाट सम्बन्ध गाँसिरहेको हुन्छ । समाजमा राजनीतिक रूपमा राजनैतिक चेतना भएका र नभएका मानिसहरू रहेका हुन्छन् । राजनीतिक चेतना भएका र नभएका मानिसहरूले बोल्ने भाषामा पनि भाषिक भेद सिर्जना हुन्छ । कुनै पनि व्यक्ति राजनीतिक चेत हुनु र नहुनुको प्रमुख कारण शिक्षा नै हो । राजनीतिक चेत भएका व्यक्ति र समाजले प्रयोग गर्ने भाषामा राजनैतिक भाषिकाको प्रयोग हुन्छन् । त्यस्ता भाषा केही जटिल र सामान्य मानिसले बुझ्न कठिन हुन्छ भने राजनीतिक चेत नभएका मानिसहरूले सामान्य भाषाको प्रयोग गर्दछन् । राजनीतिक चेत भएका मानिसहरूले प्रयोग गर्ने भाषामा कम्युनिष्ट, प्रधानमन्त्री, माननीय, सभामुख, कमरेड, रेडबुक, बोल्सेभिक क्रान्ति, साम्यवाद, समाजवाद, काङ्ग्रेस, पञ्च, मार्क्सवाद, क्रान्ति, रक्तरञ्जित का साथै *राजव्यूह* उपन्यासमा प्रयुक्त केही उदाहरणहरू, जस्तै : बलिदान, विद्रोह (पृ. १६५), राजनीतिक निष्ठा, योगदान र लोकप्रियता (पृ. ६५), चुनाव, टिकट, केन्द्र (पृ. ६१), जातीय (पृ. ८३), जेल, कार्यकर्ता (पृ. ९८), अधिवेशन (पृ. १०४), विद्यार्थी राजनीति (पृ. १०४) आदि

रहेका छन् । यस्ता शब्द तथा वाक्य राजनीतिक चेतना नभएका मानिसहरूले बोल्न नसक्ने हुनाले स्पष्ट रूपमा भाषिक भेद देखिन्छ ।

**प्रयोजनपरक/विषयगत भेद :** भिन्नभिन्न विषय र क्षेत्रसँग सम्बन्धित भाषिक भेद नै प्रयोजनपरक वा विषयगत भेद हो । विषयवस्तु भिन्न हुनासाथ प्रस्तुतीकरण, शब्दभण्डार, व्याकरण आदिमा पनि भिन्नता आउँछ । यसलाई प्रस्ट पार्दै लम्साल र अन्य (२०६३) ले "कानुन, इतिहास, विज्ञानप्रविधि, भूगोल आदि क्षेत्रमा प्रयोग हुने शब्दभण्डार फरकफरक हुन्छ भने यसमा प्रयोग हुने शैलीमा समेत भिन्नता पाउन सकिन्छ । यो भेद खास विषय, प्रयोजन र क्षेत्रसँग सम्बन्धित हुन्छ" (पृ. २७) भनेका छन् । यसैगरी प्रयोजनपरक/विषयगत भेदलाई प्रष्ट पार्दै भण्डारी र अन्य (२०७३) ले भनेका छन् :

> साहित्यमा प्रयोग हुने भाषाअन्तर्गत सिर्जनात्मक साहित्यको भाषा कलात्मक, रागात्मक खालको हुन्छ भने समालोचनात्मक भाषा विश्लेषणात्मक खालको हुन्छ । भाषाको साहित्यिक रूपमा भाषिक विचलन, भावना र कल्पनाको तीब्रता, आलङ्कारिकता, काव्यात्मकता आदि विशेषतहरू पाइन्छन् । कानुनको क्षेत्रमा प्रयोग हुने भाषामा पारिभाषिक शब्द, सामान्य भविष्यकालीन क्रियापद, वस्तुपरक शैली, आगन्तुक शब्दको बाहुल्य पाइन्छ । विज्ञान र प्रविधिका क्षेत्रमा प्रयोग हुने भाषामा प्राविधिक पारिभाषिक शब्द, कर्मवाच्य र भाववाच्यका क्रियापद, वस्तुगत र वर्णनात्मक शैलीको प्रयोग पाइन्छ । कृषि क्षेत्रमा प्रयोग हुने भाषामा कृषिसँग सम्बन्धित शब्दभण्डार तथा व्यापारिक क्षेत्रमा व्यवसायसँग सम्बन्धित शब्दभण्डारको प्रयोग पाइन्छ । (पृपृ. ३६-३७)

माथिको भनाइलाई हेर्दा भाषाको प्रयोग विभिन्न क्षेत्रमा आआफ्नै प्रकारका हुने गर्दछन् । साहित्यिक, कानुनी, विज्ञान र प्रविधिका साथै कृषि क्षेत्रमा प्रयोग हुने भाषा भिन्नभिन्न प्रकारको हुने गर्दछ । यसरी विभिन्न क्षेत्रमा प्रयोग हुने फरकलाई नै भाषाको प्रयोजनपरक भेद हो भन्न सकिन्छ ।

कानुनको क्षेत्रमा प्रयोग हुने भाषामा पारिभाषिक शब्द, तात्कालीन क्रियापद र आगन्तुक शब्दको बाहुल्य पाइन्छ । साहित्यिक भाषामा बिम्ब, अलङ्कार, द्वन्द्वको प्रयोग हुन्छ । विज्ञान र प्रविधिका क्षेत्रमा प्रयोग हुने भाषामा कर्मवाच्य, भाववाच्य र प्राविधिक पारिभाषिक शब्दको प्रयोग हुन्छ भने कृषिको क्षेत्रमा प्रयोग हुने भाषामा कृषिसँग सम्बन्धित शब्दको प्रयोग हुन्छ भने व्यापार र व्यवसायसँग सम्बन्धित भाषामा कृषिसँग सम्बन्धित शब्दभण्डारको प्रयोग हुन्छ । यसरी विभिन्न क्षेत्रमा प्रयोग हुने भाषामा हुने फरकलाई नै भाषाको प्रयोजनपरक भेद हो भन्न सकिन्छ । नेपाली भाषाको प्रयोगमा पनि विभिन्न क्षेत्रमा प्रयोग हुने भाषामा समान खालका विशेषता पाइँदैनन् । यसर्थ प्रयोजनपरक भेद अर्थात् विषयगत भेदअन्तर्गत कृषि, व्यापार, खेलकुद, कानुन, विज्ञान, साहित्य आदि क्षेत्रमा प्रयोग हुने भाषालाई देखाउन सकिन्छ ।

**प्रसङ्गगत भेद :** वक्ताले कुन अवस्थामा कोसँग, कसरी, किन भाषाको प्रयोग गर्दछ भन्ने आधारमा गरिने भाषिक भेद नै प्रसङ्गगत भेद हो । अवस्था, स्थान र प्रसङ्गले कुनै एउटै वस्तुलाई ठाउँअनुसार फरकफरक नामले बुझाइन्छ । जस्तै : मृत शरीरलाई लाश र शव भन्नु, कपडालाई धरो, धजा, कात्रो भन्नु आदि भाषाको प्रसङ्गगत भेद हो भन्न सकिन्छ । यसैगरी कुनै व्यक्ति वृहत् सामाजिक परिवेशमा विभिन्न भूमिकामा रहन सक्छ । एउटै व्यक्ति पारिवारिक सम्बन्धमा वा पेसागत रूपमा रहँदा उसले प्रयोग गर्ने भाषामा भेद देखिन्छ । यसरी देश, काल, परिस्थितिअनुसार एउटै भाषामा देखिने विविधता नै प्रसङ्गगत भेद हो ।

**क्षेत्रीय भेद :** साधारण भाषामा भाषिका भनेको कुनै भाषाको भौगोलिक वा सामाजिक भेद हो । भौगोलिक भेदलाई नै क्षेत्रीय भेद भनिन्छ । यसैले खासखास क्षेत्र विशेषमा बाँधिएर बोलिने भाषाको भेदलाई क्षेत्रीय भेद भनिन्छ । निश्चित रूपमा भौगोलिक क्षेत्रमा बाँधिएर यस भाषिकको प्रयोग गरिन्छ । *लङम्यान डिक्सनरी अफ अप्लाइड लिङ्ग्विस्टिक* (सन् १९९५) मा "क्षेत्रीय भेद भन्नाले भाषाको वक्ता कहाँको हो भन्ने आधारमा कुनै खास क्षेत्रको भूमिकामा देखिएको भेद हो । यो भेद उच्चारण, शब्दभण्डार र वाक्यगठनमा देखिन्छ । एक भौगोलिक क्षेत्रमा

बसोबास गर्ने व्यक्तिहरू अर्को ठाउँमा बसाइ सरेर जाँदा भौगोलिक विकटताका कारण भाषिकाले आफ्नो अस्तित्व कायम राख्दछ" भनी उल्लेख गरिएको छ ।

**माध्यमगत भेद :** भाषिक अभिव्यक्तिका दृष्टिले भाषाका दुईवटा माध्यम हुन्छन् । एउटा मौखिक र अर्को लिखित । मौखिक वा कथ्य भेद बोलपक्ष अर्थात् सुनाइसँग र अभिव्यक्ति पक्ष बोलाइसँग सम्बन्धित हुन्छ भने लेख्य वा लिखित भेद बोधपक्ष वा पढाइसँग सम्बन्धित हुन्छ ।

## सारांश

शोधकार्यको यस अध्यायमा सम्बन्धित कार्यको पुनरावलोकन गरिएको छ । जसअन्तर्गत प्रायोगिक पुनरावलोकनमा उद्देश्यअनुसारको भाषाशैली, वर्गगत, लिङ्गगत र पेसागत आधारमा निकालिएको निष्कर्षलाई दसवटा शोधसमीक्षाको आधारमा विश्लेषण गरिएको छ । सैद्धान्तिक पुनरावलोकनअन्तर्गत पाँचवटा पुस्तकको आधारमा समाज भाषाविज्ञानको व्याख्या र विश्लेषण गरिएको छ । पूर्वकार्यको अवलोकनको अनुप्रयोगले शोधार्थीलाई शोधको शीर्षक चयन गर्न, समस्याको विशिष्टीकरण गर्न, शोधको उद्देश्य पहिल्याउन, सैद्धान्तिक पृष्ठभूमि प्रदान गर्न, समस्याको चुरो पत्ता लगाउनुका साथै त्यस्ता समस्याहरूको समाधान गर्न तथा विभिन्न कुरामा फाइदा पुगेको कुरालाई विश्लेषण गरिएको छ भने समाज भाषाविज्ञानको सैद्धान्तिक अवधारणालाई पनि प्रस्तुत गरिएको छ । त्यसै गरी समाज भाषाविज्ञानको परिचय, समाज भाषाविज्ञानको क्षेत्रका साथै भाषिक भेदहरूको विश्लेषण गरिएको छ । त्यसैगरी भाषिक भेदअन्तर्गत सामाजिक भेदको व्याख्या र विश्लेषण गरिएको छ । यसअन्तर्गत लिङ्गगत आधारमा स्त्री र पुरुष पात्रले प्रयोग गर्ने भाषाको बारेमा व्याख्या गरिएको छ । यसमा पुरुषको भाषा आदेशात्मक वा निर्देशनात्मक एवम् रुखो स्वभावको हुने र महिला वा स्त्रीमा मिठासपूर्ण बोली, मृदुभाषी, नरम व्यवहार, कोमल हृदय, स्नेह र ममता हुने निष्कर्ष रहेको छ । यसैगरी शैक्षिक भेदअन्तर्गत शिक्षित र अशिक्षित गरी वर्गीकरण गरी व्याख्या गरिएको छ । यहाँ शिक्षित वर्गले बोल्ने भाषामा शिष्टता, आदरता, नरमपना, व्याकरणको ख्याल तथा अशिक्षित वर्गका मानिसहरूले बोल्ने भाषामा अमानक र प्रयोग गर्ने कुरा उल्लेख गरिएको छ । मानिसको उमेरगत विभिन्न अवस्था (बाल, युवा, प्रौढ र वृद्ध) ले बोल्ने भाषा पनि फरकफरक हुने र बालसमूहले चिचि, पापा, नाना, चाचा, बुबु, नुनु, पापाजस्ता शब्दको प्रयोग गर्ने, युवा वर्गले सिस्, यार, ब्रो,

दामी, सुड्ढा, सुढ्डी, बङ्क, ऱ्याप, डान्स, बिल्लाजस्ता शब्द तथा अङ्ग्रेजी भाषाको समेत प्रयोग गर्ने गर्दछन् । प्रौढ र वृद्ध वर्गले धार्मिक तथा उपदेशात्मक भाषा तथा शब्दको प्रयोग गर्दछन् भनी व्याख्या गरिएको छ ।

भाषाको प्रयोजनपरक/विषयगत भेद भनेको भिन्नभिन्न विषय र क्षेत्रसँग सम्बन्धित भाषिक भेद नै प्रयोजनपरक वा विषयगत भेद हो भने वक्ताले कुन अवस्थामा कोसँग, कसरी, किन भाषाको प्रयोग गर्दछ भन्ने आधारमा गरिने भाषिक भेद नै प्रसङ्गगत भेद हो । क्षेत्रीय भेद भनेको भाषामा भाषिका भनेको कुनै भाषाको भौगोलिक वा सामाजिक भेद हो । माध्यमगत भेद भनेको भाषिक अभिव्यक्तिका दृष्टिले भाषा प्रयोग गर्ने माध्यम हो र यो दुई प्रकारको हुन्छ - मौखिक र लिखित । यसरी सामाजिक भाषाविज्ञानको अध्ययन र विश्लेषण गरिएको छ र अन्त्यमा यस अध्यायको सारांश प्रस्तुत गरिएको छ ।

# अध्याय तीन

## अनुसन्धान विधि

प्रस्तुत शोधकार्य *राजव्यूह* उपन्यासको समाजभाषिक अध्ययनमा आधारित रहने हुनाले प्राथमिक (मुख्य) स्रोतका रूपमा कैलाश कोइरालाद्वारा लिखित *राजव्यूह* उपन्यासलाई नै लिइने छ साथै अध्ययनलाई पूर्ण गर्नको लागि पुस्तकालयीय अध्ययन विधि, भाषासँग सम्बन्धित रहेका लेख, रचना, शोधकार्य तथा पुस्तक, पत्रपत्रिका तथा इमेल, इन्टरनेटहरूको उपयोग गरिएको छ । अध्ययनमा अवलम्बन गरिने प्रक्रियाहरूको विस्तृत व्याख्या र विवरण यस अध्यायमा गरिएको छ । निम्नानुसार रहेको छन् :

## अनुसन्धानको ढाँचा

प्रस्तुत अनुसन्धान कार्यमा अनुसन्धानात्मक ढाँचा पुरा गर्न पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरिने हुनाले गर्न लागिएको शोधकार्यमा गुणात्मक अध्ययन ढाँचाको उपयोग गरिएको छ । अनुसन्धान ढाँचालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### नमुना छनोट प्रक्रिया

प्रस्तुत शोधकार्यको अध्ययनलाई विश्वसनीय, तथ्यपरक र भरपर्दो बनाउनका लागि नमुना छनोट प्रक्रियालाई प्रयोगमा ल्याइने छ । नमुना छनोट गर्ने सन्दर्भमा कैलाश कोइरालाद्वारा लिखित *राजव्यूह* शीर्षकको उपन्यासलाई प्रस्तुत शोधकार्यका नमुना छनोटका रूपमा प्रयोग गरिएको छ ।

### सामग्री सङ्कलन प्रक्रिया

शोधसँग सम्बद्ध विभिन्न सामग्रीहरूको खोज गरी सङ्कलन गर्ने प्रक्रियालाई सामग्री (तथ्य) सङ्कलन भनिन्छ । प्रस्तुत शोधकार्यलाई पूर्ण गर्नका लागि आवश्यक पर्ने सामग्रीहरू प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । अध्ययनका क्रममा प्राथमिक स्रोतका रूपमा *राजव्यूह* उपन्यासलाई नै आधार मानी शोधशीर्षकसँग सम्बन्धित भएर लेखिएका विभिन्न लेख, रचना, पुस्तक, शोधकार्य आदिलाई द्वितीयक सामग्रीको रूपमा सङ्कलन गरिएको छ । प्रस्तुत शोधमा समाजभाषिक अध्ययनलाई आधार मानी गरिने हुँदा उपन्यासमा रहेका पात्रहरूको लिङ्गगत र वर्गगत आधारमा उनीहरूले प्रयोग गरेका भाषाको भाषिक स्थिति पत्ता लगाई निम्नानुसार व्याख्या तथा विश्लेषण गरिएको छ :

**सामग्री सङ्कलनका साधन :** प्रस्तुत शोधकार्यलाई सफल, विश्वसनीय तथा तथ्यपरक बनाउनका लागि प्राथमिक र द्वितीयक स्रोतबाट आवश्यक सामग्रीहरूको खोज गरी सङ्कलन गरी निम्नानुसार अध्ययन गरिएको छ :


***प्राथमिक स्रोत :*** प्रस्तुत शोधकार्यमा प्राथमिक (प्रमुख) स्रोतका रूपमा *राजव्यूह* उपन्यासलाई प्रमुख आधार मानेर समाजभाषिक अध्ययन गरिएको छ र उपन्यासमा भएका कुराहरूलाई नै आधार मानिने छ ।

***द्वितीयक स्रोत :*** प्रस्तुत शोधकार्यको अध्ययन गर्ने क्रममा विभिन्न सामग्रीहरूको सङ्कलन गरिएको छ । शोधको शीर्षकसँग सम्बन्धित सन्दर्भ पुस्तकहरू, जर्नल, पत्रपत्रिका, लेख, रचना, समीक्षा, शोध/अध्ययनकार्य, इमेल, इन्टरनेट आदिलाई पुस्तकालयीय कार्यबाट सङ्कलित सामग्रीहरू नै द्वितीयक (दोस्रो) स्रोत मानेर अध्ययन गरिएको छ ।

**सामग्री सङ्कलन :** प्रस्तुत शोधकार्यमा अध्ययनको तथ्याङ्क सङ्कलनमा पुस्तकालयीय अध्ययन कार्यको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ । गर्न लागिएको शोधकार्यमा पात्रहरूको राजनैतिक चेतना र लिङ्गगत र वर्गगत आधारमा उनीहरूको भासिक स्थिति पत्ता लगाई तिनीहरूको व्याख्या र विश्लेषण गरिएको छ ।

## अवधारणात्मक ढाँचा

प्रस्तुत शोधकार्यको अवधारणात्मक ढाँचा निम्नानुसारको रहेको छ :




चित्र सङ्ख्या १ : *शोधपत्रको ढाँचा*

## नतिजा र छलफल

प्रस्तुत शोधकार्य *राजव्यूह* उपन्यासको समाजभाषिक अध्ययनसँग सम्बन्धित रही गरिएको छ । उपन्यासको अध्ययन गर्ने क्रममा पात्रहरूको वर्गगत, लिङ्गगत र राजनैतिक आधारमा के कस्ता भाषिक प्रयोग भएका छन् भनी अध्ययन गरिएको छ । यस क्रममा विश्लेषणात्मक विधि तथा पुस्तकालयीय विधिद्वारा व्याख्या र विश्लेषण गरिएको छ । अध्ययन गर्दा उपन्यासमा रहेका पात्रहरूले के कस्ता राजनैतिक भाषा प्रयोग गरेका छन् भन्ने समेत अध्ययन गरिएको छ भने आवश्यक परेका स्थानहरूमा भाषिक स्वरूपको तालिकीकरणसमेत गरिएको छ ।

## शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यको संरचनालाई सुव्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि आवश्यकताअनुसार विभिन्न अध्यायमा विभक्त गरिएको छ । शोधकार्यको पहिलो अध्यायमा शोधपरिचय रहेको छ, जसमा अध्ययनको पृष्ठभूमि, समस्याकथन, अध्ययनको औचित्य, अनुसन्धनात्मक प्रश्नहरू, शोधकार्यको उद्देश्य, सीमाङ्कन, पारिभाषिक शब्दावली र सारांश रहेको छन् । दोस्रो अध्यायमा सम्बन्धित कार्यको पुनरावलोकन गरिएको छ, जसमा सैद्धान्तिक पुनरावलोकन र प्रयोगिक पुनरावलोकनको प्रारूप प्रस्तुत गरिएको छ साथै अनुसन्धानमा सम्बन्धित कार्यको पुनरावलोकनको अनुप्रयोगबारे पनि चर्चा गरिएको छ र अवधारणात्मक ढाँचा प्रस्तुत गरिएको छ । त्यसैगरी समाज भाषाविज्ञानको परिचय, समाज भाषाविज्ञानको क्षेत्र, भाषिक भेद र अन्त्यमा सारांश प्रस्तुत गरिएको छ । शोधकार्यको तेस्रो अध्यामा अनुसन्धानको ढाँचा, नमुना छनोट प्रक्रिया, सामग्री सङ्कलन प्रक्रिया, अवधारणात्मक ढाँचा, नतिजा र छलफल, शोधपत्रको रूपरेखा र अन्त्यमा सारांश प्रस्तुत गरिएको छ । चौथो अध्यायमा *राजव्यूह* उपन्यासका पात्रहरूले प्रयोग गर्ने भाषाको भाषिक स्वरूपको अध्ययन र विश्लेषण गर्दै अन्त्यमा सारांश प्रस्तुत गरिएको छ । पाँचौं अध्यायमा उपन्यासमा भएका पात्रहरूको पात्रहरूको राजनीतिक अवस्था र शैक्षिक अवस्थागत भाषिक प्रयोगको स्थितिको विश्लेषण गर्दै अन्त्यमा सारांश प्रस्तुत गरिएको छ भने छैटौं तथा अन्तिम अध्यायमा शोधकार्यको परिच्छेदगत निष्कर्ष र उपादेयता प्रस्तुत गर्दै अन्त्यमा सारांश प्रस्तुत गरी प्रस्तुत शोधकार्यलाई पुरा गरिएको छ । प्रस्तुत शोधकार्यको अन्त्यमा

अध्ययनका क्रममा उपयोग गरिने शीर्षकसँग सम्बन्धित विभिन्न पुस्तक, शोधकार्य, लेख, रचना आदिलाई सन्दर्भ ग्रन्थसूचीमा प्रस्तुत गरिएको छ र व्यक्तिवृत्त प्रस्तुत गरी शोधकार्यलाई पूर्ण गरिएको छ ।

**सारांश**

*राजव्यूह* उपन्यासको समाजभाषिक अध्ययनसँग सम्बन्धित यस शोधपत्रको तेस्रो अध्यायलाई शोधविधि शीर्षक राखिएको छ । जसमा गुणात्मक ढाँचा अपनाएर अनुसन्धान गर्ने क्रममा *राजव्यूह* उपन्यासलाई समाजभाषिक अध्ययनको लागि छनोट गर्ने भनी नमुना छनोट प्रक्रिया, सामग्री सङ्कलनअन्तर्गत प्राथमिक स्रोतका रूपमा *राजव्यूह* उपन्यास र द्वितीयक सामग्रीका रूपमा समाजभाषासँग सम्बन्धित भएर लेखिएका लेख, समालोचना, पुस्तक, प्रतिवेदन आदिलाई राखिएको छ । त्यसैगरी प्राथमिक वा द्वितीयक स्रोत अथवा दुवै स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । यसका साथै तथ्य सङ्कलनका साधन र तथ्य सङ्कलनका बारेमा पनि चर्चा गरिएको छ र अन्त्यमा शोधपत्रको रूपरेखा तथा यस अध्यायको सारांशसमेत प्रस्तुत गरिएको छ ।

## अध्याय चार

## *राजव्यूह* उपन्यासका पात्रहरूको परिचयात्मक वर्गीकरण

### पृष्ठभूमि

शोधकार्यको यस अध्यायमा उपन्यासकार कैलाश कोइरालाद्वारा लिखित *राजव्यूह* उपन्यासको समाजभाषिक अध्ययन गर्ने क्रममा त्यसमा प्रयुक्त पात्रहरूलाई वर्ग, लिङ्ग, राजनैतिक र शैक्षिक अवस्थाका आधारमा वर्गीकरण गरिएको छ । यस क्रममा पात्रहरूको वर्गका आधारमा उच्च, मध्यम र निम्न वर्गमा विभक्त गरी भाषाप्रयोग गरिएको छ । यिनीहरूमध्ये उच्च वर्ग शिक्षिक र बौद्धिक वर्गका पात्र रहेका छन् भने मध्यम वर्गका पात्रहरू साक्षर तथा निम्न वर्गका निरक्षर वर्गका पात्रहरू रहेका छन् । लिङ्गका आधारमा महिला र पुरुष गरी वर्गीकरण गरिएको छ । राजनैतिक आधारमा सचेत र सर्वसाधारण गरी वर्गीकरण गरिएको छ भने शैक्षिक  अवस्थाका आधारमा शिक्षित र अशिक्षित गरी पात्रहरूको अध्ययन र विश्लेषणका साथै उनीहरूले प्रयोग गर्ने भाषाको उदाहरणसहित क्रमशः निम्नानुसार छुट्टाछुट्टै वर्गीकरण गरी गरिएको छ :

### वर्गका आधारमा उपन्यासका पात्रहरू

*राजव्यूह* उपन्यासमा आर्थिक दृष्टिले उच्च, मध्यम र निम्न वर्गका पात्रहरू रहेका छन् । तिनीहरूको परिचय क्रमिक रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

#### उच्च वर्गका पात्रहरू

*राजव्यूह* उपन्यासमा आर्थिक वा राजनैतिक अवस्थाले उच्च वर्गीय पात्रहरूको उपयोग गरिएको छ । यस वर्गका पात्रहरूमा राजनैतिक नेता, उपसभापति, प्रताप दाइ, शेरबहादुर देउवा, उमेश, म्यानेजर, वी.पी. कोइराला, प्रधानाध्यापक, डाक्टर, गीता नर्स, पूर्वमन्त्री, महेश, चार्टर्ड एकाउन्टेन्ट (सि.ए.) रहेका छन् । उनीहरूले तत्कालीन समयको शिक्षित र बौदिक वर्गले बोल्ने भाषाको प्रयोग गरेका छन् र यिनीहरूकै सेरोफेरोमा उपन्यासको कथानकले गति लिएको छ । उपन्यासको विषयवस्तु राजनीतकि पक्षलाई आधार बनाएर प्रस्तुत गरिएको छ । उपन्यासमा २०६४ सालपूर्वको राजनीतिलाई निष्ठाको राजनीतिका रूपमा र त्यसपछिको राजनीतिलाई बेथितिको रूपमा चित्रण गरिएको छ । राजनीति गर्दा तुच्छ शब्द, अरूलाई होच्याउने, झैझगडा गर्नेजस्ता विकृत घटनाहरू भएको

पाइन्छ । यसमा पञ्चायतकालदेखि वर्तमानसम्मको चित्रण पाइन्छ । उपन्यासकारले यस उपन्यासमा राजनैतिक खराबीहरूलाई कलात्मक ढङ्गले उतार्ने प्रयास गरेका छन् ।

**मध्यम वर्गका पात्रहरू**

उपन्यासमा मध्यम वर्गीय पात्रहरूको बाहुल्यता रहेको छ । मध्यम वर्गीय समुदायको भाषामा उच्चवर्गको जस्तो देखावटीपन र निम्न वर्गको जस्तो भाषिक अशुद्धता हुँदैन । यस उपन्यासमा मध्यम वर्गीय पात्रहरूमा महेशकी श्रीमती र छोरी, प्रताप दाइ, सन्तोषकी आमा, शङ्कर, सज्जन, अतुल, अजय, काका, प्रगति, राजन, नेताजी, म्यानेजर, रुस्मा रहेका छन् । यस उपन्यासमा मध्यम वर्गीय पात्रहरूको बाहुल्यता रहेको पाइन्छ । हाम्रो समाजमा रहेका धेरै मानिसहरू मध्यम वर्गीय रहेका कारण सङ्घर्षपूर्ण जीवन बिताइरहेका छन् । यिनैलाई आधार बनाएर उपन्यासको निर्माण भएको पाइन्छ । आफू मध्यम वर्गीय भएकाले प्रगतिले आर्थिक उपार्जनका लागि विदेशिनु परेको छ । यस वर्गका पात्रहरूले उपन्यासमा विषयवस्तु सुहाउँदो पात्र र स्थानअनुसारको पद, पदावली, निपात, उखानटुक्काका साथै बोलीचालीका भाषा प्रयोग भएका छन् । भौगोलिक दृष्टिले चितवनबाट सुरु भएर पाल्पा हुँदै काठमाडौँमा रहेको त्रिभुवन विश्वविद्यालयसम्म पुगेको छ ।

**निम्न वर्गका पात्रहरू**

*राजव्यूह* उपन्यासमा निम्न वर्गीय पात्रहरूको पनि उपस्थिति रहेको छ । प्रस्तुत उपन्यासमा रहेको निम्न वर्गीय पात्रहरूमा शोभादेवी, वेटर, काउन्टरकी युवती, कोमल, लखन थारू, कमला र रमिला रहेका छन् । निम्न वर्गीय पात्रहरूको स्थिति पनि निम्न नै रहेको छ । यिनीहरूको मनोदशा यिनीहरूले प्रयोग गर्ने संवादहरूमा झल्किन्छ । माथिका उदाहरणहरूमा उनीहरूले बोलेको भाषा करुणायुक्त र उनीहरूको जीवन सङ्घर्षमय भएको कारण कारुणिकता मिसिएको पाइन्छ । निम्न वर्गीय पात्रहरूलाई उपन्यासमा शिक्षित वर्गसँग सम्पर्कमा रहेका कारण उनीहरूले बोलेका भाषामा शब्दहरू शिष्ट, सरलपन र मिठो रहेको पाउन सकिन्छ । मध्यम परिवारमा पारिवारिक झैँझगडाले नराम्रो अवस्था सिर्जना हुन्छ । प्रगति एक मध्यम वर्गकी पात्र हुन् । यस वर्गका मानिसहरू समाजमा दुःख गरी अरूको भनाइ र थिचोमिचोलाई सहेर बस्ने व्यक्ति समूहमा पर्दछन र यस वर्गका पात्रहरूले समाजमा अर्काको काम गरी आएको पैसाले आफ्नो परिवार पालिरहेका हुन्छन् ।

उपन्यासमा प्रयुक्त पात्रहरूको वर्गगत स्थितिलाई तलको तालिकाद्वारा स्पष्ट पारिएको छ :

तालिका १ : *पात्रहरूको वर्गगत वर्गीकरण*

| उच्चवर्गका पात्र | मध्यमवर्गका पात्र | निम्नवर्गका पात्र |
|---|---|---|
| राजनैतिक नेता, उपसभापति, प्रताप दाइ, शेरबहादुर देउवा, उमेश, म्यानेजर, वी.पी. कोइराला, प्रधानाध्यापक, डाक्टर, गीता नर्स, पूर्वमन्त्री, महेश, चार्टर्ड एकाउन्टेन्ट (सि.ए.) | महेशकी श्रीमती र छोरी, प्रताप दाइ, सन्तोषकी आमा, शङ्कर, सज्जन, अतुल, अजय, काका, प्रगति, राजन, नेताजी, म्यानेजर, रुस्मा | शोभादेवी, वेटर, काउन्टरकी युवती, कोमल, लखन थारू, कमला र रमिल |

स्रोत : *राजव्यूह* उपन्यास (२०८०) ।

## उमेरका आधारमा पात्र

*राजव्यूह* उपन्यासमा प्रयोग भएका पात्रहरूमा बाल, युवा र प्रौढ/वृद्ध गरी तीन किसिमका पात्रहरूको प्रयोग भएको पाइन्छ । यी सबै पात्रहरूको भाषा प्रयोग आआफ्नै प्रकारको रहेकाले उमेरगत हिसाबमा विविधता रहेको पाइन्छ । उपन्यासमा उमेरगत हिसाबले प्रयोग भएका पात्रहरूलाई बाल पात्र, युवा पात्र र प्रौढ तथा वृद्धवृद्धा पात्रहरू गरी तीन वर्गमा वर्गीकरण गरी निम्नानुसार प्रस्तुत गरिएको छ :

### बाल पात्रहरू

*राजव्यूह* उपन्यासमा बालपात्रअन्तर्गत सन्तोष, म पात्र, महेशकी छोरी, खुसीराम, ज्ञानबहादुर रहेका छन् । उपन्यासमा शोभादेवीको छैटौँ सन्तान म पात्र हो । बालकले प्रयोग गर्ने भाषा बढी कोमल प्रकृतिको हुन्छ । यस प्रकारको भाषालाई तोते बोली पनि भनिन्छ । जस्तै : पापा, नाना, चाचा, नुनु आदि । यिनीहरूले प्रयोग गर्ने भाषा मिठो र मायालु पाराको रहेका हुन्छन् ।

### युवा पात्रहरू

*राजव्यूह* उपन्यासमा केही युवा पात्रहरूको पनि चरित्र चित्रण रहेको छ । युवा पात्रअन्तर्गत महेश, अजय, प्रगति, नर्स, सङ्गीता, कोमल रहेका छन् । युवा वर्गले प्रयोग

गर्ने भाषाहरू आएका छन् । यिनीहरूको भाषाशैली बालक र प्रौढ तथा वृद्धवृद्धाको भन्दा फरक पन रहेको हुन्छ । व्यावहारिक तथा जिम्मेवारीयुक्त भाषाको प्रयोग, पेसागत कार्यमा जोड दिन्छन् भने कतैकतै यिनीहरूले ब्रो, बङ्क, सुढ्ढा, सुढ्ढी, याऽऽ, सिस्, यारजस्ता शब्दको पनि प्रयोग गर्दछन् भने प्रायः यो वर्ग शिक्षित हुने भएकाले अङ्ग्रेजी पद, पदावली तथा शब्दको प्रयोग पनि गर्दछन् ।

**प्रौढ पात्रहरू**

*राजव्यूह* उपन्यासमा केही प्रौढ पात्रहरूको पनि चरित्र चित्रण रहेको छ । यस्ता पात्रहरूमा ललनथारू, प्रताप दाइ, इन्द्रअङ्कल, उमाकान्त शर्मा, शोभादेवी, नेताजी, सज्जन, डाक्टर आदि रहेका छन् । यिनीहरूले प्रयोग गर्ने भाषामा व्यावहारिक तथा जिम्मेवारीयुक्त भाषाको प्रयोग, पेसागत कार्यमा जोड दिन्छन् । यिनीहरूको भाषा बाल, युवा र वृद्ध पात्रहरूको भन्दा फरक हुन्छ । अर्थात् युवाको जस्तो गैरजिम्मेवार, मनमौजी, स्वतन्त्र र वृद्धको जस्तो उपदेशात्मक, जीवनभोगाइको दर्शन तथा धार्मिक, सांस्कृतिक भाषाशैलीको प्रयोग नभई व्यावहारिक तथा जिम्मेवारीयुक्त रहेको हुन्छ । यस्तो वर्गका पात्रहरूको भाषामा न त पूर्ण आस्तिकता हुन्छ न त पूर्ण नास्तिकता नै, न त पूर्ण जिम्मेवारीपूर्ण हुन्छ न त जिम्मेवारीविहिन हुन्छ अर्थात् यिनीहरू दुवै उमेरसमूहको बिचको अवस्थामा प्रस्तुत भएका हुन्छन् र आर्थिकोपार्जन र परिवारको लालनपालनका लागि आफ्नै काममा व्यस्त रहन्छन् ।

**वृद्ध पात्र**

उमेरगत आधारमा सबैभन्दा बढी उमेरसमूहका पात्रहरू नै वृद्ध वर्गका पात्र हुन् । यस वर्गका पात्रहरूले बाल्यकाल, युवावस्था र प्रौढावस्था पार गरेर जीवनको उत्तरार्द्धमा प्रवेश गरेका हुन्छन् । उनीहरूले जीवनभोगाइको क्रममा विभिन्न आरोहअवरोह पार गरी विभिन्न ज्ञान प्राप्त गरेका हुन्छन् । यस उपन्यासमा महेशका बुबा र आमा, बाहुन, काका, सन्तोषकी आमा वृद्ध पात्रका रूपमा उपस्थित भएका छन् । यिनीहरूले प्रयोग गर्ने भाषामा उनीहरूले जीवन भोगाइका क्रममा पाएका ज्ञानलाई वर्तमान पुस्ताका मानिसहरूलाई सम्झाउँदै उपदेशात्मक भनाइहरूको प्रस्तुति गर्दछन् र वर्तमान पुस्तालाई सचेत गराउने कार्य गर्दछन् । यिनीहरूको भाषिक प्रयोगमा मायालु भाव प्रकट भएको स्पष्ट देख्न सकिन्छ । यो वर्गका मानिसले प्रायः आध्यात्मिक तथा पूजापाठको चर्चा परिचर्चा गर्नुका

साथै भजन, कीर्तनमा रम्ने, मोक्ष प्राप्तिका लागि विभिन्न वैदिक कार्य गर्ने, सन्तानको हित, कल्याणको चाहना गर्ने, कसैका अगाडि नझुक्ने प्रवृत्तिका हुनाले धार्मिक, सांस्कृतिक पद, पदावली तथा वाक्यहरूको प्रयोग गर्दछन् । यिनीहरूले प्रयोग गर्ने भाषाबाट स्पष्ट रूपमा वृद्ध वर्गले प्रयोग गर्ने भाषा हो भनेर बुझ्न सकिन्छ । यिनीहरूले प्रायः हे भगवान्, हे राम, या अल्लाह, आमिन, ॐ नम शिवायः, बुद्धम् शरणम् गच्छामीजस्ता शब्दहरू प्रयोग गर्दछन् ।

उपन्यासमा प्रयुक्त पात्रहरूको उमेरगत स्थितिलाई तलको तालिकाद्वारा स्पष्ट पारिएको छ :

तालिका २ : *पात्रहरूको उमेरगत वर्गीकरण*

| बाल पात्र | युवा पात्र | प्रौढ पात्र | वृद्ध पात्र |
|---|---|---|---|
| सन्तोष, म पात्र, महेशकी छोरी, खुसीराम, ज्ञानबहादुर | महेश, अजय, प्रगति, नर्स, सङ्गीता, कोमल | ललनथारू, प्रताप दाइ, इन्द्र अङ्कल, उमाकान्त शर्मा, शोभादेवी, नेताजी, सज्जन, डाक्टर | महेशका बुबा र आमा, बाहुन, काका, सन्तोषकी आमा |

स्रोत : *राजव्यूह* उपन्यास (२०८०) ।

## लैङ्गिक आधारमा भाषिक स्थितिको विश्लेषण

विषयवस्तुका आधारमा भाषाको विश्लेषण भएजस्तै लिङ्गका आधारमा पनि भाषा प्रयोगमा भिन्नता देखिन्छ । एउटै भाषा र एउटै परिवारभित्र पनि महिला र पुरुषले प्रयोग गर्ने बोलीमा विभेद पाइन्छ । भाषिक प्रयोगको दृष्टिले प्रायः भाषामा महिला हो कि पुरुष हो भनेर छुट्याउन सकिने खालको हुन्छ । यसका साथै ध्वन्यात्मक गुण, रङ्ग, भेद गर्ने क्षमता र शब्दभण्डारका दृष्टिले धेरैजसो भाषामा महिला र पुरुषको भाषामा भिन्नता देखिन्छ । *राजव्यूह* उपन्यासभित्रका पात्रहरूले प्रयोग गरेका भाषाले पनि उनीहरूको लैङ्गिक अवस्थालाई निम्नानुसार देखाउने प्रयास गरिएको छ :

### पुरुष पात्र

लैङ्गिक आधारमा उपन्यासमा स्त्रीलिङ्ग र पुलिङ्गको प्रयोग पाइन्छ । उपन्यासमा स्त्रीपात्रले प्रयोग गरेको भाषा स्त्रीलिङ्गी शब्दको प्रयोग पाइन्छ भने पुलिङ्गको भाषामा पुलिङ्गी शब्दहरूको प्रयोग पाइन्छ । *राजव्यूह* उपन्यासमा अत्यधिक रूपमा पुरुष पात्रहरूको

बाहुल्यता रहेको छ भने महिला पात्रहरूको सङ्ख्या न्यून रहेका छन् । उपन्यासमा डाक्टर, महेश, सन्तोष, ललनसिंह थारू, शिक्षा मन्त्रालयको सचिव, नेताजी, सभापति, पूर्वमन्त्री, अजय, काका, बाहुन, शङ्कर, सज्जन, अतुल, प्रताप दाइ, इन्द्र अङ्कल, ज्ञानबहादुर, विक्रम, राजन, सरोज, वेटर, महेशको बुबा, खुसीराम, उमेश, विद्यार्थी भाइहरू आएका छन् । उपन्यासमा बाल, युवा, प्रौढ र वृद्ध उमेर समूहका पात्रहरूको प्रयोग भएको पाइन्छ । पुरुषले प्रयोग गर्ने भाषामा नरमपना पाउन कठिन हुन्छ । पुरुष पात्रहरूले प्रयोग गरेका संवादहरूमा पुरुषहरूको भाषामा ठाडोपन झल्किन्छ । पुरुष पात्रले रुखो भाषाको प्रयोग गरेको स्वतः प्रष्ट हुन्छ । यस्तो भाषा निरस, आदेशात्मक र हेपाइका शब्दहरूको प्रयोग भएको हुन्छ । यिनीहरूको भाषामा नरमपना पाउन निकै कठिन हुन्छ ।

**स्त्री पात्रहरू**

महिलाहरूको भाषा प्रयोगमा स्त्रीलिङ्गी शब्दहरूको प्रयोग भएको पाइन्छ । उनीहरूको भाषामा कोमल तथा नरम तरिकाले भाषाशैली प्रस्तुत गर्दछन् । पुरुष र महिलाको भाषा प्रयोगमा भिन्नता पाइन्छ । महिलामा मिठासपूर्ण, मृदुभाषी, नरम व्यवहार, कोमल हृदय, स्नेह र ममता रहेको हुन्छ । *राजव्यूह* उपन्यासमा महिला पात्रहरूमा शोभादेवी, सन्तोषकी आमा, सङ्गीता, रमिला, कमला, प्रगति, रमा, महेशकी भाउजू, महेशकी छोरी, रुस्मा, नर्स, सीमा, महेशकी दिदीहरू, कोमल, काउन्टरकी युवती गरी सोह्र जना महिला पात्रहरू रहेका छन् ।

स्त्रीले प्रयोग गर्ने भाषामा स्त्रीलिङ्गी शब्दहरूको प्रयोग गरिएको छ । जस्तै : गरेकी हुँ, भनेकी छु, लियाकी हुँ, मानेकी हुँ आदि । नारीले प्रयोग गर्ने भाषा सुझावात्मक खालका हुन्छन् । संवादका केही शब्दहरू आएकीलाई आकी, मैयाहरूलाई मैयाहरूकन, भनेकीलाई भन्याकी, भनेरलाई भनिकन, गरेकीलाई गर्‍याकीजस्ता अमानक शब्दावली प्रयोग भएको पाइन्छ । यस्तै स्त्रीलिङ्गी भाषिकाको प्रयोगको आधारमा यिनीहरू स्त्रीपात्र हुन् भन्न सकिन्छ ।

समग्रमा महिला र पुरुषले प्रयोग गरेको भाषामा भिन्नता देखिन्छ । पुरुष पात्रले स्त्रीपात्रलाई तँ, तिमी शब्द सम्बोधन गरेको पाइन्छ भने स्त्रीपात्रले तपाइँ, हजुरजस्ता सम्मानजनक शब्दको प्रयोग गरेको पाइन्छ । यस उपन्यासमा महिला भाषामा कोमलता,

मिठास, माया र स्नेह झल्किएको पाइन्छ भने पुरुषको भाषामा ठाडो भाषाको प्रयोग भएको पाइन्छ। यसरी भाषाको विश्लेषण गर्दा लैङ्गिक आधारमा पनि महिला र पुरुषको भाषा प्रयोगमा धेरै भिन्नता पाउन सकिन्छ। वर्गगत र लिङ्गगत भाषा प्रयोग गरिनुका साथै यस उपन्यासमा विषयवस्तु सुहाउँदो पात्र र स्थानअनुसारको पद, पदावली, निपात, उखानटुक्काका साथै बोलीचालीका भाषा प्रयोग भएका छन्। यस उपन्यासमा जुन प्रकारको भाषिक प्रयोग गरिएको छ त्यो नौला छ।

उपन्यासमा प्रयुक्त पात्रहरूको लिङ्गगत स्थितिलाई तलको तालिकाद्वारा स्पष्ट पारिएको छ :

तालिका ३ : *पात्रहरूको लिङ्गगत वर्गीकरण*

| पुरुष पात्र | महिला पात्र |
|---|---|
| डाक्टर, महेश, सन्तोष, ललनसिंह थारू, शिक्षा मन्त्रालयको सचिव, नेताजी, सभापति, पूर्वमन्त्री, अजय, काका, बाहुन, शङ्कर, सज्जन, अतुल, प्रताप दाइ, इन्द्र अङ्कल, ज्ञानबहादुर, विक्रम, राजन, सरोज, वेटर, महेशको बुबा, खुसीराम, उमेश, विद्यार्थी भाइहरू | शोभादेवी, सन्तोषकी आमा, सङ्गीता, रमिला, कमला, प्रगति, रमा, महेशकी भाउजू, महेशकी छोरी, रुस्मा, नर्स, सीमा, महेशकी दिदीहरू, कोमल, काउन्टरकी युवती |

स्रोत : *राजव्यूह* उपन्यास (२०८०)।

## शैक्षिक आधारमा भाषिक स्थितिको विश्लेषण

भाषिक भेदको एक प्रमुख कारकतत्त्व शिक्षालाई पनि मानिन्छ। शिक्षित व्यक्तिहरूले प्रयोग गर्ने भाषा र अशिक्षित व्यक्तिहरूले प्रयोग गर्ने भाषामा धेरै अन्तर भेटिन्छ। शिक्षित समाज र व्यक्तिले मानक, स्तरीय, शुद्ध भाषाको प्रयोग गर्छन् भने अशिक्षित पात्रहरू प्रयोग गर्ने शब्द अशुद्ध, अमानक भाषिकाको प्रयोग गर्दछन्। शैक्षिक अवस्थाले समाजमा भाषिक भेद जन्माएको हुन्छ। *राजव्यूह* उपन्यासभित्रमा रहेका पात्रहरूलाई शैक्षिक अवस्थाका आधारमा शिक्षित पात्र र अशिक्षित पात्र गरी निम्नानुसार प्रस्तुत गरिएको छ :

## शिक्षित पात्र

शिक्षित पात्रका रूपमा *राजव्यूह* उपन्यासमा पुरुष पात्रहरूको बाहुल्यता रहेको छ भने महिला पात्रहरूको सङ्ख्या न्यून रहेका छन् । समाजमा सबै व्यक्तिको एउटै मानसिकता, स्तर र दक्षता हुँदैन । शिक्षित वर्गका पात्रहरू जानेका, बुझेका, अरूलाई सम्झाउने तथा बुझाउने, सान्त्वना दिने हुन्छन् । यस उपन्यासका शिक्षित पात्रहरूमा महेश, शिक्षा मन्त्रालयको सचिव, डाक्टर, नर्स, नेताजी, प्रताप दाइ, प्राध्यापक, अजय, इन्द्र अङ्कल, पूर्वमन्त्री, विद्यार्थी भाइहरू, प्रगति आएका छन् । शिक्षित वर्गका मानिसहरूले प्रयोग गर्ने भाषा स्तरीय, मानक, शिष्ट र औपचारिक प्रकृतिको हुन्छ । यस उपन्यासमा बाल, युवा, प्रौढ र वृद्ध सबै उमेर समूहका पात्रहरूको प्रयोग भएको पाइन्छ । पुरुषले प्रयोग गर्ने भाषामा नरमपना पाउन कठिन हुन्छ । पुरुष पात्रहरूले प्रयोग गरेका संवादहरूमा प्रायः ठाडोपना, रुखो, निरस, आदेशात्मक र हेपाइका शब्दहरूको प्रयोग हुन्छ । यिनीहरूको भाषामा नरमपना पाउन निकै कठिन हुन्छ ।

## अशिक्षित पात्र

शिक्षाको पहुँचबाट वञ्चित रहेका पात्रहरू नै अशिक्षित पात्र हुन् । यस्ता पात्रहरूले नयाँनयाँ आगन्तुक तथा जटिल शब्दको प्रयोग गर्न नसक्नुका साथै व्याकरणिक रूपमा पनि शुद्ध रूपमा उच्चारण गर्न नसक्ने हुनाले भाषिक भेद सिर्जना हुने गर्दछ । यस्ता पात्रहरूको भाषामा ठाडोपना, अदानदर, परिष्कारको कमी र चेतनाको कमी देखिन्छ । यस उपन्यासमा प्रयोग भएका अशिक्षित पात्रहरूमा शोभादेवी, रमा, कोमल, रमिला रहेका छन् । उपन्यासमा रहेका अशिक्षित वर्गका पात्रले समाजमा चलनचल्तीमा रहेका सामान्य बोलचालको भाषा प्रयोग गरेका छन् ।

उपन्यासमा प्रयुक्त पात्रहरूको शैक्षिक स्थितिअनुसार शिक्षित पात्र र अशिक्षित पात्रलाई तलको तालिकाद्वारा स्पष्ट पारिएको छ :

तालिका ४ : *शैक्षिक आधारमा पात्रहरूको वर्गीकरण*

| शिक्षित पात्र | अशिक्षित पात्र |
|---|---|
| महेश, शिक्षा मन्त्रालयको सचिव, डाक्टर, नर्स, नेताजी, प्रताप दाइ, प्राध्यापक, अजय, इन्द्र अङ्कल, पूर्वमन्त्री, विद्यार्थी भाइहरू, प्रगति | शोभादेवी, रमा, कोमल, रमिला |

स्रोत : *राजव्यूह* उपन्यास (२०८०) ।

## राजनैतिक आधारमा भाषिक स्थितिको विश्लेषण

*राजव्यूह* शीर्षकको यस उपन्यासमा २०६४ सालपूर्वको राजनीतिलाई निष्ठाको राजनीतिका रूपमा र त्यसपछिको राजनीतिलाई बेथितिको रूपमा चित्रण गरिएको छ । राजनीति गर्दा तुच्छ शब्द, अरूलाई होच्याउने, झैझगडा गर्नेजस्ता विकृत घटनाहरू भएको पाइन्छ । यसमा पञ्चायतकालदेखि वर्तमानसम्मको चित्रण पाइन्छ । शोधकार्यको उद्देश्यमध्ये पात्रहरूको राजनैतिक आधारलाई पनि एक आधार मानी उपन्यासका पात्रहरूको विश्लेषण यस उपशीर्षकमा गरिएको छ । विभिन्न आधारमा भाषाको विश्लेषण गर्दा विभिन्न भेद पाइएजस्तै राजनैतिक रूपमा पनि राजनैतिक रूपमा सचेत वर्ग अर्थात् राजनीतिज्ञ र राजनीतिप्रति खासै चेत नभएका पात्रहरूको उपन्यासमा उपस्थिति रहेको छ । उपन्यासमा मञ्चीय रूपमा उपस्थित राजनैतिक चेत भएका पात्रहरूमध्ये महेश, ललनसिंह थारू, सचिव, नेताजी, सभापति, पूर्वमन्त्री, अजय, काका, शङ्कर, प्रताप दाइ, इन्द्र अङ्कल, खुसीराम, उमेश रहेका छन् भने नेपाथ्य राजनैतिक पात्रका रूपमा शेरबहादुर देउवा, वी.पी. कोइराला, पूर्वमन्त्री आएका छन् । यी पात्रहरूका अलावा अन्य पात्रहरू राजनीतिप्रति त्यति चासो नराख्ने वा आंशिक जानकार रहेका छन् ।  यी पात्रहरूको पनि भाषा प्रयोगमा भिन्नता देखिन्छ ।

*राजव्यूह* उपन्यासमा कतै धेरै छोटा र कतै धेरै लामा वाक्यको प्रयोग गरिएको यस उपन्यासमा प्रशस्त मात्रामा स्थानीय बोलीचालीको भाषाशैलीको प्रयोग भएको छ । लेख्य चिन्ह प्रयोगका क्रममा पूर्णविराम, अल्पविराम, अर्धविराम, विश्मयादिबोधक चिन्ह, प्रश्नवाचक चिन्ह, एकल उद्धरण, दोहोरो उद्धरण तथा कोष्ठकहरूलाई उपयुक्त ठाउँमा प्रशस्त मात्रामा प्रयोग गरिएको छ । सरल र सहज शब्द तथा वाक्यको प्रयोगले *राजव्यूह*

उपन्यासलाई अझै उचाइमा पुऱ्याएको छ । भाषाको स्थानीय कथ्य भेदको प्रयोगले भाषिक मिठास थपेको देखिन्छ ।

## सारांश

यस अध्यायमा *राजव्यूह* उपन्यासको भाषागत व्याख्या तथा विश्लेषण शीर्षक राखी अध्ययन गरिएको छ । यस अध्यायमा भाषाशैलीका दृष्टिले *राजव्यूह* उपन्यासको विश्लेषण गरिएको छ । भाषाशैलीअन्तर्गत यस उपन्यासमा विषयवस्तु सुहाउँदो पात्र र तत्कालीन समय स्थानअनुसारको पद, पदावली, निपात, उखानटुक्का, संस्कृतका भनाइका साथै स्थानीय बोलीचालीको भाषा प्रयोग गरिएको छ । उपन्यासमा प्रयुक्त पात्रहरूले कथानक अगाडि बढाएका हुनाले कार्यको आधारमा वर्गगत, लिङ्गगत र शैक्षिक आधारमा व्याख्या गरिएको छ । उपन्यासको समाजलाई हेर्दा वर्गगत आधारमा स्पष्ट विभेदित रहेको पाइन्छ । प्रस्तुत उपन्यासमा उच्च, मध्यम र निम्न वर्गीय पात्रहरू रहेका छन् । उपन्यासमा उच्च वर्ग र निम्न वर्गका पात्रहरूभन्दा मध्यम वर्गका पात्रहरूको बाहुल्यता रहेको छ । उपन्यासमा प्रयुक्त पात्रहरूको वर्गीकरणको अर्को प्रमुख आधार लैङ्गिक आधार हो । प्रस्तुत उपन्यासमा नारी र पुरुष दुवै वर्गको सहभागिता रहेको पाइन्छ । उपन्यासका उल्लिखित अधिक मात्रामा पुरुषपात्रको उपस्थिति रहेको छ । शैक्षिक आधारमा पात्रहरूलाई शिक्षित र अशिक्षित गरी दुई वर्गमा वर्गीकरण गरिएको छ । उपन्यासमा शैक्षिक पात्रहरूको बाहुल्यता रहेको छ । पात्रहरूको उमेरगत आधारमा बाल, युवा, प्रौढ र बृद्ध गरी चार वर्गमा वर्गीकरण गरिएको छ । उपन्यासमा युवा वर्गका पात्रहरूको आधिक्य रहेको छ भने वृद्ध पात्रको सङ्ख्या न्यून रहेको छ र अन्त्यमा राजनैतिक आधारमा राजनीतिक रूपमा चतना भएका अर्थात् सचेत पात्रको बारेमा व्याख्या गरिएको छ । उपन्यासमा थोरै मात्र मञ्चीय पात्रहरू राजनीतिक रूपमा सचेत रहेका छन् । अध्यायको अन्त्यमा सारांश प्रस्तुत गरी प्रस्तुत अध्यायलाई समापन गरिएको छ ।

## अध्याय पाँच

## *राजव्यूह* उपन्यासका पात्रहरूको भाषिक प्रयोग

### पृष्ठभूमि

उपन्यासकार कैलाश कोइरालाद्वारा लिखित *राजव्यूह* उपन्यासको समाजभाषिक अध्ययन गर्ने क्रममा त्यसमा प्रयुक्त पात्रहरूलाई वर्ग, लिङ्ग, राजनैतिक र शैक्षिक अवस्थाका आधारमा वर्गीकरण गरिएको छ । यस क्रममा पात्रहरूको वर्गका आधारमा उच्च, मध्यम र निम्न वर्गमा विभक्त गरी भाषाप्रयोग गरिएको छ । यिनीहरूमध्ये उच्च वर्ग शिक्षिक र बौद्धिक वर्गका पात्र रहेका छन् भने मध्यम वर्गका पात्रहरू साक्षर तथा निम्न वर्गका निरक्षर वर्गका पात्रहरू रहेका छन् । लिङ्गका आधारमा महिला र पुरुष गरी वर्गीकरण गरिएको छ । राजनैतिक आधारमा सचेत र सर्वसाधारण गरी वर्गीकरण गरिएको छ भने शैक्षिक  अवस्थाका आधारमा शिक्षित र अशिक्षित गरी पात्रहरूको अध्ययन र विश्लेषणका साथै उनीहरूले प्रयोग गर्ने भाषाको उदाहरणसहित क्रमशः निम्नानुसार छुट्टाछुट्टै वर्गीकरण गरी गरिएको छ :

### वर्गका आधारमा भाषिक प्रयोग

कुनै पनि समाजमा मानिसहरू उच्च, मध्यम र निम्न गरी तीन प्रकारमा विभाजित रहेका हुन्छन् । शोध्य उपन्यास *राजव्यूह*मा पनि आर्थिक तथा शैक्षिक दृष्टिले उच्च, मध्यम र निम्न वर्गका पात्रहरू रहेका छन् । तिनीहरूको परिचय क्रमिक रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

#### उच्च वर्गका पात्रहरू

*राजव्यूह* उपन्यासमा आर्थिक वा राजनैतिक अवस्थाले उच्च वर्गीय पात्रहरूको उपयोग गरिएको छ । यस वर्गका पात्रहरूमा राजनैतिक नेता, उपसभापति, प्रताप दाइ, शेरबहादुर देउवा, उमेश, म्यानेजर, वी.पी. कोइराला, प्रधानाध्यापक, डाक्टर, गीता नर्स, पूर्वमन्त्री, महेश, चार्टर्ड एकाउन्टेन्ट (सि.ए.) रहेका छन् । उनीहरूले तत्कालीन समयको शिक्षित र बौदिक वर्गले बोल्ने भाषाको प्रयोग गरेका छन् र यिनीहरूकै सेरोफेरोमा उपन्यासको कथानकले गति लिएको छ ।

उपन्यासमा प्रयुक्त यिनै केही प्रमुख पात्रहरूले बोलेका केही संवादहरूलाई यसरी प्रस्तुत गरिएको छ - शोभादेवी अलमलिएको देखेर डाक्टरले थप कुरा जान्न चाह्यो - "तपाईं श्वासप्रश्वासको समस्या देखाउन आउनुभएको हो" (पृ. १८)। "हामीले चालिसभन्दा कममा गर्न मिल्दैन गर्न पनि सकिँदैन। भोलिपर्सि आउनुहोला हामी आठ नौ दिन अझै बस्छौँ। बरु त्यो दिन इन्ट्री फि तिर्नु पर्दैन। यो रसिद राख्नुस्" (पृ. २१)। "अरूलाई रुवाउने र घर जलाउनेलाईहरू कम्युनिष्ट हुन्। यिनीहरूको काम अरूलाई रुवाउने हो" (पृ. २८)। "शौचालयका भित्तामा लेखिएका टुक्काहरू, उमेशले बडो नाटकीय किसिमले पढेको छ। मेहनत गर्नुस् तपाइँको भाग्य तपाइँकै हातमा छ। कैयौँ नम्बर पढेर कैयौँपटक उड्यो" (पृ. ७८)। "उहाँहरू पूरै प्रोसेड्युअर गराऊ। अनि डाक्टर प्रकाशको ठाउँ लगिदेऊ। फारम पनि भरिदेऊ। इन्ट्री फि पनि काटिदेऊ" (पृ. १९)। इन्द्र अङ्कलले सबैतिर हेरेर भने - "हो जति प्रताप बाबुको परिवारको योगदान छ त्यति त मेरै योगदान पनि पुग्दैन। उनको बुबाले मलाई त्यो बेला ट्याक्टरमा काम नदिएको भए म पढ्न सक्ने थिइनँ माथिसम्म उमाकान्त दाइले नै हो मलाई माथिका नेताहरू चिनाउनुभएको" (पृ. ६८)। इन्द्र अङ्कलले म सानो छँदा बुबालाई भनेको कुरा सम्झिएँ "दाई, म प्रधानमन्त्री भए यिनीहरूलाई राजा बनाइदिन्छु" (पृ. ३०)। "मेहनत गर्नुस् तपाइँको भाग्य तपाइँकै हातमा छ। साच्चै शौचालयका भित्ता विद्यार्थीका सिर्जनशील दिमागका प्रमाण हुन्" (पृ. ७८)। "सरकारी जागिरको बलिदान गरेर विद्रोह गर्नुभएका वा कसरी आफू दबेर बस्न सक्नुहुन्थ्यो र ?" (पृ. १६५)। "भाउजु बुबाआमा बस्ने कोठातिर फर्किएर ठुलो स्वरमा कराइन् - बुबा, आमाबाबु आउनु भाछ" (पृ. १६३)। "एक साँझ उहाँलाई साइकल सिकाइदिन आग्रह गरेपछि मैले साइकलमा बस्ने मौका पाए" (पृ. १५७)। "कस्तो झुक्किएर तपाईलाई पनि खाना बसाले छु। रमा जिस्किई - म झुक्किँदा तपाईं फाइदामा पर्नुभो" (पृ. १२६)। "तपाईंसँग के को अप्ठ्यारो मान्नु र ? एकदुई दिनमा जुगाड भइहाल्छ नि" (पृ. १२२)। "बुबाको राजनीतिक निष्ठा, योगदान र लोकप्रियताको केही ब्याज पनि प्रतापदाइ र मैले पाइरहेका थियौँ" (पृ. ६५)। "आगामी चुनावमा महेशले टिकट पाउँछ पक्का हो। केन्द्रमा पनि यही कुरा चलेको छ" (पृ. ६१)। "एकछिन त मलाई निकै रिस उठ्यो" (पृ. ६७)। "जहाँबाट हेरे पनि मूल कुरा वातावरण हो" (पृ. ७३)। "राईकपो छोरो सिधै बोल्छु, माइन्ड नगर्नु" (पृ. ८२)। "यहाँ जातीय कुरा नघुसाऔँ" (पृ. ८३)। "जेलभित्र कार्यकर्ता मर्नुको

पछाडि कतै यही कारण त होइन" (पृ. ९८) । "अधिवेशनमा के छ तिम्रो तयारी ?" (पृ. १०४) । "हिजो विद्यार्थी राजनीतिदेखि भोग्दै आइयो, टिकट त जसले पनि पाउन सक्छ" (पृ. १०४) । "रमा शान्त होऊ त हदभन्दा बढी नबोल । ऊ बहिनी हो" (पृ. १४६) । "मेरो नोक्सानी गरेर तेरो जित हुन्छ त" (पृ.१४७ ) । "दाँत कमजोर भइसके कान्छा पानको लत मरिसक्यो" (पृ. १६६) । "म मेरा खराब आदतहरूसँग टाढा भइसकेको छु आजभोलि" (पृ. १६८) ।

उल्लिखित उदाहरणहरूमा इन्द्रअङ्कल, महेश, प्रतापदाइबिच भएका संवादहरूलाई प्रस्तुत गरिएको छ । अध्यक्ष पद कसले पाउने भन्ने बारेमा प्रस्तुत गरिएको छ । यसैगरी "अध्यक्ष पद त एउटै पो हुन्छ लौ सल्लाह गरौँ कसकोमा सहमति हुन्छ" (पृ. ८१) । "तिम्रो पिताको पनि यसमा योगदान छ । एक पुस्ताको मेहनतको असर अर्को पुस्तामा पनि पुग्छ" (पृ. ६५) । "आन्दोलन रोकिँदैन दाइ । राष्ट्रिय विडम्बना गरेर मलाई मेरो स्वार्थ पूरा गर्नुछैन" (पृ. ९८) । "प्रलोभनको कारण त होइन, पार्टी र राजनीतिक करियरका कारण मैले दाइलाई धेरैपटक सम्झाउन खोजेको थिएँ" (पृ. १०१) । "दलको अर्को भातृ सङ्गठन प्रजातान्त्रिक युवा दलको चुनाव हुने घोषणा भयो" (पृ. १११) । "मुलुकमा नयाँ संविधान बनिसकेको थियो । त्यसपछिको आमनिर्वाचनमा आफ्नो क्षेत्रबाट मैले टिकट दावी गर्न थालेँ" (पृ. १४९) ।

माथिका उद्धरणहरूले महेश उच्च वर्गको पात्रको रूपमा प्रस्तुत भएका छन् । उच्च वर्गको पात्र भए तापनि उसले कसैलाई होच्याएको छैन । आफ्नो प्रेमिकाका लागि, श्रीमतीका लागि र दिदीबहिनीका लागि आफूले सकेको सहयोग गरेको छ । माथिका उदाहरणहरूमा प्रयोग भएका वाक्यहरू राजनीतकि पक्षलाई आधार बनाएर प्रस्तुत गरिएको छ । उपन्यासमा २०६४ सालपूर्वको राजनीतिलाई निष्ठाको राजनीतिका रूपमा र त्यसपछिको राजनीतिलाई बेथितिको रूपमा चित्रण गरिएको छ । राजनीति गर्दा तुच्छ शब्द, अरूलाई होच्याउने, झैझगडा गर्नेजस्ता विकृत घटनाहरू भएको पाइन्छ । यसमा पञ्चायतकालदेखि वर्तमानसम्मको चित्रण पाइन्छ । उपन्यासकारले यस उपन्यासका माध्यमबाट नेपालमा रहेका राजनैतिक विकृति, विसङ्गति तथा खराबीहरूलाई कलात्मक र व्यङ्ग्यात्मक ढङ्गले उतार्ने प्रयास गरेका छन् ।

**मध्यम वर्गका पात्रहरू**

*राजव्यूह* उपन्यासमा मध्यम वर्गीय पात्रहरूको बाहुल्यता रहेको छ । मध्यम वर्गीय समुदायको भाषामा उच्चवर्गको जस्तो देखावटीपन र निम्न वर्गको जस्तो भाषिक अशुद्धता हुँदैन । यस उपन्यासमा मध्यम वर्गीय पात्रहरूमा महेशकी श्रीमती र छोरी, प्रताप दाइ, सन्तोषकी आमा, शङ्कर, सज्जन, अतुल, अजय, काका, प्रगति, राजन, नेताजी, म्यानेजर, रुस्मा आदि रहेका छन् । हाम्रो समाजमा रहेका धेरै मानिसहरू मध्यम वर्गीय रहेका कारण सङ्घर्षपूर्ण जीवन बिताइरहेका छन् । यिनैलाई आधार बनाएर उपन्यासको निर्माण भएको पाइन्छ । आफू मध्यम वर्गीय भएकाले प्रगतिले आर्थिक उपार्जनका लागि विदेशिनु परेको छ । प्रस्तुत उपन्यासमा रहेका मध्यम वर्गीय पात्रका केही संवादलाई उदाहरणको रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

"उसले कैयौँपल्ट गुनासो गरेकी छ - महेश पेट घटाऊ त" (पृ. ३४) । "त्यो पसलको आफ्नै खाले किस्सा छन् भन्नेहरू भन्थे - यहाँ त शेरबहादुर देउवा विद्यार्थी छँदाको उधारो बाँकी नै छ" (पृ. ७१) । "मेरो पनि सज्जन दाइलाई नैतिक समर्थन छ" (पृ. ८३) । "सरकारसँग नडराएको जिब्रो तिमीहरूसँग डराउनुपर्ने भो ?" (पृ. १६४) । "यो बेला कतै रमाले नराम्रो मानी कि भन्ने शङ्का लागेर मैले थोरै वार्तालाप बदलेँ । तिम्री भाउजू पनि विस गर्ने रे" (पृ. १३२) । "न राम्रो कपडा छ, न गाडीमा पेट्रोल छ । सकभर तिमीहरूलाई नि केही ल्याउनुपर्ला भन्ने सोचेको छु" (पृ. १२४) । "टियुमा गरेको सातआठ वर्षीय राजनीतिक पार्टी र राजनीतिक कारण मैले दाइलाई धेरैपटक सम्झाउन खोजेको थिएँ" (पृ. १०१) । "जसरी बुबाको पान खाने आदत मरेको छ, त्यसैगरी मेरा खराब आदतहरू सुक्दै जानेछन्" (पृ. १६८) । "बहुदलको पक्षमा निर्णय नआउँदा बुबा निकै निराश हुनुभयो । लुकीलुकी हिँड्नुपर्ने दिनको समाप्ती कल्पिनुभएको थियो बुबाले । तर, निर्दलले जिते पनि उहाँ निरन्तर प्रशासनको आँखाको तारो भइरहेको थियो" (पृ. २६) । "पुरुषहरू कतिसम्म पछि लाग्छन् र कति आशा दिलाउँछन्, ओहो ! त्यसैले मलाई आजभोलि धेरै आशा बिलाउने पुरुषहरू मन पर्दैनन्" (पृ. १५८) । "... म पत्ता लगाउँछु कसले मारेको हो भनेर । पावर नै हाम्रो हातमा छ । चिन्ता नलेऊ । बरु भन् त्यो हाम्रो कुरा थियो नि ?" (पृ. ९८) । "वेटरले कागजमा खस्याकखुसुक केही लेखेर फर्कियो । त्यसपछि नेताजी र मेरा केही व्यक्तिगत कुराहरू भए" (पृ. १०३) । प्रस्तुत उपन्यासमा इन्द्र अङ्कल, प्रताप दाइ, प्रगति,

नेताजी, अजयजस्ता पात्रहरूको संवादमा भन्नुभो, आउनुहोला, पठाइदे आदि क्रियापदले मध्यमवर्गको पात्रहरूको सङ्केत गरेको छ ।

"दाइ कुरुवा एकजना भए भइहाल्छ । किन निद्रा खराब गर्नुहुन्छ" (पृ. १२०) । "मेरो पर्स, एटिएम र चेक सबै त्यतै छ" (पृ. १२४) । "जन्मदिनको उपहार स्कुटी घरमै पुऱ्याइदेऊ तुरुन्तै । हिजो श्रीमतीको बर्थ डे प्रोग्राममैं बिजी भएँ" (पृ. १२९) । अजय बच्न खोज्यो "दाइ - बहिनीहरूको लफडामा मलाई बिचमा नपार है कसैले पनि" (पृ. १३६) । दाइले त्यो वातावरणलाई सहज बनाउन खोजे "चाहिएको सामान मै पुऱ्याइदिउँला नि !" (पृ. १६४) । यी संवादहरूबाट के बुझिन्छ भने एक मध्यम परिवारमा पारिवारिक झैझगडाले नराम्रो अवस्था सिर्जना हुन्छ । प्रगति एक मध्यम वर्गकी पात्र हुन् । यस वर्गका मानिसहरू समाजमा दुःख गरी अरूको भनाइ र थिचोमिचोलाई सहेर बस्ने व्यक्ति समूहमा पर्दछन र यस वर्गका मानिसहरूले समाजमा अर्काको काम गरी आएको पैसाले आफ्नो परिवार पालिरहेका हुन्छन् ।

उपन्यासमा प्रयुक्त यस्ता शब्द तथा वाक्यमा सामान्य आदरार्थी भाव प्रस्तुत भएको तथा आफ्नो आर्थिक अवस्था कमजोर भएका कारण आफ्ना आवश्यकताहरू परिपूर्ति गर्न समस्या परेको स्पष्ट कुरा पात्रहरूले प्रयोग गरेका भाषाबाट स्पष्ट हुने हुनाले माथि उल्लेख गरिएका उदाहरण बोल्ने पात्रहरू मध्यम वर्गीय पात्र हुन् भन्न सकिन्छ ।

**निम्न वर्गका पात्रहरू**

*राजव्यूह* उपन्यासमा निम्न वर्गीय पात्रहरूको पनि उपस्थिति रहेको छ । प्रस्तुत उपन्यासमा रहेको निम्न वर्गीय पात्रहरूमा शोभादेवी, वेटर, काउन्टरकी युवती, कोमल, लखन थारू, कमला र रमिला रहेका छन् । निम्न वर्गीय पात्रहरूको स्थिति पनि निम्न नै रहेको छ । यिनीहरूको मनोदशा यिनीहरूले प्रयोग गर्ने संवादहरूमा झल्किन्छ । यिनीहरूले निम्नस्तरकै जीवनशैली बिताइरहेका हुनाले कहीँकतै उनीहरूले प्रयोग गर्ने भाषामा अस्पष्टता रहेको र उनीहरूको जीवन सङ्घर्षमय भएका कारण कारुणिकता मिसिएको पाइन्छ । निम्न वर्गीय पात्रहरूलाई उपन्यासमा शिक्षित वर्गसँग पनि सम्पर्कमा रहेका कारण उनीहरूले बोलेका भाषामा शिष्ट, सरलपन र मिठो रहेको पाउन सकिन्छ । यसका केही उदाहरणहरू निम्नानुसार रहेका छन् :

“सबै कुराको दुःखलाई पार गर्दै आफैभित्रको त्योभन्दा गरुङ्गो दुःखलाई सहेर दुरी तय गर्दै थिइन् उनी” (पृ. १६) । शोभादेवी अलमलिएको देखेर डाक्टरले थप कुरा जान्न चाह्यो र भन्यो - “प्रत्येक रोगका फरक फरक डाक्टर हुन्छन् अनि चेकअप गर्नुअघि फारम भर्नुपर्छ, फि तिर्नुपर्छ” (पृ. १८) । “शोभादेवीले सेतो पटुकीमा लुकाएका केही सिक्का पैसा निकालिन्” (पृ. २१) । “बुबाले सबैलाई खुसीरामको घरको भित्री कोठामा लुकाएर राखे” (पृ. २७) । “पाल्पामा हामी डेरामा बस्न थाल्यौँ । बुबाले त्यहाँ चुरोटको व्यापार गर्न थाल्नुभयो” (पृ. २९) । “सङ्गीता मेरो लागि स्पेशल थिइन् । त्यसैले उसको काम बनाउन डेढ लाख खर्च गर्नु मेरो लागि ठुलो कुरा थिएन” (पृ. ४८) । “मैले हेर्दा केटोको पिठ्युँ देखिन्थ्यो भने सङ्गीताको अनुहार । ठीक त्यसैगरी उसले मतिर हेर्दा कोमलको पिठ्युँ देखिन्थ्यो भने मेरो अनुहार” (पृ. ५०) । “काउन्टरकी युवतीको मधुर स्वर आयो - हजुर सर !” (पृ. ५६) । “ऊ निशङ्कोच कोठाभित्र आयो । टेबुलमा लाइटर राखिदियो । उसले सङ्गीतातिर एक नजर पनि हेरेन । मैले बुझेँ - त्यो उसको कामप्रतिको इमानदारिता हो” (पृ. ५९) । “दाइ खासमा म एक टुहुरी हुँ । एक सामान्य फाइनान्समा काम गरिरहेको छु” (पृ. ११३) । “अभावमा हुर्किएकी केटी । माया नपाएकी । अभिभावकको नाममा मलाई पाउँदा उसमा निकै ऊर्जा र उत्साह थपिएको थियो” (पृ. ११५) । “पैसा छैन यार छोरो पढाउन” (पृ. ८९) ।

माथिका उदाहरणहरूमा प्रयोग भएको भाषालाई हेर्दा वक्ताहरू निम्न वर्गीय पात्र हुन् भनेर सजिलै पत्ता लगाउन सकिन्छ । उपन्यासमा उमेश वच्च वर्गको पुरुष पात्र हो । उसले घरमा श्रीमती हुँदाहुँदै परस्त्रीसँग शारीरिक सम्बन्ध राख्छ । पैसाको रवाफमा नारी जातिको शरीरसँग उसले खेलवाड गरेको छ । उसले आफ्नी श्रीमतीको मनोविज्ञान नबुझी बाहिरै आफ्नो यौनिक चाहना पूरा गर्छ । उसले कमला, रमिलाजस्ता निम्न स्तरका महिलाहरूको शरीरसँग पैसाको रवाफ देखाएर खेलेको हुन्छ । रमिला र कमलाजस्ता महिला पात्रहरूले आफ्नो घरको आर्थिक अवस्था कमजोर भएका कारण बाध्यतावश शरीर बेच्न परेको अवस्था उपन्यासमा देखिएको छ । यसरी उपन्यासमा हातमुख जोर्नसमेत असमर्थ पात्रहरूको समेत प्रयोग भएको छ । उनीहरूको भाषा प्रयोग पनि उपन्यासमा प्रस्तुत भएका छन् ।

## उमेरगत आधारमा भाषिक प्रयोग

*राजव्यूह* उपन्यासमा प्रयोग भएका पात्रहरूमा बाल पात्र, युवा पात्र, प्रौढ (वयस्क) पात्र र वृद्ध पात्र गरी चार किसिमका पात्रहरूको प्रयोग भएको पाइन्छ । ती सबै उमेरका पात्रहरूले उपन्यासमा के कस्तो प्रकारको भाषा प्रयोग गरेका छन् भनी निम्नानुसार उदाहरणसहित प्रस्तुत गरिएको छ :

### बाल पात्रहरू

*राजव्यूह* उपन्यासमा बालपात्रअन्तर्गत सन्तोष, म पात्र, महेशकी छोरी, खुसीराम, ज्ञानबहादुर रहेका छन् । उपन्यासमा शोभादेवीको छैटौँ सन्तान म पात्र हो । बालकले प्रयोग गर्ने भाषा बढी कोमल प्रकृतिको हुन्छ । बाहुनले यसलाई भगवान् शिवको आशीर्वाद छ, निकै भाग्यमानी छ भनेका थिए । यी बाल पात्रहरूले प्रयोग गरेका केही भाषिक प्रयोगलाई निम्नानुसार उदाहरण सहित प्रस्तुत गरिएको छ :

"अरे बे, नयाँ गुलेली बबाल पो छ त !" (पृ. ४१) । मित्रताले बोली बोलेँ "ह्या ! हाम्रो घर नै नजिकै छ स्कुलको कक्षा मात्र त फरक हो नि" (पृ. ३६) । "हामीले अस्ती एउटा माछा माऱ्यौँ । खुसीरामले पानीमा पो सिकार गर्छ" (पृ. ३७) । यी उदाहरणहरूमा प्रयोग भएको भाषा बाल पात्रको हो भन्ने स्पष्ट हुन्छ । यहाँ प्रयोग भएका भाषा पनि मिठो र मायालु पाराको रहेका छन् ।

### युवा पात्रहरू

*राजव्यूह* उपन्यासमा केही युवा पात्रहरूको पनि चरित्र चित्रण रहेको छ । युवा पात्रअन्तर्गत महेश, अजय, प्रगति, नर्स, सङ्गीता, कोमल रहेका छन् । कथानक अनुसार महेशले कोमलसँग प्रेम गर्दागर्दै उसको भेट सङ्गीतासँग हुन्छ । कोमललाई छाडेर सङ्गीतातिर आकर्षित हुन्छ । यस उपन्यासमा युवा पात्रले प्रयोग गरेका केही भाषिक उदाहरणहरूमा : "कतिखेर अविवाहित केटीलाई विवाहितहरूले जिस्क्याइरहेका थिए" (पृ. ७३) । "ट्युको जङ्गलको सेरोफेरोलाई आधारित बनाएर युवायुवतीहरूको व्यवहारको बारेमा व्याख्या गरिएको थियो" (पृ. ७५) । "केटाकेटीहरू रुखमा च्यापिएर थुतुनो जोडेको पाइन्छ । रुखहरूमध्ये एउटा मोटो रुख थियो । त्यो रुखनेर एक जोडी प्रेम पोख्दापोख्दै सबथोक गर्न भ्याएको कुरा प्रस्तुत गरिएको छ" (पृ. ७६) । "केटाहरूको काण्ड हेर्दा आश्चर्य लाग्ने

देखिन्थ्यो" (पृ. ७७) । "जसरी हुन्छ एकपटक विदेश गएर स्टाटस बनाउने रहर छ, देशमा त यस्तै हो" (पृ. ११३) । जेठी दिदीले सुस्तरी भन्नुभो - "खै फोनमा के खबर आयो ?" (पृ. ११७) । "अनि खबरसबर नगरे के बुझ्नु त ? कति चिन्ता लाग्छ यसरी गायब हुँदा" (पृ. १२४) । रमा जिस्किइ र भनी "म झुक्किँदा तपाईं फाइदामा पर्नु भो" (पृ. १२६) । "दाइ चेक हो भने म लिन्न है । प्लिज माइन्ड नगर्नुहोला है" (पृ. १३७) । "तपाईंसँग त हरेक कुराको बहाना छ, सुनाउनु न" (पृ. १३९) । "ठाकुठुक पर्ने एक कारण त यो सुर्ती पनि हो । हरे यसको गन्ध" (पृ. १६४) ।

दिइएका उदाहरणहरू युवा पात्रले उपन्यासमा प्रयोग गरेका केही भाषिक साक्ष्यहरू हुन् । यी भाषामा प्रेम, प्रणय, स्वच्छन्दता, यौनसम्बन्धी कुराकानी, यौवनका झिल्काहरूको प्रकटीकरण गरिएका छन् । यस्ता भाषाशैली युवा पात्रहरूले प्रयोग गरेका हुन् भने कुरा स्वतः प्रस्ट हुन्छ ।

**प्रौढ तथा वृद्ध पात्रहरू**

उपन्यासमा प्रौढ तथा वृद्ध पात्रहरूको प्रयोग भए तापनि उनीहरूको सम्वाद थोरै मात्र प्रयोग भएको देखिन्छ । यिनीहरूले प्रयोग गरेका केही साक्ष्यमा बाहुनले "यसलाई भगवान् शिवको आशीर्वाद छ, निकै भाग्यमानी छ" भनेका थिए (पृ. २२) । "पाल्पामा हामी डेरामा बस्न थाल्यौं । बुबाले त्यहाँ चुरोटको व्यापार गर्न थाल्नुभयो" (पृ. २९) । इन्द्र अङ्कलले म सानो छँदा बुबालाई भनेको कुरा सम्झिएँ "दाई, म प्रधानमन्त्री भए यिनीहरूलाई राजा बनाइदिन्छु" (पृ. ३०) । यस्ता वर्गका पात्रहरूले प्रायः धार्मिक र आध्यात्मिक कुराहरू गर्नुका साथै धार्मिक कार्यमा प्रयोग हुने भजन, कीर्तन, पूजाआजामा प्रयोग हुने शब्द तथा वाक्यहरूको प्रयोग गर्ने गरेको पाइन्छ साथै आफूले जीवन भोगाइका क्रममा प्राप्त गरेका अनुभवलाई आफूभन्दा तल्लो उमेर समूहका मानिसहरूलाई सम्झाउने, बुझाउने र नैतिक तथा औपदेशिक भाषाको प्रयोग गर्ने हुनाले यिनीहरूको भाषा प्रयोगमा बाल तथा युवाको भन्दा पृथक हुनाले प्रस्ट रूपमा विभेद रहेको देखिन्छ । यो वर्गका पात्रले प्रयोग गर्ने भाषामा शिष्टता, नम्रता र उपदेशात्मक रहने कुरा स्पष्ट हुन्छ ।

## लैङ्गिक आधारमा भाषिक प्रयोग

विषयवस्तुका आधारमा भाषाको विश्लेषण भएजस्तै लिङ्गका आधारमा पनि भाषा प्रयोगमा भिन्नता देखिन्छ । एउटै भाषा र एउटै परिवारभित्र पनि महिला र पुरुषले प्रयोग गर्ने बोलीमा विभेद पाइन्छ । भाषिक प्रयोगको दृष्टिले प्रायः भाषामा महिला हो कि पुरुष हो भनेर छुट्याउन सकिने खालको हुन्छ । यसका साथै ध्वन्यात्मक गुण, रङ्ग, भेद गर्ने क्षमता र शब्दभण्डारका दृष्टिले धेरैजसो भाषामा महिला र पुरुषको भाषामा भिन्नता देखिन्छ । *राजव्यूह* उपन्यासभित्रका पात्रहरूले प्रयोग गरेका भाषाले पनि उनीहरूको लैङ्गिक अवस्थालाई विश्लेषण गरिएको छ साथै लैङ्गिक अवस्थाका कारण देखिएको भाषिक भेदलाई समेत यहाँ देखाउने प्रयास गरिएको छ ।

### पुरुष पात्रहरू

लैङ्गिक आधारमा उपन्यासमा स्त्रीलिङ्ग र पुलिङ्गको प्रयोग पाइन्छ । उपन्यासमा स्त्रीपात्रले प्रयोग गरेको भाषा स्त्रीलिङ्गी शब्दको प्रयोग पाइन्छ भने पुलिङ्गको भाषामा पुलिङ्गी शब्दहरूको प्रयोग पाइन्छ । *राजव्यूह* उपन्यासमा अत्यधिक रूपमा पुरुष पात्रहरूको बाहुल्यता रहेको छ भने महिला पात्रहरूको सङ्ख्या न्यून रहेका छन् । उपन्यासमा डाक्टर, महेश, सन्तोष, ललनसिंह थारू, शिक्षा मन्त्रालयको सचिव, नेताजी, सभापति, पूर्वमन्त्री, अजय, काका, बाहुन, शङ्कर, सज्जन, अतुल, प्रताप दाइ, इन्द्र अङ्कल, ज्ञानबहादुर, विक्रम, राजन, सरोज, वेटर, महेशको बुबा, खुसीराम, उमेश, विद्यार्थी भाइहरू आएका छन् । उपन्यासमा बालक, युवादेखि प्रौढ र वृद्ध उमेर समूहका पात्रहरूको प्रयोग भएको पाइन्छ । पुरुषले प्रयोग गर्ने भाषामा नरमपना पाउन कठिन हुन्छ । उपन्यासमा प्रयुक्त केही पुरुष पात्रले प्रयोग गरेका भाषिक उदाहरणहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

शोभादेवी अलमलिएको देखेर डाक्टरले थप कुरा जान्न चाह्यो र भन्यो - “प्रत्येक रोगका फरक फरक डाक्टर हुन्छन् अनि चेकअप गर्नुअघि फारम भर्नुपर्छ, फि तिर्नुपर्छ” (पृ. १८) । डाक्टरले नर्सतिर फर्किएर बुझाउन थाल्यो - “उहाँहरू पूरै  प्रोसेड्युअर गराऊ । अनि डाक्टर प्रकाशको ठाउँ लगिदेऊ । फारम पनि भरिदेऊ । इन्ट्री फि पनि काटिदेऊ” (पृ. १९) । “हामीले चालिसभन्दा कममा गर्न मिल्दैन गर्न पनि सकिँदैन । भोलिपर्सि आउनुहोला हामी आठनौ दिन अझै बस्छौँ । बरु त्यो दिन इन्ट्री फि तिर्नु पर्दैन । यो रसिद

राख्नुस्" (पृ. २१) । बाहुनले "यसलाई भगवान् शिवको आशीर्वाद छ, निकै भाग्यमानी छ" भनेका थिए (पृ. २२) । "पाल्पामा हामी डेरामा बस्न थाल्यौं । बुबाले त्यहाँ चुरोटको व्यापार गर्न थाल्नुभयो" (पृ. २९) । इन्द्र अङ्कलले म सानो छँदा बुबालाई भनेको कुरा सम्झिएँ "दाई, म प्रधानमन्त्री भए यिनीहरूलाई राजा बनाइदिन्छु" (पृ. ३०) । "सङ्गीता मेरो लागि स्पेशल थिइन् । त्यसैले उसको काम बनाउन डेढ लाख खर्च गर्नु मेरो लागि ठुलो कुरा थिएन" (पृ. ४८) । "मैले हेर्दा केटोको पिठ्युँ देखिन्थ्यो भने सङ्गीताको अनुहार । ठीक त्यसैगरी उसले मतिर हेर्दा कोमलको पिठ्युँ देखिन्थ्यो भने मेरो अनुहार" (पृ. ५०) । "तेरी आमालाई हाम्रो घर नजानू भन् । मलाई त आमाले मार्नुहुन्छ" (पृ. ३८) । इन्द्र अङ्कलले सबैतिर हेरेर भने - "हो जति प्रताब बाबुको परिवारको योगदान छ त्यति त मेरै योगदान पनि पुग्दैन । उनको बुबाले मलाई त्यो बेला ट्याक्टरमा काम नदिएको भए म पढ्न सक्ने थिइनँ माथिसम्म उमाकान्त दाइले नै हो मलाई माथिका नेताहरू चिनाउनुभएको" (पृ. ६८) ।

माथिका उदाहरणहरू पुरुष पात्रहरूले प्रयोग गरेका केही संवाद हुन् । यी संवादहरूमा पुरुषहरूको भाषामा ठाडोपन झल्किन्छ । पुरुष पात्रले रुखो भाषाको प्रयोग गरेको स्वतः प्रष्ट हुन्छ । यस्तो भाषा निरस, आदेशात्मक र हेपाइका शब्दहरूको प्रयोग भएको हुन्छ । यिनीहरूको भाषामा नरमपना पाउन कठिन हुन्छ ।

**स्त्री पात्रहरू**

महिलाहरूको भाषा प्रयोगमा स्त्रीलिङ्गी शब्दहरूको प्रयोग भएको पाइन्छ । उनीहरूको भाषामा कोमल तथा नरम तरिकाले भाषाशैली प्रस्तुत गर्दछन् । पुरुष र महिलाको भाषा प्रयोगमा भिन्नता पाइन्छ । महिलामा मिठासपूर्ण, मृदुभाषी, नरम व्यवहार, कोमल हृदय, स्नेह र ममता रहेको हुन्छ । *राजव्यूह* उपन्यासमा महिला पात्रहरूमा शोभादेवी, सन्तोषकी आमा, सङ्गीता, रमिला, कमला, प्रगति, रमा, महेशकी भाउजू, महेशकी छोरी, रुस्मा, नर्स, सीमा, महेशकी दिदीहरू, कोमल, काउन्टरकी युवती आदि रहेका छन् । गरी नौ जना महिला पात्रहरू रहेका छन् । उनीहरूले प्रयोग गरेका भाषिक स्थितिका केही उदाहरणलाई निम्नानुसार तल प्रस्तुत गरिएको छ :

"भो मलाई ठीक लागेको गर्छु । उनलाई यो पीरले नछोओस्" (पृ. १६) । "पालो आएपछि डाक्टरले के के भन्नुहुन्छ, मलाई भन्नुहोला" (पृ. २०) । "यो बच्चा पक्कै

भाग्यमानी छ । म अब यसलाई फाल्दिनँ" (पृ. २२) । आमाले कठोर भएर बोल्नुभयो, "यस्तो जङ्गली ठाउँमा अब फर्किन्नौँ" (पृ. २९) । "जसरी हुन्छ एकपटक विदेश गएर स्टाटस बनाउने रहर छ, देशमा त यस्तै हो" (पृ. ११३) । जेठी दिदीले सुस्तरी भन्नुभो - "खै फोनमा के खबर आयो ?" (पृ. ११७) । "अनि खबरसबर नगरे के बुझ्नु त ? कति चिन्ता लाग्छ यसरी गायब हुँदा" (पृ. १२४) । रमा जिस्किइ र भनी "म झुक्किँदा तपाईं फाइदामा पर्नु भो" (पृ. १२६) । "दाइ चेक हो भने म लिन्न है । प्लिज माइन्ड नगर्नुहोला है" (पृ. १३७) । "तपाईंसँग त हरेक कुराको बहाना छ, सुनाउनु न" (पृ. १३९) आदि ।

यसरी माथि उल्लिखित भनाइहरू महिला पात्रका हुन् । स्त्रीले प्रयोग गर्ने भाषामा स्त्रीलिङ्गी शब्दहरूको प्रयोग गरिएको छ । जस्तै : नछोओस्, पक्कै भाग्यमानी छ, बुझ्नु त, प्लिज, है, फाल्दिनँ, नगर्नुहोला आदि । नारीले प्रयोग गर्ने भाषा सुझाव प्रदान गर्ने खालका हुन्छन् । यिनीहरूको संवादमा आत्मियता, मायालुपना, नरमपना र कोमलता भरिएको हुन्छ भने कतैकतै दुःख र पीडाको झलक पनि देखिन्छ ।

समग्रमा महिला र पुरुषले प्रयोग गरेको भाषामा भिन्नता देखिन्छ । पुरुष पात्रले स्त्रीपात्रलाई तँ, तिमी शब्द सम्बोधन गरेको पाइन्छ भने स्त्रीपात्रले तपाइँ, हजुरजस्ता सम्मानजनक शब्दको प्रयोग गरेको पाइन्छ । यस उपन्यासमा महिला भाषामा कोमलता, मिठास, माया र स्नेह झल्किएको पाइन्छ भने पुरुषको भाषामा ठाडो भाषाको प्रयोग भएको पाइन्छ । यसरी भाषाको विश्लेषण गर्दा लैङ्गिक आधारमा पनि महिला र पुरुषको भाषा प्रयोगमा धेरै भिन्नता पाउन सकिन्छ । वर्गगत र लिङ्गगत भाषा प्रयोग गरिनुका साथै यस उपन्यासमा विषयवस्तु सुहाउँदो पात्र र स्थानअनुसारको पद, पदावली, निपात, उखानटुक्काका साथै बोलीचालीका भाषा प्रयोग भएका छन् । यस उपन्यासमा जुन प्रकारको भाषिक प्रयोग गरिएको छ त्यो नौला छ ।

## शैक्षिक आधारमा भाषिक स्थितिको विश्लेषण

भाषिक भेदको एक प्रमुख कारकतत्त्व शिक्षालाई पनि मानिन्छ । शिक्षित व्यक्तिहरूले प्रयोग गर्ने भाषा र अशिक्षित व्यक्तिहरूले प्रयोग गर्ने भाषामा धेरै अन्तर भेटिन्छ । शिक्षित समाज र व्यक्तिले मानक, स्तरीय, शुद्ध भाषाको प्रयोग गर्छन् भने अशिक्षित पात्रहरू प्रयोग गर्ने शब्द अशुद्ध, अमानक, अशिष्ट, अश्लील र गालीयुक्त भाषाको प्रयोग गर्दछन् । शैक्षिक

अवस्थाले पनि समाजमा रहेका शिक्षित र अशिक्षित पात्रहरूबिच स्पष्ट रूपमा भाषिक भेद जन्माएको हुन्छ । *राजव्यूह* उपन्यासभित्रमा रहेका पात्रहरूलाई शैक्षिक अवस्थाका आधारमा शिक्षित पात्र र अशिक्षित पात्रमा वर्गीकरण गरी उनीहरूले प्रयोग गर्ने भाषिक स्थितिलाई उदाहरणसहित निम्नानुसार तल प्रस्तुत गरिएको छ :

**शिक्षित पात्र**

शिक्षित पात्रका रूपमा *राजव्यूह* उपन्यासमा पुरुष पात्रहरूको बाहुल्यता रहेको छ भने महिला पात्रहरूको सङ्ख्या न्यून रहेको छ । समाजमा सबै व्यक्तिको एउटै मानसिकता, स्तर र दक्षता हुँदैन । शिक्षित वर्गका पात्रहरू जानेका, बुझेका, अरूलाई सम्झाउने तथा बुझाउने, सान्त्वना दिने प्रवृत्तिका हुन्छन् । यस उपन्यासका शिक्षित पात्रहरूमा महेश, शिक्षा मन्त्रालयको सचिव, डाक्टर, नर्स, नेताजी, प्रताप दाइ, प्राध्यापक, अजय, इन्द्र अङ्कल, पूर्वमन्त्री, विद्यार्थी भाइहरू, प्रगति आएका छन् । शिक्षित वर्गका मानिसहरूले प्रयोग गर्ने भाषा स्तरीय, मानक, शिष्ट र औपचारिक प्रकृतिको हुन्छ । यस उपन्यासमा बाल, युवा, प्रौढ र वृद्ध सबै उमेर समूहका पात्रहरूको प्रयोग भएको पाइन्छ । पुरुषले प्रयोग गर्ने भाषामा नरमपना पाउन कठिन हुन्छ । पुरुष पात्रहरूले प्रयोग गरेका संवादहरूमा प्रायः ठाडोपना, रुखो, निरस, आदेशात्मक र हेपाइका शब्दहरूको प्रयोग हुन्छ । यिनीहरूको भाषामा नरमपना पाउन निकै कठिन हुन्छ ।

**अशिक्षित पात्र**

शिक्षाको पहुँचबाट वञ्चित रहेका पात्रहरू नै अशिक्षित पात्र हुन् । यस्ता पात्रहरूले नयाँनयाँ आगन्तुक तथा जटिल शब्दको प्रयोग गर्न नसक्नुका साथै व्याकरणिक रूपमा पनि शुद्ध रूपमा उच्चारण गर्न नसक्ने हुनाले भाषिक भेद सिर्जना हुने गर्दछ । यस्ता पात्रहरूको भाषामा ठाडोपना, अदादर, अमानक, परिष्कारको कमी तथा चेतनाको कमी देखिन्छ । यस उपन्यासमा प्रयोग भएका अशिक्षित पात्रहरूमा शोभादेवी, रमा, कोमल, रमिला रहेका छन् । उपन्यासमा रहेका अशिक्षित वर्गका पात्रले समाजमा चलनचल्तीमा रहेका सामान्य बोलचालको भाषा प्रयोग गरेका छन् ।

माथिका उदाहरणहरूको आधारमा हेर्दा ती संवादहरू प्रस्तुत गर्ने पात्रहरू अशिक्षित हुन् भन्ने कुरा स्पष्ट हुन्छ । उपन्यासमा रहेका अशिक्षित वर्गका पात्रले समाजमा

चलनचल्तीमा रहेका सामान्य बोलचालको भाषा प्रयोग गरेका छन् भने कतैकतै गाली गलौचपूर्ण भाषाका साथै अश्लील शब्दहरूको प्रयोग भएको समेत देखिन्छ । यस्ता शब्दको उच्चारण हुनु भनेको शैक्षिक चेतना नहुनुले नै हो । यस्ता बोली प्रयोगले समाजमा झैझगडा हुने, शङ्काको भावना सिर्जना हुने हुन्छ । यसरी शिक्षित र अशिक्षित वर्गका मानिसहरूको भाषिक भेद स्पष्ट रूपमा देख्न सकिन्छ ।

## राजनैतिक आधारमा भाषिक प्रयोग

*राजव्यूह* उपन्यासमा उपन्यासमा उपस्थित राजनैतिक चेत भएका पात्रहरूमध्ये महेश, ललनसिंह थारू, सचिव, नेताजी, सभापति, पूर्वमन्त्री, अजय, काका, शङ्कर, प्रताप दाइ, इन्द्र अङ्कल, खुसीराम, उमेश रहेका छन् भने अन्य पात्रहरू राजनीतिप्रति त्यति चासो नराख्ने वा आंशिक जानकार रहेका छन् र उनीहरू मञ्चीय रूपमा उपस्थित भएका छन् भने वी.पी. कोइराला, शेरबहादुर देउवाजस्ता नेपथ्य पात्रहरूको पनि प्रयोग भएको छ । यी पात्रहरूले प्रयोग गरेका केही भाषिक उदाहरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

"अरूलाई रुवाउने र घर जलाउनेलाईहरू कम्युनिष्ट हुन् । यिनीहरूको काम अरूलाई रुवाउने हो" (पृ. २८) । इन्द्र अङ्कलले म सानो छँदा बुबालाई भनेको कुरा सम्झिएँ "दाई, म प्रधानमन्त्री भए यिनीहरूलाई राजा बनाइदिन्छु" (पृ. ३०) । "आगामी चुनावमा महेशले टिकट पाउँछ पक्का हो । केन्द्रमा पनि यही कुरा चलेको छ" (पृ. ६१) । "बुबाको राजनीतिक निष्ठा, योगदान र लोकप्रियताको केही ब्याज पनि प्रतापदाइ र मैले पाइरहेका थियौं" (पृ. ६५) । इन्द्र अङ्कलले सबैतिर हेरेर भने - "हो जति प्रताब बाबुको परिवारको योगदान छ त्यति त मेरै योगदान पनि पुग्दैन । उनको बुबाले मलाई त्यो बेला ट्याक्टरमा काम नदिएको भए म पढ्न सक्ने थिइनँ माथिसम्म उमाकान्त दाइले नै हो मलाई माथिका नेताहरू चिनाउनुभएको" (पृ. ६८) । "अध्यक्ष पद त एउटै पो हुन्छ लौ सल्लाह गरौं कसकोमा सहमति हुन्छ" (पृ. ८१) । "यहाँ जातीय कुरा नघुसाऔं" (पृ. ८३) । "आन्दोलन रोकिँदैन दाइ । राष्ट्रिय विडम्बना गरेर मलाई मेरो स्वार्थ पूरा गर्नुछैन" (पृ. ९८) । "प्रलोभनको कारण त होइन, पार्टी र राजनीतिक करियरका कारण मैले दाइलाई धेरैपटक सम्झाउन खोजेको थिएँ" (पृ. १०१) । "दलको अर्को भातृ सङ्गठन प्रजातान्त्रिक युवा दलको चुनाव हुने घोषणा भयो" (पृ. १११) । "मुलुकमा नयाँ संविधान बनिसकेको थियो । त्यसपछिको आमनिर्वाचनमा आफ्नो क्षेत्रबाट मैले टिकट दावी गर्न थालें" (पृ. १४९) ।

“जेलभित्र कार्यकर्ता मर्नुको पछाडि कतै यही कारण त होइन” (पृ. ९८) । “अधिवेशनमा के छ तिम्रो तयारी ?” (पृ. १०४) । “हिजो विद्यार्थी राजनीतिदेखि भोग्दै आइयो, टिकट त जसले पनि पाउन सक्छ” (पृ. १०४) ।

उल्लिखित उदाहरणहरूमा इन्द्रअङ्कल, महेश, प्रतापदाइबिच भएका संवादहरूलाई प्रस्तुत गरिएको छ । अध्यक्ष पद कसले पाउने भन्ने बारेमा प्रस्तुत गरिएको छ । यी सबै पात्रहरू राजनैतिक चेत भएका पात्रहरू हुन् । यिनीहरूको भाषामा उच्चता रहेको प्रस्ट रूपमा देख्न सकिन्छ । यस्ता पात्रहरूको बोलीमा कतैकतै तुच्छ शब्द, अरूलाई होच्याउनेको प्रयोगका साथै झैझगडा गर्नेजस्ता विकृत घटनाहरू भएको पाइन्छ । यसमा पञ्चायतकालदेखि वर्तमानसम्मको चित्रण पाइन्छ । उपन्यासकारले यस उपन्यासमा राजनैतिक खराबीहरूलाई कलात्मक ढङ्गले उतार्ने प्रयास गरेका छन् ।

राजव्यूह उपन्यासमा कतै धेरै छोटा र कतै धेरै लामा वाक्यको प्रयोग गरिएको छ भने स्थानीय बोलीचालीको भाषाको पनि प्रयोग भएको पाइन्छ । लेख्य चिन्ह प्रयोगका क्रममा पूर्णविराम, अल्पविराम, अर्धविराम, विश्मयादिबोधक चिन्ह, प्रश्नवाचक चिन्ह, एकल उद्धरण, दोहोरो उद्धरण तथा कोष्ठकहरूलाई उपयुक्त ठाउँमा प्रशस्त मात्रामा प्रयोग गरिएको छ । सरल शब्द र भाषाको प्रयोगले ‘राजव्यूह’ उपन्यासलाई अझै उचाइमा पुऱ्याएको छ ।

## सारांश

यस शोधकार्यको पाँचौं अध्यायमा *राजव्यूह* उपन्यासको भाषागत ब्याख्या तथा विश्लेषण शीर्षक राखी अध्ययन गरिएको छ । यस अध्यायमा भाषाशैलीका दृष्टिले *राजव्यूह* उपन्यासको विश्लेषण गरिएको छ । भाषाशैलीअन्तर्गत यस उपन्यासमा विषयवस्तु सुहाउँदो पात्र र तत्कालीन समय स्थानअनुसारको पद, पदावली, निपात, उखानटुक्का, संस्कृतका भनाइका साथै स्थानीय बोलीचालीको भाषा प्रयोग गरिएको छ । उपन्यासमा प्रयुक्त पात्रहरूले कथानक अगाडि बढाएका हुनाले कार्यको आधारमा वर्गगत, लिङ्गगत, उमेरगत, शैक्षिक र राजनीतिक आधारमा व्याख्या गरिएको छ । उपन्यासको समाजलाई हेर्दा वर्गगत आधारमा स्पष्ट विभेदित रहेको पाइन्छ । प्रस्तुत उपन्यासमा उच्च, मध्यम र निम्न वर्गीय पात्रहरू रहेका छन् । उपन्यासमा उच्च वर्ग र निम्न वर्गका पात्रहरूभन्दा मध्यम वर्गका

पात्रहरूको बाहुल्यता रहेको छ । उपन्यासमा प्रयुक्त पात्रहरको वर्गीकरणको अर्को प्रमुख आधार लैङ्गिक आधार हो । प्रस्तुत उपन्यासमा नारी र पुरुष दुवै वर्गको सहभागिता रहेको पाइन्छ । उपन्यासका उल्लिखित अधिक मात्रामा पुरुष पात्रको उपस्थिति रहेको छ । पात्रहरूको उमेरगत आधारमा बाल, युवा, प्रौढ र बृद्ध गरी चार वर्गमा वर्गीकरण गरिएको छ । उपन्यासमा युवा वर्गका पात्रहरूको आधिक्य रहेको छ भने वृद्ध पात्रको सङ्ख्या न्यून रहेको छ र अन्त्यमा राजनैतिक आधारमा राजनीतिक रूपमा चतना भएका अर्थात् सचेत पात्रको बारेमा व्याख्या गरिएको छ । उपन्यासमा थोरै मात्र मञ्चीय पात्रहरू राजनीतिक रूपमा सचेत रहेका छन् । यसरी उपन्यासमा प्रयुक्त पात्रहरूले प्रयोगका भाषालाई वर्गगत, उमेरगत, लैङ्गिक, शैक्षिक र राजनीतिक चेतनाका दृष्टिले वर्गीकरण गरी व्याख्या र विश्लेष्ण गरिएको छ भने अन्त्यमा यस अध्यायको सङ्क्षेपमा सारांश प्रस्तुत गरी अध्यायलाई समाप्त गरिएको छ ।

## अध्याय छ

## सारांश, निष्कर्ष र उपादेयता

### सारांश

प्रस्तुत शोधकार्यको शीर्षक '*राजव्यूह* उपन्यासको समाजभाषिक अध्ययन' रहेको छ । *राजव्यूह* (२०८०) उपन्यास कैलाश कोइराला (२०२६) द्वारा लेखिएको हो । नेपाली साहित्यको क्षेत्रमा एक नवोदित व्यक्तित्व हुन् कैलाश कोइराला । कोइराला साहित्यका माध्यमबाट समाज र राष्ट्रमा व्याप्त विकृति, विसङ्गति र विभेदलाई उजागर गरी सुसंस्कृत, सभ्य र विभेदरहित समाजको परिकल्पना गर्दै अगाडि बढिरहेका एक अथक योद्धा हुन् । कोइरालाले २०८० सालमा *राजव्यूह* (उपन्यास) र *म* (कवितासङ्ग्रह) प्रकाशित गरी नेपाली साहित्याकाशमा उदाएका छन् । कोइरालाले कविताविधाबाट आफ्नो साहित्यिकयात्रा प्रारम्भ गरेका हुन् । उनले आफूलाई निखार्दै फुटकर रूपमा कथा र निबन्ध विभिन्न पत्रपत्रिकामा प्रकाशित गराउँदै आएका छन् ।

*राजव्यूह* उपन्यासमा म पात्रका माध्यमबाट समाजमा व्याप्त विकृति, विसङ्गति, प्रेमप्रणय र राजनीतिक खिचातानीलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् । राजनीतिक कर्मीले गर्ने विविध प्रकारका अशिष्ट, अशोभनीय र निन्दनीय कार्यलाई सरल भाषाशैलीको माध्यमबाट मार्मिक रूपमा प्रस्तुत गरिएको छ । सरल भाषाशैली भए तापनि दार्शनिक चेतले भरिएका वाक्य तथा शब्दहरूका साथै प्रस्तुतिमा प्रस्टता पनि उपन्यासकारको साहित्यिक चेत हो ।

शोधकार्यको मुख्य उद्देश्य *राजव्यूह* उपन्यासको समाजभाषिक अध्ययन गर्नु हो । समाजको भाषापरक अध्ययन नै समाजभाषिक अध्ययन हो । समाज र भाषाविज्ञान, भाषा र समाजबीचका विभिन्न सम्बन्धको अध्ययन भएकाले यसको अध्ययन क्षेत्र व्यापक हुन्छ । समाजबिना भाषाको कुनै पनि किसिमको अध्ययन पूर्ण नहुने भएकाले भाषाको महत्त्व सामाजिक धरातलसम्म रहन्छ । भाषा मानव समुदायको अत्यन्त आवश्यक एवम् महत्त्वपूर्ण वस्तु भएकाले यसकै माध्यमबाट मानिसले आफ्ना सम्पूर्ण कार्यव्यवहारहरू गरेका हुन्छन् । भाषाको सामाजिक संस्कृति, मूल्य र मान्यताको खोजी गर्ने तथा अन्तर्सम्बन्धको विश्लेषण, भाषिक स्तर, सामाजिक भाषाप्रतिको धारणा र समाजको स्तरअनुकूल भाषाको प्रयोग

समाजभाषिक अध्ययन गरिन्छ । यसैले प्रस्तुत शोधकार्यमा *राजव्यूह* उपन्यासको समाजभाषिक अध्ययन र विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधकार्यको अध्याय एकमा शोधपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, अध्ययनको औचित्य र सीमाङ्कन, पारिभाषिक शब्दवली र सारांश प्रस्तुत गरिएको छ । अध्याय दुईमा सम्बन्धित कार्यको पुनरावलोकनअन्तर्गत सैद्धान्तिक र प्रायागिक पुनरावलोकनको समीक्षा गरिएको छ । समीक्षा गर्नेक्रममा सैद्धान्तिक पुनरावलोकनका लागि शोधशीर्षकसँग सम्बन्धित पाँचवटा पुस्तक र प्रायोगिक पुनरावलोकनका लागि दशवटा शोधकार्यको समीक्षा गरिएको छ । सैद्धान्तिक अवधारणाअन्तर्गत सैद्धान्तिक पृष्ठभूमि, समाज भाषाविज्ञानको परिचय, समाज भाषाविज्ञानको क्षेत्र र भाषिक भेदलाई समावेश गरी व्याख्या र विश्लेषण गरिएको छ । यस्तै भाषाको सामाजिक भेदअन्तर्गत वर्गीय भेद, लैङ्गिक भेद, उमेरगत भेद, शैक्षिक भेद र राजनीतिक भेदको चर्चा गरिएको छ । एउटै समाजभित्र आआफ्ना परम्परा र मान्यतामा आधारित रहेर बस्दा तिनको बोलीमा पृथकीकरण रहन्छ । सामाजिक भेदअन्तर्गत वर्गीय, लैङ्गिक, उमेरगत, शैक्षिक र राजनैतिक भेद प्रमुख रहेका छन् । यिनकै चर्चा यस अध्यायमा गरिएको छ । अध्याय तीनमा अनुसन्धानका सिलसिलामा प्रयोग गरिएका शोधविधि तथा अध्ययन प्रक्रियालाई प्रस्तुत गरिएको छ जसमा अनुसन्धानको ढाँचा, नमुना छनोट प्रक्रिया, सामग्री सङ्कलनको स्रोत रहेका छन् । अध्याय चारमा *राजव्यूह* उपन्यासमा रहेका पात्रहरूलाई त वर्गीय, लैङ्गिक, उमेरगत, शैक्षिक र राजनीतिक आधारमा परिचयात्मक व्याख्या तथा विश्लेषण गरिएको छ र यी आधारले भाषालाई प्रत्यक्ष र अप्रत्यक्ष रूपमा प्रभाव पार्ने कुराको चर्चा पनि गरिएको छ । अध्याय पाँचमा यस उपन्यासका पात्रहरूले प्रयोग गर्ने वर्गीय, लैङ्गिक, उमेरगत, शैक्षिक र राजनीतिक आधारमा भाषिक विश्लेषणको चर्चा उदाहरणसहित प्रस्तुत गरिएको छ । लैङ्गिक आधारमा यस उपन्यासका पुरुष पात्र र महिला पात्रले प्रयोग गरेको भाषामा पनि भिन्नता पाउन सकिन्छ । यस्तै वर्गगत आधारमा उच्च, मध्यम र निम्न वर्गका पात्रहरूको भाषिक प्रयोगमा भिन्नता रहेको देखिन्छ । उमेरगत हिसाबमा बाल, युवा, प्रौढ र वृद्ध पात्रहरूले प्रयोग गर्ने भाषामा पनि विविधता रहेको स्पष्ट देखिएको छ भने राजनैतिक चेत भएका पात्रहरूको भाषा प्रयोगमा पनि विविधता रहेको देखिने निष्कर्ष प्रस्तुत गर्दै अध्यायको अन्त्यमा सारांश प्रस्तुत गरिएको छ । अध्याय छ शोधकार्यको अन्तिम अध्याय हो । यस

अध्यायमा अघिल्ला पाँच अध्यायको सारांश, निष्कर्ष र उपादेयतालाई उल्लेख गरिएको छ र अन्त्यमा अध्यायको सङ्क्षिप्त सारांश प्रस्तुत गरिएको छ र शोधकार्यलाई अध्यायगत रूपमा समापन गरिएको छ ।

## निष्कर्ष

उपन्यासकार कोइरालाद्वारा लिखित *राजव्यूह* (२०७९) उपन्यासलाई शोधको रूपमा लिइएको छ । यस उपन्यासको कथानक चितवनबाट सुरु भएर पाल्पा हुँदै काठमाडौँमा रहेको त्रिभुवन विश्वविद्यालयसम्मको सहर र ग्रामीण दुवै क्षेत्रको परिवेशको बोलीचाली र रहनसहन रहेको पाइन्छ । यस उपन्यासमा विकृत नेपाली राजनीतिको चक्रव्यूहको प्रकटीकरण गरिएको छ । नेपाली राजनीतिभित्र हुने गरेका केही घटनाक्रमहरू वर्णनात्मक रूपमा आएका छन् । यस उपन्यासमा राजनीतिको चक्रव्यूहलाई प्रस्तुत गरिएको छ । पञ्चायतको विरोध गरेकाले घरपरिवारसहित अर्काको घरमा लुक्दै हिँडेको, कम्युनिष्टहरूले आफ्नो घरमा भएका सरसामानमा आगो लगाइदिएका कारण घर छोडेर हिँड्नुपरेको कुरालाई उपन्यासकारले कथावस्तु बनाएका छन् । पञ्च, कम्युनिष्ठ र काङ्ग्रेसको त्रिपक्षीय भिडन्त पर्नु, सङ्गठनको अध्यक्ष बने पनि स्व.वि.यु. निर्वाचनम सभापतिका लागि टिकट नपाउनु, राजनीतिको आडमा आफूलाई चोखो देखाउन चाहने र समाजमा आर्थिक रूपमा अघि बढेका नवधनाढ्यहरूको घमण्डलाई पनि उपन्यासमा देखाइएको छ । उपन्यासमा घटना, पात्र/चरित्र, द्वन्द्व आदिलाई सामाजिक ढङ्गले प्रस्तुत गर्नु, पुरुष पात्रमा छलकपट, राजनीतिप्रति झुकाव हुनु, शिक्षित व्यक्ति भए तापनि नारीलाई आफ्नो स्वार्थअनुकूल प्रयोग गर्नुजस्ता नकारात्मक कुराहरूको प्रकटीकरण गर्नु उपन्यासकारको लक्ष्य रहेको छ ।

उपन्यासमा प्रयुक्त पात्रहरू उच्च, मध्यम र निम्न वर्गका रहेका छन् । पुरुष पात्रहरूको झुकाव बढी रहेको पाइन्छ । पुरुष र स्त्री पात्रहरूले प्रयोग गर्ने भाषामा स्पष्ट रूपमा विभेद रहेको देखिनु । पुरुषले नारीलाई आफ्नो शारीरिक सन्तुष्टिका लागि पैसासँग तुलना गर्नु । विद्यार्थीकालदेखि नै राजनीति सुरु गरे पनि वृद्ध उमेरसम्म पनि अन्त्य नहुने कुरासमेत बताएका छन् । उपन्यासमा एकातिर राजनीतिक र पारिवारिक अवस्थाको विश्लेषण गरिएको छ भने अर्कातिर यौन पक्षको चर्चा गरिएको छ । यस उपन्यासमा लैङ्गिक आधारमा महिला र पुरुष पात्रहरूको सङ्ख्या लगभग बराबर भए तापनि उनीहरूले

प्रयोग गर्ने भाषामा भिन्नता रहेको पाइन्छ । यी पात्रहरूमध्ये शैक्षिक आधारमा कोही शिक्षित रहेका छन् भने कोही अशिक्षित रहेका छन् । उपन्यासमा उमेरका आधारमा बाल, युवा, प्रौढ र वृद्ध चारै उमेरसमूहका पात्रहरू रहेका छन् । यी उपन्यासमा प्रयुक्त पात्रहरूमध्ये आंशिक पात्रहरूले राजनीतिलाई राम्रोसँग बुझेका छन् भने कोही राजनीतिप्रति कुनै चासो नराख्ने पनि रहेका छन् । यी सबै प्रकारका पात्रहरूको भाषिक प्रयोगमा स्पष्ट रूपमा भिन्नता रहेको देखिन्छ । यसरी विभिन्न वर्ग, उमेर, लिङ्ग, शिक्षा र राजनीतिक आधारमा पात्रहरूले प्रयोग गर्ने भाषामा विविधता देखिनाले समाजमा रहने प्रत्येक वर्ग, समूह र अवस्थाले प्रयोग गर्ने भाषामा विभेद रहन्छ भन्ने कुरा अध्ययनबाट स्पष्ट भएको छ ।

*राजव्यूह* उपन्यास सामाजिक उपन्यास हो । यस उपन्यासको भाषा सामान्य पाठकले पनि सजिलै बुझ्न सक्ने सरल, सहज रहे तापनि कतैकतै उच्च वर्गका मानिसले बुझ्ने भाषाको पनि प्रयोग गरिएको छ । उपन्यासमा रहेका विभिन्न वर्गका पात्रहरूले प्रयोग गर्ने भाषामा विविधता रहेको पाइन्छ । उपन्यासमा बिम्ब, प्रतीक, अलङ्कारले भाषिक मिठास र विषयगत नवीनता थपेको छ । यसका साथै उपन्यासकारले व्याकरणिक हिसाबले चिन्ह प्रयोग गरेका छन् । यस उपन्यासका पात्रहरूले प्रयोग गर्ने भाषा कुनै लामालामा तथा कतै छोटाछोटा वाक्यहरूको प्रयोग भएको पाइन्छ । समग्रमा भन्नुपर्दा यस उपन्यासमा परिवेशअनुसारको स्थानीय भाषा, कतैकतै अङ्ग्रेजी आगन्तुक शब्द तथा वाक्यको बढी मात्रामा प्रयोग भएको पाइन्छ । यसरी उपन्यासकारले नेपाली समाजको राजनीति, प्रेमप्रणय, पारिवारिक घटनावलीलाई प्रस्तुत गरी उपन्यास सिर्जना गरेकाले यो उपन्यास यथार्थवादी सामाजिक उपन्यास हो भन्न सकिन्छ ।

## उपादेयता

प्रस्तुत शोधपत्रको शीर्षक '*राजव्यूह* कथासङ्ग्रहको समाजभाषिक अध्ययन' रहेको छ । यस शोधपत्रमा शोध्य उपन्यासमा प्रयुक्त पात्रहरूको वर्गगत, लिङ्गगत, उमेरगत, शैक्षिक र राजनीतिक अवस्थाका आधारमा उनीहरूले प्रयोग गर्ने भाषालाई समाजभाषिक सिद्धान्तका आधारमा उदाहरण दिँदै व्याख्या र  विश्लेषण गरिएको छ । कुनै पनि कृतिको समाजभाषिक अध्ययन गर्दा समाजमा हुने गरेका अन्याय, शोषण, वर्गीय तथा लैङ्गिक विभेद, राजनैतिक अवस्था, नारीमाथि हुने दमन, शोषण, यौनउत्पीडन, सांस्कृतिक विकृति

तथा विसङ्गतिजस्ता कुराहरू थाहा पाउन उपयोगी हुन्छ । यस शोधकार्य विभिन्न क्षेत्रमा उपयोगी हुने भएकाले यसलाई नीतिगत तथा प्रयोगगत तह गरी निम्नानुसार प्रस्तुत गरिएको छ :

**नीतिगत तह**

कैलाश कोइरालाद्वारा लिखित *राजव्यूह* उपन्यासको समाजभाषिक अध्ययनको विश्लेषण गरी तयार पारिएको यस शोध अध्ययनको छुट्टै उपयोगिता रहेको छ । यस शोधकार्यमा उपन्यासमा प्रयुक्त पात्रहरूको लिङ्गगत, वर्गगत, उमेरगत, शैक्षिक र राजनैतिक भाषिक अध्ययन विश्लेषण गरिएको हुनाले भाषा शिक्षणका विद्यार्थीहरू तथा शिक्षकहरूका लागि अति उपयोग हुनेछ साथै आगामी दिनहरूमा अन्य कुनै कृतिको समाजभाषिक अध्ययन गर्ने कृतिकार, पाठक र समालोचक पनि लाभान्वित हुनेछन् । यसैगरी शैलीविज्ञान शीर्षकमा शोध गर्न चाहने शोधार्थीका लागि शोधसमीक्षा गर्न, समाज भाषाविज्ञानको परिचय, क्षेत्र र सिद्धान्तका बारे जानकारी दिन सहयोग पुग्नेछ । प्रस्तुत अध्ययनले पाठ्यक्रम र पाठ्यसामग्रीको निर्माण गर्न तथा भाषा सर्वेक्षण र भाषिक मूल्याङ्कन गर्न सहयोग पुग्दछ ।

**प्रयोगगत तह**

*राजव्यूह* उपन्यासको समाजभाषिक अध्ययनको प्रयोगगत उपयोगितालाई हेर्दा यसले अब आउने दिनहरूमा विभिन्न कृतिहरूको समाजभाषिक अध्ययन गर्न सहयोग पुऱ्याउनेछ । कुनै पनि कृतिभित्र रहेका पात्रहरूले प्रयोग गर्ने भाषिक क्षेत्रमा वर्ग, लिङ्ग, शिक्षा, उमेर र राजनीतिका आधारमा छुट्याउन सहयोगी हुनेछ । यसै गरी यस अध्ययनले शोध शीर्षकसँग सम्बन्धित रही शोध तथा अनुसन्धान गर्न चाहने विद्यार्थीहरूका लागि उदाहरणको रूपमा प्रस्तुत गर्न सक्नेछ । साहित्यकार, शोधकता, भाषाविद्हरूलाई नेपाली साहित्यका समाजभाषिक अध्ययन गर्न र कृतिभित्र रहेका सकारात्मक तथा नकारात्मक कुराहरूको अध्ययन गरी समाज सुधार गर्न मद्दत पुग्दछ ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, कविता (२०७८), *कर्नाली ब्लुज उपन्यासको समाजभाषिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, चितवन : त्रि.वि., सप्तगण्डकी बहुमुखी क्याम्पस ।

अधिकारी, हेमाङ्गराज (२०५६), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

कोइराला, कैलाश (२०८०), *राजव्यूह,* चितवन : सम्पूर्ण किताब ।

ढकाल, शान्तिप्रसाद (२०७४), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : पिनाकल पब्लिकेसन प्रा.लि. ।

धामी, कोमल (२०७५), *निर्वाण उपन्यासको समाजभाषिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., शिक्षाशास्त्र सङ्काय, कीर्तिपुर ।

न्यौपाने, पार्वती (२०७४), *दुर्भिक्ष उपन्यासको समाजभाषिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., शिक्षाशास्त्र सङ्काय, कीर्तिपुर ।

पाल, कविता (२०७५), *मयूर टाइम्स उपन्यासको समाजभाषिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., शिक्षाशास्त्र सङ्काय, कीर्तिपुर ।

पौडेल, प्रतिमा (२०७८), *महारानी उपन्यासको समाजभाषिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, चितवन : त्रि.वि., सप्तगण्डकी बहुमुखी क्याम्पस ।

पौडेल, माधवप्रसाद (२०७५), *सामाजिक भाषाविज्ञान र मनोभाषाविज्ञान,* काठमाडौँ : इन्टेलेक्चुअल्ज् बुक प्यालेस ।

भण्डारी, पारसमणि (२०६५), *सामाजिक भाषाविज्ञान र मनोभाषाविज्ञान,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अन्य (२०६३), *प्रायोगिक भाषाविज्ञान* (परिमार्जित दो.संस्क), काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

भण्डारी, पारसमणि र पौडेल, माधवप्रसाद (२०६८), *सामाजिक भाषाविज्ञान र मनोभाषाविज्ञान,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

रिजाल, सकुन (२०७५), *इन्साफ उपन्यासको समाजभाषिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., शिक्षाशास्त्र सङ्काय, कीर्तिपुर ।

शर्मा, पार्वती (२०७५), *तादी किनारको गीत उपन्यासको समाजभाषिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., शिक्षाशास्त्र सङ्काय, सप्तगण्डकी बहुमुखी क्याम्पस, चितवन ।

शर्मा, सपना (२०७८), *सइन उपन्यासको समाजभाषिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, चितवन : त्रि.वि., सप्तगण्डकी बहुमुखी क्याम्पस ।



# व्यक्तिवृत्त

नाम : मिनाक्षी गदाल

जन्ममिति : २०४५ साल माघ २१ गते

जन्मस्थान : भरतपुर महानगरपालिका वडा नं. २८, चितवन

बाबुको नाम : राज बहादुर गदाल

आमाको नाम : देव कुमारी गदाल

पतिको नाम : महेन्द्र पोखेल

राष्ट्रियता : नेपाली

लिङ्ग : महिला

धर्म : हिन्दु

वैवाहिक स्थिति : विवाहित

भाषाज्ञान : नेपाली, अङ्ग्रेजी

रुचि : अध्ययन, भ्रमण र सङ्गीत

कार्य : अध्ययन, अध्यापन

स्थायी ठेगाना : भरतपुर महानगरपालिका-२८, चितवन

सम्पर्क : ९८६५०३६५७७

शैक्षिक योग्यता

| क्र.सं. | तह | अध्ययन गरेको संस्था | उत्तीर्ण वर्ष | श्रेणी |
|---|---|---|---|---|
| १ | स्नातकोत्तर | सप्तगण्डकी बहुमुखी क्याम्पस, भरतपुर | अध्ययनरत | |
| २ | स्नातक | मैयादेवी कन्या कलेज, भरतपुर | २०७३ | द्वितीय |
| ३ | दश जोड दुई | जानकी उच्च मा.वि., मेघौली | २०६७ | द्वितीय |
| ४ | प्रवेशिका | सरस्वती उ.मा.वि., जितपुर, चितवन | २०६४ | द्वितीय |